# मध्यमकालीन खर्च संरचना

## (आ.व. २०८१/२०८२ -२०८३/८४)

## Medium Term Expenditure Framework

## (Fiscal Year 2081/82-2083/84 )




अजयमेरु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

भद्रपुर, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

२०८१

भूमिका ............ १
परिच्छेद:एक ............ २
परिचय ............ २
१.१ पृष्ठभूमि ............ २
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ............ २
१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ............ ३
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ............ ३
१.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य ............ ३
१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ............ ६
परिच्छेद २: मध्यमकालीन खर्च संरचना ............ ८
२.१ पृष्ठभूमि ............ ८
२.२ चुनौती तथा अवसर ............ ९
२.३ सोच, उद्देश्य तथा रणनीति ............ १०
२.३.१ दीर्घकालीन सोच ............ १०
२.३.२ गाउँपालिकाको लक्ष्य ............ १०
२.३.३ गाउँपालिकाको उद्देश्य ............ १०
२.३.४ गाउँपालिकाको रणनीति ............ १०
२.४ मध्यमकालीन आर्थिक खाका ............ ११
............ १३
**२.५ मध्यकालीन नतिजा खाका** ............ १३
२.६ मध्यमकालीन बजेट खाका ............ १४
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ............ १७
२.८ विषय क्षेत्रगत बाँडफाँट ............ २१
परिच्छेद ३: आर्थिक क्षेत्र ............ २३
३.१.१ पृष्ठभूमि ............ २३
३.१.२ समस्या तथा चूनौति ............ २३
३.१.३ सोच ............ २३
३.१.४ उद्देश्य ............ २३
३.१.५ रणनीति ............ २३
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ २४
३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............ २५
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ............ २६
३.१.९ जोखिम तथा अनुमान ............ २९
३.२ सिंचाई ............ २९
३.२.१ पृष्ठभूमि ............ २९

३.२.२ समस्या तथा चुनौती........................................................................................ २९
३.२.३ सोच ........................................................................................ २९
३.२.४ उद्देश्य ........................................................................................ २९
३.२.५ रणनीति........................................................................................ २९
३.२.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य........................................................................................ ३०
३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान........................................................................................ ३०
३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................................................................ ३०
३.२.९ जोखिम तथा अनुमान........................................................................................३१
३.३ पशु विकास........................................................................................३१
३.३.१ पृष्टभूमि ........................................................................................३१
३.३.२ समस्या तथा चुनौति........................................................................................३१
३.३.३ सोच ........................................................................................३१
३.३.४ उद्देश्य ........................................................................................३२
३.३.५ रणनीति........................................................................................३२
३.३.६ नतिजा सूचक तथा मध्यकालिन लक्ष्य........................................................................................३२
३.३.७ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान........................................................................................३२
३.३.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण........................................................................................३३
३.३.९ जोखिम तथा अनुमान........................................................................................३३
३.४ उद्योग व्यापार तथा व्यवसाय ........................................................................................ ३४
३.४.१ पृष्ठभूमि........................................................................................ ३४
३.४.२ समस्या तथा चुनौति........................................................................................ ३४
३.४.३ सोच ........................................................................................ ३४
३.४.४ उद्देश्य........................................................................................ ३४
३.४.५ रणनीति........................................................................................ ३४
३.४.६ नतिजा सूचक तथा मध्यकालिन लक्ष्य........................................................................................ ३४
३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान........................................................................................ ३५
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........................................................................................ ३५
३.४.९ जोखिम तथा अनुगमन........................................................................................ ३५
३.५ पर्यटन तथा संस्कृति........................................................................................३६
३.५.१ पृष्ठभूमि ........................................................................................३६
३.५.२ समस्या र चुनौति........................................................................................३६
३.५.३ सोच ........................................................................................३६
३.५.४ उद्देश्य ........................................................................................३६
३.५.५ रणनीति........................................................................................३६
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................................३६
३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान........................................................................................ ३७

३.५.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ........ ३७
३.५.९ जोखिम तथा अनुगमन ........ ३८
३.६ भूमि व्यवस्था, सहकारी र वित्तिय सेवा ........ ३८
३.६.१ पृष्ठभूमि ........ ३८
३.६.२ समस्या र चुनौति ........ ३८
३.६.३ सोच ........ ३९
३.६.४ उद्देश्य ........ ३९
३.६.५ रणनीति ........ ३९
३.६.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य ........ ३९
३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान ........ ३९
३.६.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ........ ४०
३.६.९ जोखिम तथा अनुगमन ........ ४०
३.७ श्रम तथा रोजगारी ........ ४०
३.७.१ पृष्ठभूमि ........ ४०
३.७.२ समस्या तथा चुनौति ........ ४१
३.७.३ सोच ........ ४१
३.७.४ उद्देश्य ........ ४१
३.७.५ रणनीति ........ ४१
३.७.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य ........ ४१
३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४१
३.७.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ........ ४२
३.७.९ जोखिम तथा अनुमान ........ ४२
३.८ गरिबी निवारण ........ ४२
३.८.१ पृष्ठभूमि ........ ४२
३.८.२ समस्या तथा चुनौति ........ ४३
३.८.३ सोच ........ ४३
३.८.४ उद्देश्य ........ ४३
३.८.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य ........ ४३
३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान ........ ४३
३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४४
परिच्छेद ४ सामजिक क्षेत्र ........ ४५
४.१ शिक्षा,विज्ञान तथा प्रविधि ........ ४५
४.१.१ पृष्ठभूमि ........ ४५
४.१.२ समस्या तथा चुनौति ........ ४६
४.१.३ सोच ........ ४६
४.१.४ उद्देश्य ........ ४६

४.१.५  रणनीति ........................................................................ ४६
४.१.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य ........................................ ४६
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान ........................ ४७
४.१.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ........................................ ४८
४.१.९ अनुगमन तथा जोखिम ............................................................ ४८
४.२ स्वास्थ्य तथा पोषण ................................................................ ४९
४.२.१ पृष्ठभूमि ............................................................................ ४९
४.२.२ समस्या र चुनौति .................................................................. ४९
४.२.३ सोच ................................................................................ ४९
४.२.४ उद्देश्य ............................................................................. ४९
४.२.५ रणनीति ............................................................................ ४९
४.२.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य ........................................ ४९
४.२.७ उपलब्ध क्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान ........................ ५०
४.२.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ........................................ ५१
४.२.९ जोखिम तथा अनुमान ............................................................ ५१
४.३ खानेपानी तथा सरसफाई ............................................................ ५१
४.३.१ पृष्ठभूमि ............................................................................ ५१
४.३.२ समस्या तथा चुनौति .............................................................. ५२
४.३.३सोच ................................................................................. ५२
४.३.४ उद्देश्य ............................................................................. ५२
४.३.५ रणनीति ............................................................................ ५२
४.३.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य ........................................ ५२
४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुदान ........................ ५३
४.३.८ कार्यक्रम / आयोजनाको संक्षिप्त विवरण ...................................... ५३
४.३.९ जोखिम तथा अनुमान ............................................................ ५४
४.४ महिला,बालबालिका सामाजिक संरक्षण र समावेशिकरण ........................ ५४
४.४.१ पृष्ठभूमि ............................................................................ ५४
४.४.२ समस्या तथा चूनौति .............................................................. ५४
४.४.३ सोच ................................................................................ ५४
४.४.४ उद्देश्य ............................................................................. ५४
४.४.५ रणनीति ............................................................................ ५४
४.४.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य ........................................ ५४
४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान ........................ ५५
४.४.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ........................................ ५६
४.४.९ जोखिम तथा अनुमानः ............................................................ ५६
४.५ युवा खेलकुद तथा नवप्रवर्तन ...................................................... ५७

४.५.१ पृष्ठभूमि ........ ५७
४.५.२ सोच ........ ५७
४.५.४ उद्देश्य ........ ५७
४.५.५ रणनीति ........ ५७
४.५.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य ........ ५७
**४.५.७** युवा तथा खेलकुद उप-क्षेत्रको खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान ........ ५८
४.५.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ........ ५९
४.५.९ जोखिम तथा अनुमान ........ ५९
परिच्छेद पाँच ........ ५९
५. पूर्वाधार क्षेत्र ........ ५९
५.१ बस्ती विकास, आवास तथा भवन ........ ५९
५.१.१ पृष्ठभूमि ........ ५९
५.१.२ समस्या तथा चूनौति ........ ५९
५.१.३ सोच ........ ५९
५.१.४ उद्देश्य ........ ५९
५.१.५ रणनीति ........ ६०
५.१.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य ........ ६०
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान ........ ६०
५.२.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ........ ६१
५.१.९ जोखिम तथा अनुगमन ........ ६१
५.२ सडक पुल तथा यातायात ........ ६१
५.२.१ पृष्ठभूमि ........ ६१
५.२.२ समस्या तथा चूनौति ........ ६१
५.२.३ सोच ........ ६२
५.२.४ उद्देश्य ........ ६२
५.२.५ रणनीति ........ ६२
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६२
५.२.७ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान ........ ६२
५.२.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण ........ ६३
५.२.९ जोखिम तथा अनुमान ........ ६३
५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा ........ ६३
५.३.१ पृष्ठभूमि ........ ६३
५.३.२ समस्या र चुनौती ........ ६३
५.३.३ सोच ........ ६३
५.३.४ उद्देश्य ........ ६३
५.३.५ रणनीति ........ ६३

५.३.६ नतिजा तथा मध्यमकालिन लक्ष्य ........................................................................ ६४

५.३.७ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान ........................................................ ६४

५.३.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण................................................................ ६४

६.३.९ जोखिम तथा अनुमान.................................................................................. ६५

५.४ सूचना, सञ्चार तथा प्रविधि............................................................................... ६५

५.४.१ पृष्ठभूमि ............................................................................................ ६५

५.४.२ समस्या तथा चूनौती.................................................................................. ६५

५.४.३ सोच ................................................................................................. ६५

५.४.४ उद्देश्य .............................................................................................. ६५

१. भरपर्दो, विश्वसनीय एवं गुणस्तरीय सूचना तथा संचार सेवाको विकास र विस्तार गर्नु ।..................... ६५

**५.४.५ रणनीति** ............................................................................................ ६५

५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ................................................................... ६५

५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान........................................................ ६६

५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ................................................................... ६६

५.४.८ जोखिम तथा अनुमान.................................................................................. ६७

परिच्छेद छ ............................................................................................... ६७

६.वातावरण तथा विपद व्यवस्थापन ........................................................................ ६७

६.१ वन, हरियाली, भूसंरक्षण र जैविक विविधता ............................................................... ६७

६.१.१ पृष्ठभूमि ............................................................................................ ६७

६.१.२ समस्या तथा चूनौति.................................................................................. ६७

६.२.३ सोच ................................................................................................. ६८

६.१.४ उद्देश्य .............................................................................................. ६८

६.१.५ रणनीति.............................................................................................. ६८

६.१.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य.................................................................... ६८

६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान........................................................ ६८

६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ................................................................... ६९

६. २.९ जोखिम तथा अनुमान ................................................................................ ७०

६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन.................................................................... ७०

६.२.१ पृष्ठभूमि ............................................................................................ ७०

६.३.२ समस्या तथा चुनौति.................................................................................. ७०

६.३.३ सोच ................................................................................................. ७०

६.३.४ उद्देश्य .............................................................................................. ७०

६.३.५ रणनीति.............................................................................................. ७०

६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ................................................................... ७०

६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान........................................................ ७१

६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ................................................................... ७१

६.३.९ जोखिम तथा अनुमान........................................................................................ ७२
६.३ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता........................................ ७२
६.३.१ पृष्ठभूमि ......................................................................................................... ७२
६.३.२ समस्या तथा चूनौति.............................................................................................. ७२
६.३.३ सोच ............................................................................................................. ७२
६.३.४ उद्देश्य ............................................................................................................ ७३
६.३.५ रणनीति........................................................................................................... ७३
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................ ७३
६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान.......................................................... ७३
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण .......................................................................... ७४
६.३.९ जोखिम तथा अनुगमन......................................................................................... ७४
परिच्छेद सात........................................................................................................... ७४
७.संस्थागत विकास क्षेत्र.................................................................................................. ७४
७.१ नीति, कानून, न्याय तथा सुशासन .............................................................................. ७४
७.१.१ पृष्ठभूमि ......................................................................................................... ७४
७.१.२ समस्या तथा चूनौति.............................................................................................. ७५
७.१.३ सोच ............................................................................................................. ७५
७.१.४ उद्देश्य ............................................................................................................ ७५
७.१.५ रणनीति........................................................................................................... ७५
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................ ७५
७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान.......................................................... ७६
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण .......................................................................... ७६
७.१.९ जोखिम तथा अनुमान........................................................................................ ७६
७.२ संगठन, मानव संशाधन र क्षमता विकास....................................................................... ७६
७.२.१ पृष्ठभूमि ......................................................................................................... ७६
७.२.२ समस्या तथा चूनौति.............................................................................................. ७७
७.२.३ सोच ............................................................................................................. ७७
७.२.४ उद्देश्य ............................................................................................................ ७७
७.२.५ रणनीति........................................................................................................... ७७
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................ ७७
७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.......................................................... ७७
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण .......................................................................... ७८
७.२.९ जोखिम तथा अनुमान........................................................................................ ७८
७.३ राजस्व तथा श्रोत परिचालन..................................................................................... ७८
७.३.१ पृष्ठभूमि ......................................................................................................... ७८
७.३.२ समस्या तथा चूनौति.............................................................................................. ७९

७.३.३ सोच ........................................ ७९
७.३.४ उद्देश्य ........................................ ७९
७.३.५ रणनीति ........................................ ७९
७. ३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................ ७९
७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................ ७९
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ ८०
७.३.९ जोखिम तथा अनुमान ........................................ ८०
७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ........................................ ८०
७. ४.१ पृष्ठभूमि ........................................ ८०
७.४.२ समस्या तथा चूनौति ........................................ ८१
७.४.३ सोच ........................................ ८१
७.४.४ उद्देश्य ........................................ ८१
७.४.५ रणनीति ........................................ ८१
७.४.६ नतिजा सूचक तथा मध्यकालिन लक्ष्य ........................................ ८१
७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान ........................................ ८२
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........................................ ८२
७.४.९ जोखिम तथा अनुमान ........................................ ८३
**अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल** ........................................ ८४
अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन ...... ८४
पृष्ठभुमि ........................................ ८४
कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा ........................................ ८५
योजना तथा बजेट तर्जुमाका आधारहरु ........................................ ८६

# भूमिका

आवधिक योजनाले परिलक्षित गरेका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक खर्चको प्रभावकारी व्यवस्थापन महत्वपूर्ण भूमिका रहन्छ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोत परिचालन गर्न मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजारको रुपमा रहेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश तथा स्थानीय तहले सार्वजनिक आय व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ। साथै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा आवधिक योजनाको आधारमा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यकमको खाका र नतिजा खाका सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोछ। आवधिक योजना र वार्षिक बजेटबीच तदाम्यता ल्याउने महत्वपूर्ण औजारको रुपमा मध्यमकालीन खर्च संरचनामा रहेको छ। सो अनुरुप यस आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट अनुमान तथा त्यसपछिका दुई आर्थिक वर्ष २०८२/०८३ र २०८३/०८४ को प्रक्षेपण गरी तीन आर्थिक वर्षको अनुमानित चक्रीय बजेट प्रस्तुत गरिएको छ। चालु आर्थिक वर्षदेखि मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रमका बीच दोहोरोपना हटाई एकीकृत रूपमा यस दस्तावेज तयार गरिएको छ। यस दस्तावेजमा कार्यक्रमहरूको सारांश सम्बन्धित विषयक्षेत्रगत रुपमा समावेश गरिएको छ। यसवाट मध्यमकालीन खर्च संरचना र वार्षिक विकास कार्यक्रमवीच सामञ्जस्यता कायम हुन गई यसको कार्यान्वयनमा प्रभावकारिता आउने विश्वास गरिएको छ।

'समृद्ध नेपाल सुखी नेपाली को राष्ट्रिय सोच एवम् वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्य हासिल गर्न र वि.सं. २०७९ सम्ममा अति कमविकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुनको लागि दीर्घकालीन सोचसहितको सोह्रौ योजनाका लक्ष्य र उद्देश्य हासिल गर्न यो खर्च संरचना सहयोगी हुने अपेक्षा गरिएको छ। साथै "समावेशी र सन्तुलीत विकास समृद्ध अजयमेरुको मूल आधार" भन्ने यस अजयमेरु गाउँपालिकाको सोच अनुरुप गाउँपालिकालाई विकसित र समृद्ध बनाउने लक्ष्य  प्राप्त गर्न मध्यमकालीन खर्च संरचनाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ। मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत नतिजा सूचकका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण गरिएको छ। नतिजा सूचक तयार गर्दा सोह्रौं योजना, विषय क्षेत्रगत गुरूयोजना, रणनीतिक योजना, दिगो विकास लक्ष्यलाई सुदूरपश्चिम प्रदेशको प्रथम पञ्चवर्षिय योजना र सुदूरपश्चिम प्रदेशको चालु मध्यमकालीन खर्च संरचनालाई आधार लिइएको छ। यी नतिजा सूचक बमोजिमका लक्ष्य हासिल गर्न विकास कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयन गर्दै अनुगमन तथा मूल्यांकनलाई थप सुदृढ वैज्ञानिक र नतिजामूलक प्रणालीलाई सुदृढ गर्न जोड दिइएको छ। अन्तमा, यस मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यकम तर्जुमा कार्यमा संलग्न हुनुहुने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, सम्पूर्ण वडाका अध्यक्ष, कार्यपालिका सदस्य, गाउँसभा सदस्य सबै कर्मचारी र सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूलाई कार्यदल धन्यवाद ज्ञापन गर्दछ।

**असार २०८१** **अजयमेरु गाउँपालिका**

# परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ। गाउँपालिकाको प्रथम आवधिक योजनाले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको भूमिका महत्वपूर्ण हुन्छ। मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँड गरि खर्चको प्रभावकारीता बढाउनु हो। मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नका निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तिय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालिन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन गर्ने अनिवार्य कानूनी व्यवस्था गरेको छ। गाउँकार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र अन्य सरोकारवालासँग राय परामर्शका साथै गाउँपालिकाको प्रथम आवधिक योजना, शाखागत सूचना, सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक विकास योजना, नेपाल सरकारको चालु आवधिक योजना र गाँउपालिकको चालु आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रमलाई आधारमानी दस्तावेज तयार गरिएको छ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक औजार हो। जसले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आंकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँड गर्ने गर्दछ। यस संरचनामा मुख्यत समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा खाकाहरू समावेश हुन्छन्। चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धीको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework- MTFF) निर्धारण गरिन्छ। स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, राजश्व तथा रोयल्टी बाँडफाँड, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत आंकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा योजनागत रुपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework-MTBF ) तयार गरिएको छ । दस्तावेज तयार गर्दा बजेटको कार्यान्वयनबाट तिन आर्थिक वर्षमा प्राप्त हुने प्रतिफलको समेत अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework-MTRF ) तयार गरिएको छ।

मध्यमकालिन खर्च संरचना चक्रिय हिसाबले वार्षिक रुपमा तयार गरिने योजना दस्तावेज हो। यसमा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र व्ययको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ। यो प्रक्रिया वार्षिक रुपमा गरिरहन पर्दछ। मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यर्थाथपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो। साथै मध्यमकालीन खर्च संरचनाको तयारीका उद्देश्य देहायअनुसार रहेका छन्।

क) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई नेपाल सरकारले प्रतिबद्धता गरेका दिगो विकासका लक्ष्य सन् २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्नु।

(ख) चालु आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत–साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउन बजेट खाका, नतिजा खाका र वित्तीय खाका तयार गर्नु।

(ग) दिगो विकासलाई टेवा पुर्याउने आयोजनाहरूलाई प्राथमिकीकरणका आधारमा स्रोतको सुनिश्चितता गर्नु।

(घ) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु।

(ङ) सार्वजनिक खर्चलाई प्रभावकारी एवम् कुशल बनाइ लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा नेपाल सरकारको दीर्घकालीन सोच, आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यो मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित पक्षलाई आधार लिइएको छ।

- नेपालको संविधान २०७२
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा सोह्रौं आवधिक योजना
- सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८१/८२)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०८०/८१)
- गाउँपालिकाको प्रथम आवधिक योजना(२०७८/७९-२०८३/८४)
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु
- गाउँपालिकाको पार्श्व चित्र(प्रोफाईल) आदी ।

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५ औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो। सहस्राव्दी विकास लक्ष्य (MDGS) मा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्य(SDGS)मा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन्। यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन्। नेपालको दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपाली सँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन् त्यसैले

सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ। यसका अतिरिक्त दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ ।

दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छ ।अन्तर्राष्ट्रियस्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो । नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ, जसअनुसार आयवृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुयाउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रवलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ ।

सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगोविकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ ।यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ । लगानी बिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र सङ्घस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रुपमा नेपाललाई औसत रु. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ । यस तथ्याङ्कबाट पनि दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका महत्वपूर्ण रहेको देखिन्छ ।

सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कानुनी कार्यजिम्मेवारीभित्र र जनअपेक्षालाई संवोधन गर्ने किसिमका रहेका छन्। दिगो विकास लक्ष्य–१ (शून्य गरिबी), लक्ष्य–२ (भोकमरीको अन्त्य), लक्ष्य–८ (मर्यादित काम तथा आर्थिक बृद्धि) र लक्ष्य–१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन्।संविधानले स्थानीय तहहरूलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ। स्थानीय सरकार

सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमन सम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ। यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १, लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन्।

स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन्। यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन्। सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य–३ (स्वस्थ जीवन), लक्ष्य–४ (गुणस्तरीय शिक्षा), लक्ष्य–५ (लैंगिक समानता) र लक्ष्य–६ (स्वच्छ खानेपानी तथा सरसफाइ) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ ।

स्थानीय तहको अर्को कार्यक्षेत्र पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य–९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन्। वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य–१२ दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य–१३ जलवायुसम्बन्धी कार्य), र लक्ष्य–१५ (जमिनमाथिको जीवन) जोडिएका छन्। यसरी, दिगो विकास लक्ष्य र स्थानीय सरकारका कार्यक्षेत्रमा ठूलो हदसम्म समानता रहेको छ । स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ ।

अजयमेरु गाउँपालिकाले दिगो विकास लक्ष्य स्थानियकरणका लागि नेपाल सरकार तथा सुदूरपश्चिम प्रदेशसँग समन्वय सहकार्य गरी कार्यक्रमहरु कार्यान्वयन गर्ने र गाँउपालिकाका विषय शाखागत कार्यक्रमहरु दिगो विकास लक्ष्यमा प्राप्त गर्ने भए नभएको समिक्षा गरी गर्ने अभ्यास गरेको छ ।

उपर्युक्त पृष्ठभूमिमा यस मध्यमकालीन खर्च संरचनालाई पनि दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ । यसका लागि दिगो विकासका लक्ष्य तथा सूचकहरू र यस मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा सूचकहरूबीच अधिकतम सामञ्जस्यता र एकरुपमा कायम गर्ने प्रयास छ।यसमा प्रस्तुत आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सबै सूचकहरूले प्रत्यक्ष वा परोक्ष रुपमा दिगो विकास लक्ष्यका सूचकहरूलाई कुनै न कुनै रुपमा योगदान गर्दछन् । दिगो विकास लक्ष्यको आधारमा बजेटको बाँडफाँटको अवस्था अध्ययन गरी योजना अवधिमा कुन–कुन दिगो विकास लक्ष्यमा के कति बजेट प्राप्त हुन सक्छ भनी अनुमान तथा प्रक्षेपण गरिएको छ। यस मध्यमकालीन खर्च संरचनामा प्रस्तुत विषय उपक्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिहरू प्रत्यक्ष वा परोक्षरुपमा दिगो विकास लक्ष्यलाई नै योगदान पुर्याउने रहेका छन्। समस्या चुनौतीहरूको विश्लेषण गर्ने क्रममा दिगो विकास लक्ष्य हासिल गर्नमा रहेका समस्या चुनौतीहरूलाई पनि आवश्यकताअनुसार विश्लेषण गरिएको छ। दिगो विकास लक्ष्य प्राप्तीमा योगदान पुर्याउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यलाई पनि यस मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा विशेष ध्यान दिइएको छ । समग्रमा यस अजयमेरु गाउँपालिकाको मध्यमकालीन खर्च संरचनालाई अधिकतम रुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित), स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण श्रोत पुस्तिका, २०७९ र स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी श्रोत पुस्तिका, २०७९ लाई आधारमानी यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । मध्यमकालीन खर्च संरचना तर्जुमामा निम्न बमोजिम चरण तथा प्रक्रिया अवलम्बन गरिएको छ।

**चरण ï१: तयारी चरण**

**प्रक्रिया १: कार्यपालिकावाट निर्णय**

मध्यमकालीन खर्च संरचना तयार पार्नका लागि आवश्य प्रकृया अगाडी बढाउने भनि कार्यपालिकाबाट निर्णय भए पश्चात कर्मचारी बैठक बसी मध्यमकालिन खर्च संरचना तयारी गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सबै विषयगत शाखा प्रमुखहरु सदस्य रहने गरी कार्यदलको गठन गरियो।

**प्रक्रिया २:** नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा स्थानीय तहको आवधिक योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरी दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक विषयवस्तुहरु पहिचान गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा क्रममा निम्न बमोजिम सन्दर्भमा सामाग्रीहरु अध्ययन एवं समीक्षा गरियो।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७ अन्तर–सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं स्थानीय सरकारको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना, प्रदेशका योजनाहरु
- अजयमेरु गाउँपालिकाको प्रथम आवधिक योजना तथा विषय क्षेत्रगत नीति र योजनाहरु
- संघ तथा प्रदेश सरकार तथा अजयमेरु गाँउपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन

**प्रक्रिया ३:** मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा गाँउपालिकामा प्रारम्भिक बैठकको आयोजना गरी छलफल गरियो। यस बैठकमा पालिकाका प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखाका प्रमुखहरू लगायतको उपस्थिति रहेको थियो । बैठकमा भएको छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै बैठकमा आएका सुझाव र पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा गरियो ।

**चरण ।२ः लेखाजोखा चरण**

**प्रक्रिया ४ः अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना**

मध्यमकालीन खर्च संरचनाको तर्जुमा प्रक्रियाकको सम्बन्धमा साझा बुझाइ तया गर्ने उद्देश्यले एक दिने अभिमूखीकरण कार्यक्रमको आयोजना गरियो। उक्त कार्यक्रममा पालिकाका विषयगत शाखाको कर्मचारीको सहभागिता रहेको थियो। कार्यशालामा मध्यमकालीन खर्च संरचना सम्बन्धी अवधारणा, कानूनी आधार, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो। मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि गठित कार्यदलबाट प्रस्तुत कार्ययोजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरियो।

**प्रक्रिया ५ः विषयगत समिति तथा शाखाहरुसँग परामर्श तथा छलफल**

विषयगत रणनीतिक योजना, आवधिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समितिहरुसँग छलफल गरियो । छलफलबाट विषयगत समिति तथा शाखाका प्रमुख उपलब्धि, चालु योजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना तथा सम्भाव्यता अध्ययन र लागत अनुमान भएका आयोजना र कार्यक्रमहरुको विवरण संकलन गरियो। छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप–क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

**प्रक्रिया ६ः श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण**

अन्तर–सरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा तथा आन्तरिक श्रोतलाई राजस्व सुधार कार्ययोजनाका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोत अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरुको खर्च सहित गाँउ गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र गाउँपालिकाको आवधिक योजना, निर्माण भएका विषयगत क्षेत्र रणनीति अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको विषय क्षेत्र तथा उपक्षेत्रगत बजेट सीमा निर्धारण गरियो । यसरी तयार गरिएको बजेट सीमालाई सबै विषयगत शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो ।

**चरण ।३ः तर्जुमा चरण**

**प्रक्रिया ७ः क्षेत्रगत योजना तर्जुमा**

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा बैठक गरियो। विषयगत शाखाका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुको सहभागिता रहेको छुट्टाछुट्टै छलफलबाट प्रत्येक उप–क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्नुका साथै स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना र उप–क्षेत्रको सांकेतीकरण गरियो।

**प्रक्रिया ८: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा विषयगत शाखा सगं छलफल गरी उप– क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो । यसरी तयार गरिएको उप–क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयार गरियो।

**प्रक्रिया ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी**

निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । यस क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिबिच छलफल गरियो । त्यसैगरी मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा गाउँपालिकाको आवधिक योजना, विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रमको समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा क्षेत्रगत रणनीतिक र परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो । यस दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८(परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाका साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारांश तयार गरि प्रस्तुत गरिएको छ ।

**चरण ४: स्वीकृति चरण**

**प्रक्रिया १०:** मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति, छलफल तथा सुझाव संकलन र उल्लिखित विधि प्रक्रियाबाट तयार गरिएको मस्यौदा दस्तावेज प्रस्तुति तथा छलफल गरि कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागितामा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरुमा प्रस्तुति तथा छलफल गरी आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो ।त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतीकरणलाई समेत अन्तिम रुप प्रदान गरिएको छ ।

**प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी**

मस्यौदा प्रस्तुती तथा छलफल कार्यक्रमका साथै विभिन्न शाखाहरुबाट प्राप्त सुझावहरु तथा दस्तावेजमा अपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन तथा समावेश गरी मध्यमकालीन खर्च संरचनाको यो अन्तिम मस्यौदा तयार गरिएको छ ।

**प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको स्वीकृति**

उपरोक्त चरण र प्रक्रिया अनुसार तयार भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति पश्चात अनुमोदनका निमित्त गाउँ सभामा पेश गरी स्वीकृत गरियो ।

# परिच्छेद २: मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचना तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो । सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै

प्रभावकारी हुनुपर्दछ। यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ ।

सङ्घीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी सङ्घीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त विवरणमा वित्तीय ब्यवस्थाका लागि आवश्यक पर्ने रकम सहितको चालु खर्च, पूँजीगत खर्च खुलाउनुपर्ने व्यवस्था रहेको छ । उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार अजयमेरु गाउँपालिकाले तय गरेको दीर्घकालीन सोच सहितको प्रथम आवधिक योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहितको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ ।

नेपाल सरकारले घोषणा गरेको समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन सोच, सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक योजना र गाउँपालिकाको प्रथम आवधिक योजनाका नीति तथा कार्यक्रमलाई यस दस्तावेजमा समेट्ने प्रयास गरिएको छ ।

## २.२ चुनौती तथा अवसर

संविधान प्रदत्त २२ वटा एकल अधिकार र संघ, प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकारलाई पूर्ण रुपमा कार्यान्वयन गर्न पालिकाले कानून तथा नीतिहरु तयार गर्नु आवश्यक हुन्छ । संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, चालु आवधिक योजना, सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक योजना र गाउँपालिकाको प्रथम आवधिक योजनाको उद्देश्य हासिल गर्न पालिकामा सबै ऐन तथा नीतिहरु बनिनसक्नु, वित्तीय सङ्घीयतको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नुलाई प्रमुख चूनौतिको रुपमा लिएको छ । यसै गरी जंगली जनावरहरुबाट कृषिजन्य उत्पादनमा हुने क्षति न्यूनिकरण गर्नु, बसाईसराईका कारण बाँझो रहेको कृषियोग्य जमिनलाई उपयोगमा ल्याउनु तथा व्यावसायिक कृषि र पशुजन्य पूर्वाधारको विकास गर्नु, पर्यटकीय पूर्वाधार तथा सूचना केन्द्रको विकासका लागि श्रोतको पुर्ती गर्नु, सिंचाईजन्य पूर्वाधारको विकास गर्नु, सामुदायिक विद्यालयहरुमा प्राविधिक शिक्षाको पहुँचमा कमी हुनु, वडागत जनधनत्वका आधारमा विद्यालयको समायोजन गर्नु, विपन्न वर्गमा स्वास्थ्य सेवाको नियमित सहज पहुँच पुर्याउनु, सबै भौतिक संरचनाहरु बालबालिका, अपाङ्ग तथा महिलामैत्री बनाउनु, बाल विवाह, जातिय छुवाछुत पूर्ण रुपमा अन्त्य गर्नु, सफा खानेपानीको पहुँचमा बृद्धि गर्नु, सबै वडाहरुमा खेल मैदानहरुको पूर्वाधार विकास गर्नु चुनौतीपूर्ण रहेका छन्।

समग्र देशकै कुल गार्हस्थ्य उत्पादन, राजस्व एवम् कृषि, उद्योग तथा सेवा क्षेत्रको न्यून हिस्सा ओगट्ने सुदूरपश्चिम प्रदेश अन्तर्गत रहेको अजयमेरु गाउँपालिकाको धरातलीय अवस्थितीले आफैमा धेरै सम्भावना तथा अवसर बोकेको छ । तसर्थ व्यावसायिक कृषि नै यहाँको प्रमूख सम्भावना भएको क्षेत्र हो । अर्को तर्फ डडेल्धुरा जिल्ला सदरमुकामबाट नजिकै रहेको यस गाँउपलिकाका लागि कृषि, साना घरेलु उद्योग व्यवसाय, पर्यटन क्षेत्रको विकासको सम्भावना तथा अवसर दुवै छ। विद्यमान पर्यटन व्यवसायलाई आकर्षक वनाई “पर्यटकीय हव” को रुपमा विकास गर्न सकिने आधारहरु थुप्रै छन ।

वैदेशिक रोजगारी तथा अध्ययनबाट फर्किएका युवामार्फत विश्वस्तरको ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, स्थानीय स्रोत परिचालन गरी पालिकामा उद्यमशीलता विकास, कृषि क्षेत्रमा रोजगारी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ ।सङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दिगो विकासका लक्ष्य प्राप्तीका कार्यहरु क्रमशः कार्यान्वयन हुदै जानु अहिलेका प्रमुख अवसरहरु हुन्। पालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धि, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन्।

## २.३ सोच, उद्देश्य तथा रणनीति

नेपाल सरकारको “समृद्ध नेपाल सुखी नेपाली” भन्ने दीर्घकालिन सोच तथा अजयमेरु गाउँपालिकाको श्रोत र साधनलाई दृष्टिगत गर्दै गाउँपालिकाको सोच, लक्ष्य उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ।

### २.३.१ दीर्घकालीन सोच

गाउँपालिकाको दीर्घकालीन सोचः fसमाबेशी र सन्तुलित विकास समृद्ध अजयमेरुको मूल आधार0

### २.३.२ गाउँपालिकाको लक्ष्य

“गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्य सेवाको सुबिधा तथा दिगो पूर्वाधार विकास, कृषि सहकारी तथा उद्यमशीलताको विकासका माध्यमबाट आर्थिक वृद्धि, बाताबरण संरक्षण र समतामूलक एवम् समृद्ध समाजको आधारशिला तयार गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउने ।

### २.३.३ गाउँपालिकाको उद्देश्य

१. स्थानीय सम्भावनाको पहिचान गरी स्वरोजगार तथा आय आर्जनका अवसरहरुको सिर्जना गर्नु,
२. महिला, विपन्न र वर्गमा आधारभूत शिक्षा, स्वास्थ्य, र सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु,
३. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउनु,
४. रोजगारीका लागि विदेश जाने युवाहरुलाई कृषि व्यवसायमा संलग्न गराउनु,
५. व्यवस्थित पुर्वाधार तथा सुरक्षित बस्ती निर्माण गर्नु,
६. पर्यावरण तथा जैविक विविधताको संरक्षण र हरियाली गाँउ निर्माण गर्नु,
७. विपद्सम्बन्धी सचेतना तथा पूर्व तयारी र जलबायु परिवर्तनका असरलाई न्यूनीकरण गर्नु,
८. गाँउपालिकाले प्रदान गर्ने सेवालाई प्रविधिमैत्री, शीघ्र र गुणस्तरीय तुल्याउनु।

### २.३.४ गाउँपालिकाको रणनीति

पालिकाको समष्टिगत लक्ष्य, उद्देश्य तथा परिमाणत्मक लक्ष्यलाई तोकिएको समयावधिमा पूर्णता दिन गाउँपालिकाको प्रथम आवधिक योजनायोजनाले देहायका समष्टिगत रणनीतिहरु अवलम्बन गरेको छ ।

- विकास प्रकृयामा अन्तर सरकार, निजी क्षेत्र, सहकारी, गैर सरकारी संस्था तथा समुदायसँगको साझेदारी र सहकार्य बलियो बनाउने,
- पालिकालाई कृषि/पर्या पर्यटनको केन्द्रको रुपमा विकास गर्ने,

- कृषिमा व्यावसायिकरण तथा यान्त्रीकरणको माध्यमबाट प्रतिष्पर्धात्मक र उच्च प्रतिफलयुक्त तुल्याउने प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र दिगो तथा उच्चतम व्यवस्थापनको नीतिगत व्यवस्थाबाट समुदायको आर्थिक विकास गर्ने,
- पूर्वाधार विकासको गुणस्तरीयता तथा दिगोपना कायम गर्न नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन गर्ने,
- गुणस्तरीय तथा व्यावसायिक शिक्षा तथा आधारभूत स्वास्थ्य सुविधामा पालिकाका सबै नागरिकको पहुँच विस्तार गर्ने,
- निजी तथा कृषि वन विकास गरी वन पैदावार सम्बन्धि माग लाई सम्बोधन गर्दै पालिकामा हरियाली प्रवर्द्धन गर्ने,
- जलवायु परिवर्तनको असर न्यूनीकरण र विपद् व्यवस्थापनका लागि वडा स्तरमानै सामुदायिक विपद् व्यवस्थापन समितिहरु गठन गर्ने,
- परम्परागत साना तथा घरेलु उद्योगहरुको प्रवर्धन तथा सहकारीसंग आवद्ध गरी समुदायको आयआर्जन बढाउने,
- नागरिकहरुलाई प्रत्यक्ष करको भार नपर्ने गरी आन्तरिक राजस्वको दायरा विस्तार गर्ने,
- पालिकाको संस्थागत संरचनाको वर्तमान अवस्थालाई अत्याधुनिक, स्मार्ट, उच्च मनोवल युक्त, सकारात्मक र परिणाममुखी बनाउन नीतिगत व्यवस्था गर्ने ।

## २.४ मध्यमकालीन आर्थिक खाका

राष्ट्रिय सोच तथा संकल्प "समृद्ध नेपाल र सुखी नेपाली" सुदूरपश्चिम प्रदेशको सोच "समृद्ध प्रदेश र सुखी नागरिक" र अजयमेरु गाउँपालिकाको सोच "समावेशी र सन्तुलित विकास समृद्ध अजयमेरुको मूल आधार" तथा गाउँपालिकाको लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिनु पर्छ। गाउँपालिकाको छुट्टै प्रमुख नतिजा तथा लक्ष्य निर्धारण गर्न आवश्यक तथ्याङ्कहरु हाल नभएकोले सुदुरपश्चिम प्रदेशको चालु मध्यमकालिन खर्च संरचनामा निर्धारण गरिएका सबै विषयगत क्षेत्रका प्रमुख लक्ष्य तथा नतिजा सूचकलाई नै समष्टिगत आर्थिक लक्ष्यका रुपमा लिईएको छ। सोअनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ।

तालिका नं. २.१ समष्टिगत आर्थिक लक्ष्य

| क्र.सं. | सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | | पञ्चवर्षीय लक्ष्य | दिगो विकास |
|---|---|---|---|---|---|---|---|---|
| | | | | [illegible] | २०८०/ | २०८१/८ | | |
| १८ | आधारभूत खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ८६.५३ | ८९ | ९३ | ९६ | ९९ | ६ |
| १९ | सडक यातायातले जोडिएको स्थानीय तह | सङ्ख्या | ८६ | ८६ | ८७ | ८७ | ८८ | ९ |
| २० | ३० मिनेट सम्मको दूरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | - | | | | ८५ | ११ |
| २१ | प्रदेशको जम्मा सडक सञ्जाल | कि.मी. | २४५० | | | | ५००० | ९ |
| २२ | विद्युत उत्पादन | मेगावाट | ५२ | अध्यान | निर्माण | २२.४३ | २५० | ७ |
| २३ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ६४.६९ | ७० | ७५ | ८५ | ९९ | ७ |
| २४ | वर्षभरी सिँचाइ हुने खेतीयोग्य जमिन | | ३८ | ४२ | ४६ | ४८ | ५० | ६ |
| २५ | इन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ४७.८ | ६० | ७० | ८७ | ९५ | १७ |
| **च** | **श्रम तथा रोजगार** | | | | | | | |
| २६ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३९ | ४२ | ४८ | ५१ | ५५ | ८ |
| २७ | श्रम उत्पादकत्व | रु हजारमा | २०६.५ | २३० | २५० | २६० | २७० | २.८ |
| २८ | बेरोजगारी दर | प्रतिशत | ११.५ | १० | ९ | ८ | ७.५ | ८ |
| | | | | | | | | |
| **छ** | **स्वास्थ्य** | | | | | | | |
| २९ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.८ | ७०.४ | ७१.५ | ७२.५ | ७४ | ३ |
| ३० | पाँच वर्षमुनिका बाल मृत्युदर | प्रतिहजार जीवित जन्ममा | ३७ | ३५ | ३३ | ३१ | ३१ | ३ |
| ३१ | पाँच वर्षमुनिका कम तौल भएका बालबालिकाको | प्रतिशत | ३३.३ | २८ | २३.५ | १९.५ | १५ | ३ |
| ३२ | पाँच वर्षमुनिका पुडकोपन भएका बालबालिकाको | प्रतिशत | ४९.९ | ३८ | ३५.४ | ३३.५ | ३१.५ | ३ |
| ३३ | पूर्ण खोप पाउने बालबालिकाको | प्रतिशत | ८८ | ९१ | ९४ | ९७ | ९७ | ३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३४ | दक्ष स्वास्थ्य कर्मीको उपस्थितिमा जन्मिएका बच्चा | प्रतिशत | ७१.६ | ७३.५ | ७७.२ | ७९.६ | ८२ | ३ |
| ३५ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | संख्या | १४.१ | १३.२ | १२.३ | ११.५ | १० | ३ |
| ३६ | ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | २८.७ | ४० | ५०.८ | ६२.९ | ७० | ३ |
| **ज** | **शिक्षा** | | | | | | | |
| ३७ | साक्षरता दर | प्रतिशत | ६३.५ | ६९.५ | ७४.८ | ८२.७ | ९० | ४ |
| ३८ | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ८६.५ | ८७.१ | ८८.२ | ८८.५ | ९९ | ४ |
| ३९ | आधारभूत तह (१-८) मा खुद भर्नादर | अनुपात | ९६.७ | ९७ | ९७.५ | ९८ | ९९.५ | ४ |
| ४० | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | अनुपात | ५०.०२ | ५०.५ | ५१.२ | ५२.५ | ६५ | ४ |
| ४१ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | १६ | १८ | २० | २२ | २५ | ४ |
| **झ** | **सामाजिक सुरक्षा** | | | | | | | |
| ४२ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या | प्रतिशत | ५ | २० | ३० | ४० | ५० | १ |
| ४३ | स्वास्थ्य बीमामा आवद्ध जनसङ्ख्या | प्रतिशत | १४ | २२ | ३८.८ | ५२.८ | ६० | ३ |
| **झ** | **मानव सुरक्षा र राष्ट्रिय सम्मान** | | | | | | | |
| ४४ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसापीडित महिला | प्रतिशत | २०.२ | १८ | १७.३ | १५ | १३ | ५ |
| ४५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ५०.३ | ५५.८ | ६०.९ | ६७.२ | ७० | २ |
| ४६ | आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार | प्रतिशत | ९५.१ | ९५.२ | ९५.५ | ९५.८ | ९६ | ११ |
| ४७ | सरसफाई सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | ९९ | ९९.३ | ९९.५ | ९९.८ | १०० | ६ |

## २.५ मध्यकालीन नतिजा खाका

नेपाल सरकारको सोह्रौं योजना, सुदूरपश्चिम प्रदेशको प्रथम आवधिक योजना तथा गाउँपालिकाको प्रथम आवधिक योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। यो खाका विगत आर्थिक वर्षहरूको उपलब्धि र चालु आर्थिक वर्ष २०८०/०८१ को अनुमानित उपलब्धिको आधारमा आगामी आर्थिक वर्ष २०८१/०८२ को लक्ष्य निर्धारण गरिएको छ।नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान आवधिक योजना र विगत वर्षहरूको उपलब्धिको आधारमा निर्धारण गरिएको छ।मध्यमकालीन

समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ।जसमा पालिकासँग सम्बद्ध तथ्याङ्कहरु अद्यावधिक गरिनेछ।

तालिका २.२: प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन नतिजा खाका

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०८०/८१ सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १ | आर्थिक वृद्धिदर | प्रतिशत | ३.६ | ३.७ | ३.८ | ३.९ |
| २ | कृषि क्षेत्रको योगदान | प्रतिशत | | | | |
| ३ | उद्योग क्षेत्रको योगदान | प्रतिशत | | | | |
| ४ | सेवा क्षेत्रको योगदान | प्रतिशत | | | | |
| ५ | प्रतिव्यक्ति वार्षिक आय | अमेरिकी डलर | ९२२ | ९४० | ९५० | १००० |
| ६ | साक्षरता (१५ वर्ष माथि) | प्रतिशत | ७५.७ | ७७ | ७७.५ | ७८ |
| ७ | माध्यमिक तहमा खुद भर्ना दर | प्रतिशत | ५०.१ | ५१ | ५२ | ५३ |
| ८ | बाल कुपोषण दर | प्रतिशत | १३ | १० | ९ | ८ |
| ९ | सिँचाई योग्य भूमिमा सिँचाई | प्रतिशत | १७.२ | १८ | २० | २२ |
| १० | मापदण्ड अनुसार बनेका आवास | प्रतिशत | ० | ५ | ६ | ७ |
| ११ | घर परिसरभित्र खानेपानीको धारा पुगेका परिवार संख्या | प्रतिशत | ४६.४ | ४८ | ५० | ५५ |
| १२ | बाह्रै महिना सञ्चालन हुने सडक | प्रतिशत | ४० | ४५ | ५० | ५२ |
| १३ | रुख बिरुवाले ढाकेको क्षेत्र | प्रतिशत | ५४.३३ | ५५ | ५६ | ५७ |
| १४ | उत्पादनमूलक कार्यमा वैदेशिक रोजगारीबाट प्राप्त आयको उपयोग | प्रतिशत | | | | |
| १५ | बैंक र बजार केन्द्रमा पुग्न लाग्ने औषत समय | मिनेट | १२० | | | |
| १६ | औषत आयु | वर्ष | ६९.१ | | | |
| १७ | स्थानीय नीति, कानुन निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | | | | |
| १८ | कम्प्युटरमा अभिलेख राख्ने विद्युतीय माध्यमबाट रिर्पोटिङ्ग गर्ने वडा | संख्या | ६ | | | |
| १९ | नीति, कानुन, कार्यविधि र मापदण्ड पालना | प्रतिशत | १०० | | | |
| २० | निर्धारित ढाँचामा त्रैमासिक रुपमा प्रगति तथा खर्चको विवरण पेश गर्ने वडा र एकाइ | प्रतिशत | १०० | | | |

## २.६ मध्यमकालीन बजेट खाका

गाउँपालिकाको प्रथम आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत एवम् विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तिय सुशासनलाई मुख्य आधार लिई गाउँपालिकाको त्रिवर्षिय बजेट खाका तयार गरिएको छ। मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका

लागि विकास आयोजना तथा विषय क्षेत्रगत नतिजा प्राप्त गर्नका लागि आवश्यकखर्च तथा स्रोतको अनुमान गरिएको छ। विभिन्न खालको विपद् जलवायु परिवर्तनजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ। विपद्ले सिर्जना गरेका विकासका अवसरहरुको उपयोग गर्ने विकासका कार्यक्रमको तर्जुमालाई प्राथमिकता दिइएको छ।

गाउँपालिकाका गौरवका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजश्व परिचालनको विगत प्रवृत्ति, सम्भाबित विपद्बाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरूमा पर्ने सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरूलाई पनि ध्यान दिइएको छ। त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषयगत शाखा र एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूचीमा राखिएको छ।

पहिलो वर्षको खर्च संरचनाको राजश्व तथा खर्च अनुमान गर्दा आर्थिक वर्ष २०८०/०८१ को बजेट राजश्व तथा विनियोजनका आधारमा गरिएको छ भने दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको प्रथम आवधिक योजनामा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ। प्रक्षेपणका क्रममा गाउँपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ। आगामी आ.व.को अनुमान तथा जेठ मसान्तसम्मको राजस्व संकलन, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानका सिलिङ्ग तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेका रोयल्टी तथा राजश्व बाँडफाँटका दस्तावेजहरूलाई मुख्य आधारका रुपमा लिईएको छ।

## तालिका नं २.३ बजेटका श्रोतहरु र अनुमान

| क्र.सं. | बजेटका स्रोतहरू | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | आय अनुमान र प्रक्षेपण | | | ३ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ अनुमान | २०८२/०८३ प्रक्षेपण | २०८३/०८४ प्रक्षेपण | |
| क | राजश्व तथा अनुदान | | | | | | |
| १ | आन्तरिक आय | ३३०० | ३३५० | ३४०० | ३४५० | ३५०० | १०३५० |
| २ | राजश्व बाँडफाँटबाट प्राप्त राजश्व | ८२४६० | ८०९३६ | ८४१०० | ८४५०० | ८५००० | २५३६०० |
| | नेपाल सरकार(भ्याट र अन्तशुल्क) | ८०८४० | ७९२१२ | | | | |
| | प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन कर आदि) | १६२० | १७२४ | | | | |
| ४ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | | | | | | |
| | वित्तीय समानीकरण अनुदान | ९२६०० | ८१७०० | ८१३०० | ८२३०० | ८३३०० | ९९६६०० |
| | सशर्त अनुदान | २३८६०० | २२८६०० | २१६४९७ | २१६५०० | २१६५०० | ६४९४९७ |
| | समपुरक र विशेष अनुदान | ३८००० | १५००० | २३५०० | २५००० | २८००० | ३२८५०० |
| ५ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | | | | | | |
| | वित्तीय समानीकरण अनुदान | ६०९० | ६४०६ | ६८०२ | ७००० | ७३०० | २११०२ |
| | सशर्त अनुदान | १३२७ | ५६५० | ५८३० | ६००० | ६२०० | १८०३० |
| | समपुरक अनुदान र विशेष अनुदान | ४७६३ | १७२६४ | १४६५० | १६००० | १८००० | ४८६५० |
| ९ | **नगद तथा बैंक मौज्दात** | १०००० | १५००० | २३१०० | १०००० | १०००० | ४३१०० |
| ख | **कुल खर्च** | ४६०३७१ | | | | | |
| १ | **चालु खर्च** | ३३०९१० | | | | | |
| | | | | | | | |
| २ | **पुँजीगत खर्च** | १२९४६१ | | | | | |
| ग | **बचत** | १२३५९ | | | | | |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ।

**क. प्राथमिकताक्रमको आधारमा बाँडफाँट**

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ।

तालिका २.४: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| प्राथमिकताक्रम | आयोजना /कार्यक्रम संख्या | २०८१/०८२ को खर्च अनुमान | | २०८२/०८३ को खर्च प्रक्षेपण | | २०८३/०८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | १२० | १९२०१८ | ५९.४९ | २११२१८ | ५८.१९ | २३२३३९ | ५६.८ |
| प्राथमिकता दोश्रो (P2) | ९२ | ५२०२१ | ४०.५१ | ६२५१८ | ४१.८१ | ७४८७५ | ४३.२० |
| **जम्मा** | २१२ | २४४०३९ | १०० | २७३७३६ | १०० | ३०७२१ | १०० |

**ख. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट**

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छः

| संकेत नं. | दिगो विकास लक्ष्य | आयोजना/कार्यक्रम संख्या | २०८१/०८२ को खर्च अनुमान | | २०८२/०८३ को खर्च प्रक्षेपण | | २०८३/०८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ३५ | ३७७५० | ७.९६ | | | | |
| २ | शून्य भोकमरी | २६ | २७७५४ | ५.८५ | | | | |
| ३ | स्वस्थ जीवन | ३४ | ५२७६४ | ११.१३ | | | | |
| ४ | गुणस्तरीय शिक्षा | ३६ | ८२२०० | १७.३४ | | | | |
| ५ | लैङ्गिक समानता | १० | २९१० | ०.६१ | | | | |
| ६ | स्वच्छ पानी र सरसफाई | २५ | ५७८०० | १२.१९ | | | | |
| ७ | आधुनिक ऊर्जामा पहुँच | ५ | १००० | ०.२१ | | | | |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | १२ | ४८१० | १.०१ | | | | |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | १२० | १५८१८० | ३१.२६ | | | | |
| १० | असमानता न्यूनीकरण | ८ | ३०१० | ०.६४ | | | | |
| ११ | दिगो शहर र वस्ति | ० | | | | | | |
| १२ | दिगो उपभोग र उत्पादन | ४६ | २१४०० | ४.५२ | | | | |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ५ | ७७२४ | १.६३ | | | | |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | | | | | | |
| १५ | भूसतह स्रोतको उपयोग | ४६ | २१४०० | ४।५२ | | | | |
| १६ | शान्ति, न्याय सबल संस्था | २१ | ३०२४४७ | ६३।८१ | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | दिगो विकासको लागि साझेदारी | ४६ | २०००० | ४।३ | | | | |

**ग.लैङ्गिक संकेतको आधारमा बाँडफाँट**

लैङ्गिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत छः

तालिका २.६: लैङ्गिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| लैङ्गिक संकेत | आयोजना/कार्यक्रम संख्या | २०८१/०८२ को खर्च अनुमान | | २०८२/०८३ को खर्च प्रक्षेपण | | २०८३/०८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | १० | २९१० | ०।६१ | ३२०१ | | ३५२१ | |
| सहयोग | ८२ | १४५७१४ | ३०।७५ | १६०२८५ | | १७६३१३ | |
| तटस्थ | १२० | ३२५३५५ | ६८।६४ | ३५७८९० | | ३९३६७९ | |
| जम्मा | २१२ | ४७३९७९ | १०० | ५२१३७६ | | ५७३५१४ | |

**घ.जलवायु संकेतको आधारमा बाँडफाँट**

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ।

तालिका २.७: जलवायु संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| जलवायु संकेत | आयोजना/कार्यक्रम संख्या | २०८१/०८२ को खर्च अनुमान | | २०८२/०८३ को खर्च प्रक्षेपण | | २०८३/०८४ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | ५१ | २९१२४ | ६.१४ | ३२०३६ | | ३५२४० | |
| सान्दर्भिक | १०० | २३६३५८ | ४९.८६ | २५९९९३ | | २८५९९८ | |
| तटस्थ | ६१ | २०८४९७ | ४४ | २२९३४६ | | २५२२८१ | |
| जम्मा | २१२ | | १०० | | | | |

**ङ.गाउँपालिका गौरव आयोजना**

अजयमेरु गाउँपालिकाले वातावरणमैत्री विकास, सामाजिक आर्थिक योगदान पुऱ्याउने रणनीतिक महत्वका आयोजनालाई गौरवका आयोजनाको रुपमा प्रस्ताव गरेको छ। अजयमेरु गाउँपालिकाको गौरवका आयोजनाको आगामी आर्थिक वर्ष २०८१/०८२ को खर्च अनुमान र त्यसपछिका दुई वर्षको प्रक्षेपणलाई तालिका नं २.८ मा प्रस्तुत गरिएको छः

तालिका २.८ः गाँउपालिका गौरव आयोजनाको तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| क.सं. | आयोजना तथा कार्यक्रम | त्रिवर्षिय खर्च अनुमान (रु. हजारमा) | | |
|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/८३ | २०८३/०८४ |
| १ | सोर्नाया डागेश्वरी कानाकोट बहुउद्देश्यीय सिंचाई खानेपानी योजना | २६००० | २८६०० | १०००० |
| २ | गाउँपालिकाको प्रशासकीय भवन निर्माण | १२००० | १३२०० | १४५२० |
| ३ | भद्रपुर आधारभूत अस्पताल भवन निर्माण | ५००० | १०००० | ५००० |
| ४ | ढिमौला भद्रपुर सडक निर्माण योजना | १२००० | १३२०० | १४५२० |
| ५ | शेरागाड देवल राजुल सडक निर्माण योजना | १२०० | १३२० | १४५२० |
| ६ | चोल्लेक चमडा दोगाड सडक निर्माण योजना | १२०० | १३२० | १४५२० |
| ७ | दोगाड अजयमेरुकोट जगन्नाथ सडक निर्माण योजना | १२०० | १३२० | १४५२० |
| ८ | अजयमेरुकोट संरक्षण योजना | ९००० | १०००० | १५००० |

## २.८ विषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ।विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूचीमा समावेश गरिएको छः

तालिका नं. २.९ विषयगत क्षेत्रमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान प्रक्षेपण

| क्र.सं. | विषयगत क्षेत्र | २०८१/०८२ को व्यय अनुमान (रु. हजारमा) | | | २०८२/०८३ खर्च प्रक्षेपण (रु. हजारमा) | | | २०८३/०८४ खर्च प्रक्षेपण (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुंजीगत | कूल | चालु | पुंजीगत | कूल | चालु | पुंजीगत |
| १ | आर्थिक विकास | ४६८७६ | १५२७७ | ३१५९९ | ४९०१५ | १६२१५ | ३२८०० | ५२४०० | ११७०० | ४०७०० |
| २ | सामाजिक विकास | २१४१५८ | २१४१५८ | ० | २१८०३२ | २१८०३२ | ० | २२१९१६ | २२१९१६ | ० |
| ३ | भौतिक पूर्वाधार | ७७४०६ | ६०० | ७६८०६ | ८०१२५ | ७५० | ७९३७५ | ८२८४४ | ९०० | ८१९४४ |
| ४ | वन वातावरण तथा विपद् व्यवस्थापन | ३००० | ० | ३००० | ४५०० | ० | ४५०० | ६००० | ० | ६००० |
| ५ | सुशासन तथा संस्थागत विकास | १४१७३२ | १३५११७ | ६६१५ | १४७२७० | १४०११० | ७१६० | १५२७८५ | १४५१३० | ७६५५ |

आर्थिक वर्ष २०८१/०८२ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ।

# परिच्छेद ३: आर्थिक क्षेत्र

## ३.१.१ पृष्ठभूमि

अजयमेरु गाउँपालिका, नेपालको सुदूरपश्चिम प्रदेश को डडेल्धुरा जिल्लामा अवस्थित एउटा गाउँपालिका हो। अजयमेरुमा कूल ६ वटा वडा छन्, जुन १४९ वर्ग किलोमिटर भौगोलिक क्षेत्रफलमा फैलिएका छन। यस गाउँपालिका ३४५३ घरधुरी रहेका छन् भने यस क्षेत्रको जनसंख्या १५१६१ रहेको छ। ७५% भन्दा बढी घर परिवार  कृषि र पशुपालनमा आश्रित रहेको यस क्षेत्रमा मुख्य गरि तरकारी, दलहन , मौरी, फलफुल, खाद्यान्न, मासु र दुध उत्पादन बढ्दो मात्रामा हुने गरेको छ।कृषि यस क्षेत्रको जीविकोपार्जन तथा रोजगारीको मुख्य आधारका रूपमा रहेको छ । कृषि सहकारीतामा आधारित कृषि विशिष्टिकरण तथा व्यावसायीकरण कार्यक्रम, स्थानीय पहिचानमा आधारित प्राङ्गरिक कृषि कार्यक्रम, कृषि उत्पादन प्रवद्र्धन, प्रबिधि हस्तान्तरण तथा व्यावसायिकरण कार्यक्रम मुख्य रहेका छन्। गाँउपालिकामा प्रधानमन्त्री कृषि आधुनिकीकरण मार्फत ब्लक र  पकेट क्षेत्र अन्तरगत तोरी, गहुँ, केरा र लिची तोकिएका छन्। गाँउपालिका स्तरीय आफनै ब्रान्डिङ सहितको  धान प्रशोधन मिल सञ्चालनको लक्ष्य रहेको छ। गाँउपालिकाले कृषिको उत्पादन उत्पादकत्व वढाउन बृहत  सिंचाई योजना कार्यान्वयन गर्ने, कृषि उत्पादनको लागत न्युनीकरणका लागि कृषि अनुदान तथा कृषि विमा कार्यक्रमलाई कार्यान्वयन गर्ने लक्ष्य लिएकोछ ।

## ३.१.२ समस्या तथा चूनौति

निर्वाहमुखी कृषि उत्पादन, कृषि उपजहरुका संकलन केन्द्रहरु व्यवस्थित र पर्याप्त नहुनु, मल, बिउ तथा प्राविधिक सेवाको अपर्याप्तता र जंगली जनावरको अतिक्रमण समस्याका रुपमा रहेका छन्। उर्वर भुमि को कमि, चिस्यान केन्द्रको कमी, स्थानीय रैथाने विउको अभाव, कृषिमा श्रोत साधनको कमी, बजार मूल्यको अस्थिरता र कृषिमा व्यावसायिकताको कमी, बाढीले पार्ने क्षति यस क्षेत्रको कृषिका समस्या हो। कृषि पेशामा आक्रर्षण कायम गर्नुर तुलनात्मक लाभको क्षेत्रका रुपमा तयार  गर्नु चुनौतिका रुपमा रहेको छ ।

## ३.१.३ सोच

"व्यावसायिक, उत्पादनशील कृषि र आत्मनिर्भर कृषक"

## ३.१.४ उद्देश्य

१. कृषि क्षेत्रलाई आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण तथा मुल्य श्रङ्खलामा आवद्ध गर्नु,
२. कृषि उपजको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु,
३. कृषि उपजको व्यवस्थित बजारीकरण गर्नु ।

## ३.१.५ रणनीति

१. वैज्ञानिक भूमि व्यवस्थापनद्वारा उत्पादकत्व वृद्धि गरी आत्म निर्भर कृषि प्रणालीको विकास गर्ने
२. कृषि व्यवसायलाई व्यवस्थित वनाउन दीर्घकालीन कृषि नीति तथा योजना निर्माण गर्ने ।

३. मागमा आधारित तुलनात्मक र प्रतिष्पर्धात्मक लाभका क्षेत्रको पहिचान गरी कृषि क्षेत्रको व्यावसायिकतामा जोड दिने ।

४. करार तथा सहकारीतामा आधारित कृषि प्रणालीको माध्यमबाट कृषिमा व्यावसायिकताको अभिवृद्धि गर्ने ।

५. भूमिको उत्पादकत्व र उत्पादनशिलता अभिवृद्धिका लागि खण्डिकरण न्यूनीकरण र एकीकृत खेती प्रणाली गर्ने नीति अबलम्बन गर्ने ।

६. गाँउपालिकाको धरातलीय स्वरुप अनुसार कृषि क्षेत्रको विशिष्टिकरण गर्ने ।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाँउपालिकाको आवधिक योजना, सुदुरपश्चिम प्रदेशको प्रथम आवधिक योजना, संघीय र प्रदेश सरकारबाट वार्षिक रुपमा स्विकृत कार्यक्रम तथा गाउँपालिकाको कृषि क्षेत्रमा विनियोजित बजेटबाट सञ्चालन हुने आयोजनाहरुका साथै गाउँपालिकामा सञ्चालित कृषिसंग सम्बन्धित ब्यक्तिगत तथा व्यमवसायिक फर्महरु समेतको प्रयासबाट आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका नं. ३.१ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ३.१ कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | एकाई | आ.व. २०७९/०८० सम्मको अवस्था | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| स्थानीय व्यावसायिक कृषि फार्म | संख्या | १५५ | १५८ | १६५ | १८० | २०० |
| अगुवा वा व्यावसायिक कृषक | संख्या | १७५ | १८० | २०० | २५० | ३०० |
| आलु व्यावसायिक उत्पादन क्षेत्र | हेक्टर | २२ | २३ | ३० | ४० | ५० |
| खाद्यान्न (धान, मकै, गँहु र जौ)उत्पादन | मे.ट. | ९६५ | ९८५ | १००० | १०५० | ११०० |
| तरकारी उत्पादन | मे.ट. | ४३२ | ४३५ | ४५० | ४६५ | ५१० |
| व्यावसायिक कृषि नर्सरी | संख्या | ८ | ९ | १० | ११ | १२ |
| कृषि सहकारी संस्था | संख्या | २ | २ | २ | ३ | ५ |
| कृषि समुह | संख्या | १२६ | १३० | १४३ | १५० | १७० |
| कृषि उपच संकलन तथा बजार प्रवर्धन केन्द्र | संख्या | १ | १ | १ | २ | ३ |

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

आयोजनाको संक्षिप्त विवरण, उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका नं ३.२ मा प्रस्तुत गरिएको छ।

तालिका ३.२: कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको त्रिवर्षिय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेटको अनुमान (रु. हजारमा) | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | १६६३० | १५४३० | १२०० | | | | |
| २०८०/०८१ को अनुमान | २३५७९ | १५१४९ | ८४३० | | | | |
| २०८१/०८२ | ९१०० | ७३०० | १८०० | ६०० | ४५०० | ४००० | |
| २०८२/०८३ | ९५०० | ७५०० | २००० | ६५० | ४८५० | ४००० | |
| २०८३/८४ | १०१०० | २३०० | ७८०० | ७०० | ४९०० | ४५०० | |

## ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रको संक्षिप्त विवरण तालिका नं. ३.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.३: कृषि तथा खाद्य सुरक्षा उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कूल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | बाँझो जमिनमा व्यावसायिक खेति गर्न प्रोत्साहन कार्यक्रम | - बाझो जमिनको उपयोग, राम्रो आम्दानी लिने<br>- रोजगारी सिर्जना गर्ने<br>- व्यावसायिक कृषकहरु बनाउने<br>- उन्नत फलफूल, तरकारी र मसलावाली बिरुवा रोपण गरि उत्पादन बढाउने<br>- फलफूल, तरकारी र मसलावालीमा आत्मनिर्भर | २०८१/०८२-२०८३/०८४ | ७५०० | बाझो जमिनको सहि सदुपयोग, १०० बेरोजगार युवाका लागि रोजगार |
| २. | जलवायु मैत्री नमुना गाउँ स्थापना | - उत्पादनमा वृद्धि<br>- आत्मनिर्भरता | २०८१/०८२-२०८३/०८४ | ५००० | ५० जना व्यावसायिक कृषक थप |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | तरकारी क्षेत्र विस्तार | - क्षेत्र विस्तार<br>- उत्पादनमा वृद्धि<br>- ब्यावासायिकिकरण | २०८१/०८२-२०८३/०८४ | ४००० | उतपादन र उत्पादकत्व वृद्धि |
| ४. | कृषि यन्त्र उपकरणमा प्रोत्साहन कार्यक्रम | - उत्पादनमा वृद्धि | २०८१/०८२-२०८३/०८४ | ३००० | लागत खर्च घट्न गइ आम्दानीमा वृद्धि |
| ५. | माटो परीक्षण तथा बालिविविधिकण योजना तर्जुमा | - माटोको विशिष्टताका आधारमा भूउपयोग तथा बालि विकासको योजना तर्जुमा गर्ने | २०८१/०८२-२०८३/०८४ | १२०० | बालिविकास योजना तर्जुमा हुने |
| ६. | कृषक समुहहरूको संस्थागत विकास तथा क्षमता अभिवृद्धि | - नयाँ समूह गणन तथा दर्ता<br>- किसान ज्ञानकेन्द्रको समुहिकरण<br>- समुहहरूलाई सहकारी वा पव्लिक कम्पनिमा रूपान्तरण गर्ने। | २०८१/०८२-२०८३/०८४ | १००० | कृषि समुहलाई सहकारीमा परीरण भई आत्मनिर्भर हुने र<br>किसान ज्ञान केन्द्रको सवलिकरण |
| ७. | पकेट विस्तार तथा क्षेत्र विकास कार्यक्रम | - तरकारी तथा खाद्यबालि सम्बन्धी ४ पकेट सञ्चालन | २०८१/०८२-२०८३/०८४ | २५००० | पकेट सञ्चालन भएको हुने |
| ८. | आलु बालि विकास योजना | - तरकारी खेतीका लागि नर्सरी स्थापना<br>- उन्नत हार्विड विउ वितरण<br>- तरकारी किट वितरण<br>- विषादि वितरण | २०८१/०८२-२०८३/०८४ | ५५० | आलु उत्पादनमा वृद्धि भई किसानको आय आर्जनमा उल्लेख्य वृद्धि हुने |
| ९. | खाद्यान्न, तरकारी, दलहन (भटमास, सिमि, मास, गहत) खेती प्रर्वधन कार्यक्रम | - अनुदानमा भटमास वितरण<br>- पकेट तथा ब्लक सञ्चालन<br>- सिमि, गहत र मासको खेतीको व्यावसायीक उत्पादनका लागि सभ्यावता अध्ययन गर्ने | २०८१/०८२-२०८३/०८४ | २५०० | दलहनमा आत्मनिर्भर संगै व्यावसायीक उत्पादन |

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | फलफुल तथा बगैंचा बिकास कार्यक्रम | - कृषि समूह र गाउँपालिकाको स्वामित्वमा फलफुल निर्सरी स्थापना<br>- फलफुल विरुवा वितरण गर्ने<br>- फलफुलको व्यावसायीक उत्पादन | २०८१/०८२-२०८३/०८४ | ४५०० | फलफुल नर्सरी स्थापना र फलफुलको बगैंचा स्थापना |
| ११. | समुदायमा आधारित एकिकृत तथा आपूर्ति सेवा केन्द्र स्थापना | - कृषि यन्त्र मर्मत केन्द्र स्थापना<br>- समुदायमा निर्धारित एग्रोभेट स्थापना | २०८१/०८२-२०८३/०८४ | ८० | कृषि यन्त्र मर्मत केन्द्र संचालन |
| १२. | पुष्प खेती तथा मौरी प्रवर्धन कार्यक्रम | - व्यावसायीक पुष्प खेती सञ्चालन गर्ने<br>- व्यावसायीक मौरी पालन संचालन | २०८१/०८२-२०८३/०८४ | २००० | आयआर्जनमा वृद्धि |
| १३. | कृषि उत्पादनमा वृद्धि, बजार प्रवर्धन तथा साझेदारी | - कृषि लगानी प्रवर्धनका लागि लगानी सम्मेलन<br>- नतिजा तथा तरिका प्रदर्शनि<br>- कृषि अद्यौगिक मेला तथा दिवश<br>- कृषि बजारको व्यवस्थापन गर्ने<br>- उतकृष्ट कृषक पुरुस्कार | २०८१/०८२-२०८३/०८४ | ४००० | |
| १४. | भूमि बैंक स्थापना तथा हाट बजार व्यवस्थापन | - बाँझो जग्गा उपयोग हुने गरी भूमि बैंक स्थापना<br>- हाट बजार व्यवस्थापन | २०८१/०८२-२०८३/०८४ | | |

### ३.१.९ जोखिम तथा अनुमान

गाँउपालिकाले अधिकार क्षेत्रभित्रका कृषि सम्वन्धी आवश्यक मापदण्ड, कार्यविधि, तथा निर्देशिकाहरु निर्माण गरीसकेको हुनेछ ।बेरोजगार युवाहरु कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् तर कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । साथै कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरले लक्ष्य हासिल गर्नमा जोखिम रहन सक्दछ ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

गाउँपालिकामा खेती योग्य जमिन ९२९ हेक्टर छ भने हाल खेती गरिएको जमिन ८४१ हेक्टर रहेको छ र सालै भर सिंचित क्षेत्र १५९ रहेको छ । पालिकामा हाल ८ सिचाई योजनाहरु सञ्चालनमा रहेका छन्। पालिकाको पर्याप्त सिंचाई नपुगेका कृषि योग्य जमिनमा सिंचाई सुविधा पु¥याउन आवश्यक पर्ने पूर्वाधारको विकास गर्ने, भौगोलिक अवस्था सुहाउदो सिंचाई प्रविधिको विकास गर्ने, सहकार्य तथा समन्वयको माध्यमवाट साना सिंचाई योजनाहरु अधि वढाउन पहल गर्ने नीति लिएको छ ।

हाल सिंचाईमा थोपा सिंचाई लगायतको आधुनिक प्रविधिको उपयोगमा विस्तार हुँदै गएको छ। पालिकाले कृषिको उत्पादन उत्पादकत्व वढाउन बृहत सिंचाई योजना कार्यान्वयन गर्ने लक्ष्य लिएको छ ।

### ३.२.२ समस्या तथा चुनौती

गाउँपालिकाको सबैभन्दा तुलनात्मक लाभको क्षेत्र कृषि भए पनि सबै खेतियोग्य जमिनमा सिंचाई सुबिधाको व्यवस्था हुन सकेको छैन। साना सिचांई पोखरी निर्माणका माध्यमबाट हुने सिंचाई सुबिधा सबै क्षेत्रमा पुर्‍याउन सकिएको छैन। सिंचाई आयोजनाको दिगो उपयोग, मर्मतसम्भार र समुचित व्यवस्थापनका लागि श्रोत साधनको अभाव रहेको छ ।

### ३.२.३ सोच

“व्यवस्थित, सुविधायुक्त सिंचाई”

### ३.२.४ उद्देश्य

क. खेतीयोग्य जमिनमा प्रर्याप्त सिंचाईको व्यवस्था गर्नु,

ख. आधुनिक प्रविधिमा आधारित सिंचाई सुबिधाको विस्तार गर्नु ।

### ३.२.५ रणनीति

१. प्राकृतिक सिंचाईका स्रोतको पहिचान र दिगो उपयोगलाई प्रवर्धन गर्ने,

२. सिंचाई सुविधा नपुगेका ग्रामिण र भिरालो क्षेत्रमा लिफ्ट तथा अन्य प्रविधिमा आधारित सिंचाई प्रणालीको विस्तार गर्ने,

३.आधुनिक सिंचाई प्रविधिको उपयोगमार्फत थोपा सिंचाई लगायतका विधिको उपयोगलाई प्रोत्साहन गर्ने।

### ३.२.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य

गाँउपालिकाको आवधिक योजना तथा कार्यक्रम र आयोजनाको संक्षिप्त विवरणको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक र मध्यकालीन लक्ष्य तालिका नं.३.४ मा प्रस्तुत गरिएको छ :

तालिका३.४: सिंचाई उप-क्षेत्रको नतिजा सूचक तथा मध्यकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.ब. सम्मको अवस्था | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १२ महिना सिंचाई हुने क्षेत्र | प्रतिशत | १०.६ | १२ | १४ | १६ | २० |
| थोपा सिंचाई प्रविधिबाट सिंचित क्षेत्र | हेक्टर | २.४ | २.५ | ३ | ४ | ५ |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा योजनाको संक्षिप्त विवरण र मध्यकालीन बजेट खाकाको आधारमा खर्च र स्रोतको त्रिवर्षिय अनुमान तालिका ३.५ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.५: सिंचाई उप-क्षेत्रको त्रिवर्षिय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | ७१६३ | ३३२ | ६८३१ | | | | |
| २०८०/०८१ को अनुमान | ४४२० | ३३४ | ४०८६ | | | | |
| २०८१/८२ | २९११९ | २० | २९०९९ | ५०० | २०८०७ | ७८१२ | |
| २०८२/८३ | ३0000 | ५० | २९९५० | ५५० | २१५०० | ७९५० | |
| २०८३/८४ | ३१९९० | ९० | ३१९०० | ६०० | २३२४० | ८१५० | |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि,लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३.६ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.६: सिंचाई उप-क्षेत्रको कार्यक्रम तथा आयोजनको संक्षिप्त विवरण

| क्र.स | कार्यक्रम तथा योजना | उद्देश्य | अवधि ( शुरु र समाप्ति) | कूल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | सिचाईको लागि कुलो निर्माण | उत्पादन र उत्पादकत्व मा वृद्धि | २०८१/०८२-२०८३/०८४ | १०००० | थप ३० हेक्टर जमिनमा सिचाई सुबिधा हुने |
| २. | प्लास्टिक पोखरी निर्माण | उत्पादन र उत्पादकत्व मा वृद्धि | २०८१/०८२-२०८३/०८४ | ५००० | खेर जाने र आकाशे पानी संकलन गरि सिचित क्षेत्र वृद्धि |
| ३. | थोपा सिचाई | आम्दानीमा वृद्धि | २०८१/०८२-२०८३/०८४ | ३००० | उत्पादनमा वृद्धि |

### ३.२.९ जोखिम तथा अनुमान

सिंचाई क्षेत्र विस्तार भई प्रविधिमैत्री कृषिमा आधारित व्यवसायमा वेरोजगारी यूवाहरु आकर्षित हुनेछन।प्रविधियुक्त नविनतम सिंचाई व्यवस्थापन सहितको भरपर्दो सिंचाई प्रणाली गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम देखिन्छ ।

## ३.३ पशु विकास

### ३.३.१ पृष्टभूमि

अजयमेरु गाउँपालिका क्षेत्रमा पशुजन्य उत्पादन र उत्पादकत्व उच्च रहेको छ। उन्नत नश्लका गाई भैसी, बाख्रा तथा कुखुरा पालनको अभ्यास विस्तार हुदै गएको यस क्षेत्रमा प्रशस्त जंगल तथा चरनक्षेत्र र पशु आहारको सहज उपलब्धता रहेको छ । व्यवसायिक पशुपालनका लागि बाख्रा र भैसी पकेट क्षेत्रको विकासमा गाउँपालिकाले सहयोग उपलब्ध गराउदै आएको छ। गाउँपालिकाले कृषि समुह/फर्मको माध्यमबाट पशुपन्छी पालन व्यवसायलाई एकद्धार प्रणाली मार्फत व्यवस्थित तथा बैज्ञानिक बनाउने, उन्नत नश्लयुक्त पशुपालन व्यवसायलाई प्राथमिकता दिने, पशुपालन व्यवसायलाई आधुनिक प्रविधिमैत्री बनाउने नीति लिएको छ । यस क्षेत्रमा पशुजन्य उत्पादनको बाइप्रोडक्ट प्रशोधन  तथा बजारीकरण कार्यक्रम, व्यवसायीक पशुपन्छी तथा कृषक बिमा कार्यक्रम र नीजि तथा सहकारी क्षेत्रको सहभागितमा मूल्य श्रृखलामा आधारित पशुपन्छी पालन व्यवसायिकरण कार्यक्रम सञ्चालनमा रहेका छन ।

### ३.३.२ समस्या तथा चुनौति

पशु विषेशज्ञता तथा प्राविधिक सेवाको अभाव, पशुजन्य उत्पादनका लागि बजार व्यवस्थापन भरपर्दो नहुनु, कृषि तथा पशु अनुदानको भरपर्दो व्यवस्था नहुनु, पशु आहारमा गुणस्तियताको अभाव सहुलियत दरमा ऋण  व्यवस्थापन हुनु र  पशु बिमा सर्वसुलभ नहुनु समस्याका रुपमा रहेका छन । पशुजन्य उपजमा गुणस्तियता कायम गर्न, बजारमाग बमोजिम उत्पादन गर्न र पशुजन्य व्यवसायमा आकर्षण कायम राख्न मुख्य चुनौतिका रुपमा रहेका छन ।

### ३.३.३ सोच

ñउत्पादनशिल दिगो पशुपालन र व्यावसायिक कृषकō

## ३.३.४ उद्देश्य

क. पशुपालन व्यवसायलाई आधुनिकिकरण,विविधिकरण तथा व्यवसायिकरण गर्नु।

ख. पशुपालन क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नु ।

## ३.३.५ रणनीति

१. पशुपन्छी पालनलाई कृषकहरुको दिगो तथा भरपर्दो आयश्रोतको रुपमा स्थापित गर्ने ।

२. पशुपन्छी पालनमा आधुनिक तथा प्रतिप्रधात्मक बनाउने।

३. पशुपन्छी पालनको अभिवृद्धिमा संघ, प्रदेश र अन्तरपालिकाका सहकारीमा जोड दिने ।

४. कृषि तथा पशु उत्पादनको बजार पहुँच वृद्धि गर्न सार्वजिक, नीजि, सहकारी अवधारणमा आधारित उत्पादन र बजारीकरण नीति अवलम्बन गर्ने ।

## ३.३.६ नतिजा सूचक तथा मध्यकालिन लक्ष्य

गाउँपालिकाको प्रथम आवधिकयोजना, कार्यक्रम तथा आयोजनको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यकालिन लक्ष्य तालिका ३.७ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.७ः पशुविकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यकालिन लक्ष्य**

| सूचक | एकाई | गत आ.व सम्मको अवस्था | चालु आ.व सम्मको अनुमानित | मध्कालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| भैसी फार्म | संख्या | ३ | ४ | ५ | ६ | १० |
| गाई फार्म | संख्या | - | - | १ | १ | २ |
| बाख्रा फार्म | संख्या | २६ | २९ | ३२ | ३५ | ४२ |
| बङ्गुर फार्म | संख्या | १ | १ | २ | ३ | ३ |
| लेयर्स कुखुरा फार्म | संख्या | १ | २ | ३ | ४ | ६ |
| ब्रोईलर कुखुरा फार्म | संख्या | १९ | २१ | २४ | ३० | ३५ |
| सक्रिय पशुपालन समूह | संख्या | २७ | २९ | ३१ | ३३ | ३६ |
| दुग्ध सहकारी संस्था | संख्या | - | - | - | १ | १ |
| दुध उत्पादन दैनिक | लिटर | ८४०७ | ९००० | ९५०० | १०००० | १०५०० |
| व्यवस्थित चरन क्षेत्र | हेक्टर | ६७ | ७० | ७५ | ८० | ८५ |
| दुग्ध चिस्यान केन्द्र/संकलन केन्द्र | संख्या | - | - | - | - | १ |
| भुँईघासको व्यवसायिक उत्पादन क्षेत्र | हेक्टर | १.५ | २ | ३ | ४ | ५ |
| उपचार केन्द्र | संख्या | ६ | ६ | ६ | ६ | ६ |
| क्रियाशिल ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता | संख्या | ६ | ६ | ६ | ६ | ६ |
| कृत्रिम गर्भाधान केन्द्र | संख्या | १ | १ | १ | १ | १ |
| पशुपन्छी वधशाला | संख्या | - | - | - | १ | २ |
| संयुक्त फर्म | संख्या | ४३ | ४८ | ५० | ५२ | ५५ |

## ३.३.७ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान

उपलब्ध बजेट सिमा तथा मार्गदर्शन, कार्यक्रम आयोजनाको संक्षिप्त विवरण मध्यकालिन बजेट खाकाको आधारमा पशुविकास उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिबर्षिय अनुमान तालिका ३.८ मा प्रस्तुत गरिएको छ :

**तालिका ३.८ः पशुविकास उपक्षेत्रको त्रिबर्षिय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक बर्ष | बजेट अनुमान रु हजारमा | | | बजेट स्रोत रु हजारमा | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुंजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा |
| २०७९/०८० को यथार्थ | | ६९७२.५ | ६५५ | | | | |
| २०८०/०८१ को अनुमान | | १८२८ | ५० | | | | |
| २०८१/८२ | २३०५ | २३०५ | ० | ६०० | १००० | ७०५ | |
| २०८२/८३ | २४५० | २४५० | ० | ६५० | १०७५ | ७२५ | |
| २०८३/८४ | २५९० | २५९० | ० | ७०० | ११४० | ७५० | |

### ३.३.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३.९ मा प्रस्तुत गरिएको छ।

तालिका ३.९ पशु विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजनको संक्षिप्त विवरण

| क्र.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि( शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पशुपंक्षी सेवा तथा विकास कार्यक्रम | पशुपन्क्षी जन्य उत्पादनमा वृद्धिगरी आर्थिक अवसर सिर्जना गर्न | सालबसाली | ५००० | पशुपन्क्षीजन्य उत्पादनमा १५% वृद्धि |
| २ | नस्ल सुधार तथा पशु उपचार केन्द्र स्थापना | -नस्ल सुधार तथा पशु उपचार केन्द्र स्थापना गर्ने<br>-पशु स्वास्थ्य सिविर चलाउने<br>-आकश्मिक उपचार तथा रेविज रोग नियन्त्रण | २०८१/०८२-२०८३/०८४ | ८७५ | समयमै पशु सेवा उपचार |
| ३ | व्यावसायीक पशु पालन | -कुखुरा पालक व्यवसायीलाई जैविक सुरक्षा सामग्री वितरण<br>-गाई भैसीका लागि सुत्केरी भत्ता<br>- उन्नत जातका बाखा पालन पकेट क्षेत्र सहित फर्म स्थापना<br>-औषधी घुम्तीकोष स्थापना<br>-गाई, भैसी पकेट क्षेत्र स्थापना<br>-कृषक तालिम | २०८१/०८२-२०८३/०८४ | ७००० | |
| ४ | पशु आहारको व्यवस्थापन तथा आपुर्ती | -व्यावसायीक घाँस खेती उत्पादनका लागि क्लस्टर छनौट तथा विउ विवरण<br>- घाँसको विउ उत्पादन गर्ने | २०८१/०८२ - २०८३/०८४ | ५० | |

## ३.३.९ जोखिम तथा अनुमान

संघिय शाशन प्रणाली अनुसार तिन तह बीच निति कार्यक्रम बीच सामाज्यस्ता समन्वय र सहकार्यमा पुर्वाधार प्रविधि तथा सीप विकास हुनेछ। वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षित हुनेछन्।प्रविधि

पशु प्रचार चरण क्षेत्र र आहार  पशुपंक्षी उपचार एकिकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

## ३.४ उद्योग व्यापार तथा व्यवसाय

### ३.४.१ पृष्ठभूमि

गाउँपालिका क्षेत्रमा दुधजन्य,मासुजन्य र पशु आहारा लगायत साना उद्योग तथा व्यवसाय संचालनमा रहेका छन।पूर्वाधारको विकास,कच्चा पदार्थको सहज उपलब्धता, रणनीतिक अवस्थिति र पर्यावरणिय दृष्टिले गाउँपालिका क्षेत्रमा उद्योगको स्थापना र सञ्चालनको लागि अनुकुल परिवेश रहेको छ ।गाउँपालिकामा ग्रामिण रोजगारी प्रवर्द्धनका लागि घरेलु उद्योगको विकास औद्योगिक डेस्क स्थापना,

हाट बजारको स्तरमा वृद्धि तथा व्यवस्थापन, युवा उद्यमशिलता नीति तयार गरी त्यसै अनुरुप संघीय तथा प्रदेश सरकार सँगको सहकार्यमा एक वडा एक औद्योगिक ग्राम स्थापनाका लागि पहल भैरहेको छ । व्यवसायिक सिर्जना, उद्यमशिलता विकास प्रविधि हस्तान्तरण तथा बजारिकरणका लागि युवा लक्षित आवश्यक क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिएका छन । औद्योगिक विकासका लागि नीतिगत सुधार, व्यवसायिक पूर्वाधार विकास र उद्यमशिलता प्रवर्द्धनको नीति अवलम्बन गरिएको छ ।

### ३.४.२ समस्या तथा चुनौति

सहज रुपमा ऋण प्राप्त गर्न नसक्नु, औद्योगिक कच्चा पदार्थको अभाव,पूर्वाधारको अपर्याप्तता, सञ्चालन तथा कर प्रणालीमा जटिलताका कारण नयाँ लगानी, उद्यमशिलता र व्यवसाय गर्ने वातावरण नरहेको, परम्परागत सीपमा आधारित साना तथा घरेलु उद्योगहरुको स्थापनामा प्रोहत्सानको कमि, गुणस्तरिय एवम प्रतिस्पर्धि वस्तु उत्पादन गर्नु चुनौति रहेको छ ।

### ३.४.३ सोच

ñ प्रविधिमैत्री, वातावरणमैत्री, दीगो उद्योग व्यावसाय विकासò

### ३.४.४ उद्देश्य

१. स्थानीय स्रोत, साधन एवं श्रम सीपमा आधारित लघु, घरेलु तथा साना उद्योग व्यवसायको प्रवर्द्धन गर्नु।

### ३.४.५ रणनीति

१. औद्योगिक क्षेत्रको विकासमा अन्तर सरकार समन्वयमा वृद्धि गर्ने ।
२. स्थानीय कच्चा पदार्थमा आधारित साना उद्योगको विकासलाई प्रोत्साहन गर्ने ।
३. बजार माग अनुरुपको उत्पादनलाई प्रवर्द्धन र स्वरोजगारका अवसर सिर्जना गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यकालिन लक्ष्य

एकिकृत गाउँविकास योजना तथा आयोजनको संक्षिप्त वितरणमा आगामी ३ आर्थिक वर्षको अपेक्षीत नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यकालिन लक्ष्य तालिका ३.१० मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१०: उद्योग व्यापार उप-क्षेत्रको नतिजा सूचक तथा मध्यकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व सम्मको अवस्था | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार | जना | ८३९ | ८३९ | ८८० | ९२४ | ९७० |
| गाउँपालिकामा दर्ता उद्योग व्यवसाय | संख्या | ३२४ | ३२४ | ३३० | ३४० | ३५० |

## ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यकालीन बजेट खाकाको आधारमा उद्योग,व्यापार तथा व्यवसाय उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षिय अनुमान तालिका ३.११ मा प्रस्तुत गरिएको छः

**तालिका ३.११ उद्योग तथा व्यापार उप-क्षेत्रको त्रिवर्षिय खर्च तथा स्रोतको अनुमानः**

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | (बजेटको स्रोत रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कूल | चालु | पुंजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | ३००० | ३००० | ० | | | | |
| २०८०/०८१ को अनुमान | १८०० | १८०० | ० | ३०० | १००० | ५०० | |
| २०८१/८२ | १५०० | १५०० | ० | ५०० | १००० | ० | |
| २०८२/८३ | १७०० | १७०० | ० | ५०० | १२०० | ० | |
| २०८३/८४ | १९१० | १९१० | ० | ५०० | १९१० | ० | |

## ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको विवरण तालिका ३.१२ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.१२ उद्योग तथा व्यापार उप-क्षेत्रको कार्यक्रम विवरण

| क्र.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कूल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उद्यमशिलता विकास तथा लघु, घरेलु र साना उद्योग प्रबर्द्धन कार्यक्रम | स्थानीय औद्योगिक उत्पादनमा वृद्धि गर्नु | सालबसाली | १००० | उद्योग स्थापना र सञ्चालनमा २५ प्रतिशतले वृद्धि हुनेछ । |
| २ | व्यापार व्यावसाय विकास सेवा प्रवर्द्धन कार्यक्रम | उद्योग व्यापार क्षेत्रलाई आकर्षण आर्थिक क्षेत्रका रुपमा स्थापित गर्नु | सालवसाली | १००० | उद्योग तथा व्यवसाय क्षेत्रको उत्पादन र रोजगारीमा ३० प्रतिशतले वृद्धि हुनेछ । |

## ३.४.९ जोखिम तथा अनुगमन

संङघीय शासन प्रणाली अनुसार तीनओटै सरकारका नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयन आवश्यक हुन्छ। वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यावसायमा परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषि तथा गैर कृषिमा आधारित व्यावसायमा आकर्षित हुनेछन। उपरोक्त अवस्था कायम रहन नसकेमा लक्ष्य हासिल गर्न कठिनाई हुन सक्नेछ ।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

पर्यटन क्षेत्र नेपालको तुलनात्मक लाभको क्षेत्र हो । गाउँपालिकामा रहेका पर्यटकीय तथा सांस्कृतिक स्थलहरु अजयमेरु कोट, धार्मिक स्थलहरुको प्रचार प्रसार तथा संरक्षणका लागि गाउँपालिकाको पर्यटकीय तथा सांस्कृतिक क्षेत्रमा बजेट बिनियोजन आवश्यक छ।

### ३.५.२ समस्या र चुनौति

सिमित पर्यटकीय उत्पादन, पर्यटन सम्बन्धि नविनतम ज्ञान, सिप र योजनाको अभाव, कृषि लगायतका अन्य पर्यटकीय उत्पादनको पूर्वाधारमा कमी, पर्यटक गाईडको अभाव र प्राविधिक तथा सूचना केन्द्रको अभाव, युवा वर्गमा पूरानो रैथाने भाषा,कला र संस्कृति परमुपराका साथै ऐतिहासिक सम्पदाप्रति आकर्षण घट्दै जानु र आधुनिकतामा नाममा विभिन्न विदेशी संस्कृतिको नक्कल र विकृति मौलाउदै जानु चुनौतिका रुपमा देखा परेको छ ।

### ३.५.३ सोच

ḿारा पर्यटकिय हव अजयमेरु०

### ३.५.४ उद्देश्य

१. पर्यटनलाई स्थानीय अर्थतन्त्रको मेरुदण्डको रुपमा विकास गर्नु ।
२. पर्यटन बजारको माग अनुरुपका पूर्वाधार तथा सुविधाका विकास एवम् विस्तार गर्नु

### ३.५.५ रणनीति

१. पर्यटन क्षेत्रको विस्तारमार्फत आय आर्जन तथा रोजगारीको अवसर सृजना गर्ने ।
२. पर्यटकीय गन्तव्यको विकास र विस्तार गरी आधारभुत सेवा सुविधाको सुनिश्चित गर्ने ।
३. पर्यटन विकासका लागि उपयुक्त नीतिगत तथा संस्थागत संरचनाको स्थापना गरी परिचालन गर्ने।
४. पर्यटन क्षेत्रको विकासका लागि अन्तर सरकार एवम् निजी क्षेत्रसँग समन्वय र सहकार्यमा गर्ने।
५. संस्कृति र सम्पदाहरुको संरक्षण र संवर्द्धन गर्दै माग अनुसारका पर्यटकीय पूर्वाधार र सेवाको विस्तार गर्ने।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको प्रथम आवधिकयोजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यकालीन लक्ष्य तालिका ३.१३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.१३: पर्यटन तथा संस्कृति उप-क्षेत्रको नतिजा सूचक तथा मध्यकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व सम्मको अवस्था | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| व्यवस्थित पर्यटकीय स्थान | संख्या | १० | १६ | १८ | २० | २२ |
| व्यवस्थित होमस्टे | संख्या | ० | १ | २ | ३ | ४ |
| औषत दैनिक पर्यटक आगमन (विदेशी) | संख्या | ० | | | | |
| औषत दैनिक आन्तरिक पर्यटक आगमन | संख्या | ५ | ६ | ७ | ८ | ९ |
| पर्यटकीय स्तरको होटल तथा रेष्टुरेन्ट | संख्या | | | | | |
| होटलको दैनिक पर्यटक राख्न सक्ने क्षमता | संख्या | | | | | |
| पर्यटकको औषत बसाई (विदेशी) | संख्या | ० | | | | |
| तालिम प्राप्त टुर गाईड | संख्या | | | | | |
| संचालित तथा व्यवस्थित पदमार्गको लम्बाई | मि | २०० | २३५ | ३०० | ३७५ | ५०० |

## ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षिय अनुमान तालिका ३.१४ मा प्रस्तुत गरिएको छ :

**तालिका ३.१४: पर्यटन तथा संस्कृति उप-क्षेत्रको त्रिवर्षिय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेटको अनुमान (रु हजारमा) | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | ५६५० | ० | ५६५० | | | | |
| २०८०/०८१ को अनुमान | ५८५० | ० | ५८५० | | | | |
| २०८१/८२ | ७०० | ० | ७०० | १०० | ६०० | ० | |
| २०८२/८३ | ८५० | ० | ८५० | १०० | ७५० | ० | |
| २०८३/८४ | १००० | ० | १००० | १०० | ९०० | ० | |

## ३.५.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य,अवधि,लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३.१५ प्रस्तुत गरिएको छ ।

**तालिका ३.१५ पर्यटन तथा संस्कृति उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पर्यटन विकास | -पर्यटन प्रवर्धन गर्ने<br>-पर्यटकीय प्रोफाइल तयार पार्ने | २०८१/०८२-२०८३/०८४ | ३०० | पर्यटन प्रवर्धन हुने पर्यटकीय प्रोफाइल तयार पारिएको हुने |
| २ | ऐतिहासिक तथा साँस्कृतिक सम्पदाहरूको संरक्षण | -अजयमेरु कोटको ऐतिहासिक अभिलेखिकरण गरी वृत्त चित्र निर्माण गर्ने<br>-घनघश्या पदयात्रा रुटको समभ्यावता अध्ययन गर्ने | २०८१/०८२-२०८३/०८४ | १००० | |
| ३ | कृषि पर्यटनको विकास गर्ने | वार्षिक रुपमा कृषि साँस्कृतिक तथा पर्यटकीय महोत्सवको आयोजना गर्ने<br>-ऐतिहासिक तथा पुरात्वविक क्षेत्रको संरक्षण र सम्वर्द्धन<br>-एक वडा एक पार्क स्थापना गर्ने<br>-संग्राहालय निर्माण गर्ने<br>-उद्यमी घर स्थापना गर्ने | २०८१/०८२-२०८३/०८४ | २००० | |

### ३.५.९ जोखिम तथा अनुगमन

अन्तर सरकार,नीजि क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास,पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ । स्थानीय वेरोजगार युवाहरु पर्यटन व्यवसायमा आकर्षित हुनेछन । विभिन्न महामारी, विपद् तथा पर्यटकीय स्थलहरु जोड्ने कच्ची सडकहरुमा आउने अबरोधका कारण पर्यटन क्षेत्रको अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्दछ ।

## ३.६ भूमि व्यवस्था, सहकारी र वित्तिय सेवा

### ३.६.१ पृष्ठभूमि

गाउँपालिकाका तर्फबाट कृषि तथा पशुपालन व्यावसाय, महिला, दलित, अपाङ्ग असाहय तथा जेष्ठ नागरिकका क्षेत्रमा उल्लेखनिय कार्य गर्ने वित्तिय तथा सहकारी संस्थालाई प्रोत्साहन गर्नु आवश्यक छ। कृषि सहकारीहरु सञ्चालनमा रहेको र वित्तिय सेवामा पहुँच सहज भएको छ । गाउँपालिकाले कमजोर क्षमतामा सञ्चालित सहकारीहरुको एकिकरण कार्यमा सहजिकरण, स्थानीय नगरिकको क्रयशक्ति अभिवृद्धि र सहकारी माध्यमबाट निरपेक्ष गरीबी घटाउन सहकारीको विशेष कार्यक्रम सञ्चालनको नीति लिएको छ ।

### ३.६.२ समस्या र चुनौति

कारोबार र कर्जा तथा बचत सम्बन्धित प्रावधानको ज्ञान नहुँदा सर्वसाधारणका लागि सहज वित्तिय पहुँच कायम हुन नसकेको, बैंक प्रति विश्वासनीयतामा कमि,सार्वजनिक तथा सरकारी भूमि अतिक्रमण र अव्यवस्थित बसोबास जस्ता चुनौतीहरु छन ।

## ३.६.३ सोच

**ñ सहकारीद्वारा रोजगारीö**

## ३.६.४ उद्देश्य

१. सार्वजनिक जग्गाको अतिक्रमणलाई निस्तेज तुल्याउनु,

२. सहज,सुलभ तथा विश्वासनीय वित्तिय सेवाको विस्तार गर्ने,

३. वित्तिय सेवामा सबै गाँउवासीको पहुँच र सहकारीमा सबै घरपरिवारको सहभागिता स्थापित गर्नु।

## ३.६.५ रणनीति

१. भू-स्वामित्व र अतिक्रमणसँग सम्बन्धित समस्यालाई अन्तरसरकार साझेदारीमा दीर्धकालीन समाधान गर्ने।

२. सहकारी संस्थालाई गाउँपालिकाको प्रमुख विकास साझेदारको रुपमा विकास गर्ने ।

३. गाउँपालिका भित्र हुने गरेका अनौपचारिक आर्थिक गतिविधिलाई बैंक, सहकारी, वित्तिय संस्था र बचत ऋण समूह जस्ता औपचारिक क्षेत्रबाट कारोबार हुने वातावरण तयार गर्ने ।

४. वित्तिय साक्षरता विस्तार गर्ने ।

५. सहकारीलाई आर्थिक विकासको आधारमा विकसित गरी कृषि, उद्योग र पर्यटनसँग आवद्ध गराउने।

३.६.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य

गाउँपालिकाको प्रथम आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यकालीन लक्ष्य तालिका ३.१६ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.१६ भूमि व्यवस्था, सहकारी तथा वित्तिय सेवा उप-क्षेत्रको त्रिवर्षिय खर्च तथा स्रोतको अनुमान

| सूचक | एकाई | गत आ.व सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| स्थानीय स्तरमा सञ्चालित सहकारी | संख्या | १३ | १३ | १३ | १५ | १७ |
| सहकारीमा पहुँच(घरबाट ३० मिनेट भित्रको पैदल यात्रामा सहकारीमा पहुँच भएका परिवार) | प्रतिशत | १००% | १००% | १००% | १००% | १००% |
| बिमाले समेटेका जनसंख्या | प्रतिशत | ५% | १०% | १२% | १५% | २०% |

## ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यकालीन बजेट खाकाको आधारका भूमि व्यवस्था, सहकारी र वित्तिय सेवा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षिय अनुमान तालिका ३.१७ म प्रस्तुत गरिएको छ ।

तालिका ३.१७ः भूमि व्यवस्था, सहकारी तथा वित्तिय व्यवस्था उप-क्षेत्रको त्रिवर्षिय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | | १५० | | | | | |
| २०८०/०८१ को अनुमान | | १५० | | | | | |
| २०८१/८२ | ६५२ | ६५२ | ० | ० | ६५२ | ० | |
| २०८२/८३ | ७०० | ७०० | ० | ० | ७०० | ० | |
| २०८३/८४ | ७६० | ७६० | ० | ० | ७६० | ० | |

## ३.६.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ३.१८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१८ः भूमि व्यवस्था, सहकारी तथा वित्तिय व्यवस्था उपक्षेत्रको कार्यक्रम र आयोजनाको संक्षिप्त विवरण**

| क्र.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सहकारी प्रबर्द्धन कार्यक्रम | सहकारीको क्षमता अभिवृद्धि गर्नु | सालबसाली | २०० | १३ वटा सहकारीको क्षमतामा अभिवृद्धि भई सेवा प्रभावकारी हुनेछ । |
| २ | स्वरोजगारी सृजना तथा उद्यशिलता विकास कार्यक्रम | सहकारीको उद्यमशिल क्षेत्रमा लगानी अभिवृद्धि गर्नु | सालबसाली | ४०० | १५ वटा क्षमतायुक्त कृषि र बहुउद्देशिय सहकारी सञ्चालन भएका हुनेछन् । |
| ३ | भूमि व्यवस्था सहकारी र वित्तिय सेवा प्रवर्द्धन कार्यक्रम | सहकारीहरुको क्षमता प्रवर्द्धन गर्नु | सालबसाली | ५०० | ५० प्रतिशत सहकारीहरुको क्षमता विकास भई थप ५ प्रतिशत रोजगार सिर्जना भएको हुनेछ |

## ३.६.९ जोखिम तथा अनुगमन

सहकारी संस्थाहरु उतुपादनमूलक,व्यवसायमूलक भई स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशिल हुनेछन। यस्ता संस्थाहरुको खराव कर्जा जोखिमका रुपमा रहेको छ ।

# ३.७ श्रम तथा रोजगारी

## ३.७.१ पृष्ठभूमि

सीप विकास तथा स्वरोजगारीका लागि गाउँपालिका तथा अन्य सरकारीस्तरबाट विभिन्न अनुदान सहित आर्थिक प्राविधिक सहयोगको अभ्यास रहेको छ । ग्रामीण रोजगारी प्रवर्द्धनका लागि घरेलु उद्योगको विकास गर्न सकिने प्रशस्त आधारहरू रहेका छन। कृषि तथा गैर कृषि क्षेत्रमा औपचारिक तथा अनौपचारिक रोजगारीका अवसरहरू विस्तार हुँदै गएको छ । वैदेशिक रोजगारी तथा सरकारी सेवाको रोजगारीमा आकर्षण उच्च रहेको छ ।

### ३.७.२ समस्या तथा चुनौति

युवा जनशक्ति विदेश पलायन हुने, बाह्य क्षेत्रको रोजगारीमा आकर्षण र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भर पर्ने अवस्था रहेको छ । तालिम तथा क्षमता विकास अवसरमा कमीका कारण श्रम बजारको माग अनुसारको दक्ष जनशक्तिमा कमी रहेको छ । रोजगारीमा अनिश्चितता र स्थानीय रोजगारीमा न्यून प्रतिफल चुनौतिका रुपमा रहेका छन ।

### ३.७.३ सोच

**ñ रोजगारी र आयमा वृद्धि**

### ३.७.४ उद्देश्य

१. दक्ष जनशक्तिको विकास रोजगारी प्रवर्द्धन गर्नु ।

### ३.७.५ रणनीति

१. संघ प्रदेश र निजी क्षेत्रसँगको सहकार्यमा स्थानीय श्रम बजारका लागि आवश्यक, पेशा, सीप, दक्षताको विषयमा गहन अध्ययन गरी कामदारको माग र आपुर्तिको प्रोफाईल तयार गरी श्रम बजारलाई व्यवस्थित गर्ने । सहकारी तथा निजी क्षेत्रहरु बीच समन्वय, संयोजन र सञ्चारलाई प्रभावकारी बनाउदै रोजगारी सृजनाको एकीकृत प्रयास गर्ने ।

३. कार्य क्षेत्रमा आधारित तालिम, रोजगार सूचनाको प्रवाह तथा परामर्श र वित्तिय सहयोग मार्फत रोजगारीका अवसरहरू सृजना गर्ने ।

### ३.७.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य

गाउँपालिकाको प्रथम आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा तथा मध्यकालीन लक्ष्य तालिका नं.३.१९ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.१९: श्रम तथा रोजगारी उप- क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| सूचक | एकाई | गत आ.व सम्मको उपलब्धि | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| रोजगारी सिर्जना गर्न सञ्चालित आयोजना | संख्या | ९७ | १११ | १२७ | १४५ | १६५ |
| रोजगारी वृद्धिदर | प्रतिशत | २८.१६ | २२.८३ | २७.८३ | ३२.८३ | ३७.८३ |

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजार सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगारी उप-क्षेत्रको खर्च र सोको त्रिवर्षीय अनुमान तालिका नं. ३.२० मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.२० श्रम तथा रोजगारी उप- क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | बजेट स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | | ८०९.९६५ | ० | | | | |
| २०८०/०८१ को अनुमान | | १०० | ० | | | | |
| २०८१/८२ | ३००० | ३००० | ० | ० | ३००० | ० | |
| २०८२/८३ | ३२१५ | ३२१५ | ० | ० | ३२१५ | ० | |
| २०८३/८४ | ३३५० | ३३५० | ० | ० | ३३५० | ० | |

### ३.७.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका नं. ३.२१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.२१ श्रम तथा रोजगारी उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणः**

| क्र.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम | रोजगारी सृजना गर्नु | १०० दिन | ४००८ | ६० जना बेरोजगार न्युनतम रोजगारमा संलग्न भएको हुने |
| २ | युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना | सीप युक्त जनशक्ति उत्पादन गर्नु | ५० दिन तालिम ५० दिन काम | २६७२ | ४० जना दक्ष जनशक्ति उत्पादन हुने । |
| ३ | श्रम तथा रोजगार प्रवर्द्धन कार्यक्रम | वैदेशिक रोजगार तथा श्रम र पुनः श्रमका सम्बन्धमा सहजिकरण गर्नु | निरन्तर | ० | वैदेशिक रोजगारी तथा श्रम र पुनः श्रम सम्बन्धि सेवा प्रदान गरिएको हुने |

### ३.७.९ जोखिम तथा अनुमान

श्रम तथा गरिबी न्यूनीकरण सम्बन्धि आवश्यक नीति, कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। रोजगारी प्रवर्द्धनका कार्यक्रममा निरन्तरता नभएमा अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

## ३.८ गरिबी निवारण

### ३.८.१ पृष्ठभूमि

गरिबी निवारण राष्ट्रिय संकल्प र स्थानीय सरकारको उच्च सरोकारको सवाल हो। विकासको प्रयासबाट प्रत्यक्ष अथवा अप्रत्यक्ष रुपमा हासिल हुने नतिजा मध्ये गरिबी निवारण पनि एक हो। अजयमेरु गाउँपालिकाले कृषि, पूर्वाधार, सिंचाई र उद्यम विकासको एक अपेक्षित लक्ष्यका रुपमा गरिबी निवारणलाई लिएको छ।

## ३.८.२ समस्या तथा चुनौति

नेपालमा गरिबी निवारणका लागि भएका प्रयत्नहरु सार्थक हुन सकेका छैनन । क्षमता विकास भन्दा वितरणमुखी कार्यक्रम, वास्तविक गरिब पहिचानमा कमि, गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमबिच समन्वयको कमी यस क्षेत्रका प्रमुख समस्याहरु हुन । अज्ञानता, कुसंस्कार,सीप तथा दक्षतामा कमी र न्यून आय आर्जनमा अवसरहरुले गरिबी निवारणका प्रयासहरु प्रभावकारी हुन सकिरहेका छैनन। कृषि,पशुपालन,उद्योग तथा पर्यटन क्षेत्रबाट अति विपन्न वर्गको आयआर्जनलाई तुलनात्मक फाइदा पुर्याउन सकेको छैन । लक्ष्य अनुरुप गरिबी घटाउनु, असमानता बढ्नु र दिगव रोजगारीका अवसर सिर्जना गर्नु प्रमुख चुनौतिका रुपमा रहेका छन ।

## ३.८.३ सोच

(दिगो आर्थिक वृद्धि, गरिबी निवारण र सम्वृद्धि)

## ३.८.४ उद्देश्य

१. निरपेक्ष गरिबीको रेखामूनी रहेको जनसंख्या घटाउनु ।

२. गरिब वर्ग लक्षित उद्यम,व्यवसाय,सीप विकास तथा रोजगारीमा अवसर सिर्जना गर्नु ।

३. उत्पादनमूलक रोजगारीका अवशरमा गरिबको पहुँच सुनिश्चित गरी आधारभुत आवश्यकताबाट बञ्चित गरिब घरपरिवारलाई तत्कालिन तथा दीर्घकालिन रुपमा आवश्यकताको सम्बोधन गर्ने ।

## ३.८.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य

तालिका ३.२२ गरिबी निवारण उप-क्षेत्रको त्रिवर्षिय खर्च तथा स्रोतको अनुमान

| क्र.स | एकाई | गत आ.व सम्मको वास्तविक उपलब्धि | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| प्रतिव्यक्ति बार्षिक औसत आय | ने.रु( हजारमा) | ८० | ८५ | १०० | १५० | २०० |
| निरपेक्ष गरिबीको रेखामूनी रहेको जनसंख्या | प्रतिशत | १०% | ९% | ९% | ८.५% | ८% |

## ३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यकालीन बजेट खाकाको आधारमा गरिबी निवारण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षिय अनुमान तालिका नं ३.२३  मा प्रस्तुत गरिएको छ ।

तालिका ३.२३ गरिबी निवारण उप-क्षेत्रको त्रिवर्षिय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | २०८० | १७८० | ३०० | | | | |
| २०८०/०८१ को अनुमान | ५८०० | ३४०० | २४०० | | | | |
| २०८१/८२ | ५०० | ५०० | ० | ० | ५०० | ० | |
| २०८२/८३ | ६०० | ६०० | ० | ० | ६०० | ० | |
| २०८३/८४ | ७०० | ७०० | ० | ० | ७०० | ० | |

## ३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य,अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका नं. ३.२४ प्रस्तुत गरिएको छ ।

**तालिका ३.२४ गरिबी निवारण उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति ) | कुल लागत(रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष सँग उद्यमशिलता कार्यक्रम | उद्यमशिलता विकास र गरिबी निवारण गर्नु | सालवसाली | ५००० | कुल १००नया उद्योग तथा व्यवसायको विकास भएको हुनेछ |
| २ | गरिबी निवारण कार्यक्रम | गरिबीको रेखामूनी रहको जनसंख्यालाई सीप विकास र आय आर्जनका अवसर उपलब्ध गराउनु । | सालवसाली | ३०००० | निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या ५ प्रतिशतले कमि भएको हुनेछ |

**३.८.९ जोखिम तथा अनुमान**

गरिबी निवारणको राष्ट्रिय लक्ष्य अनुरुप सवै तहको सरकारबाट अग्रसरता प्रभावकारी भएको हुनेछ। गरिबीको तथ्याङ्क यथार्थ तथा अद्यावधिक भएको हुनेछ । गरिबी निवारणलाई विकास कार्यक्रमको अन्तरसम्बन्धित क्षेत्रका रुपमा लिईएको हुनेछ । उपरोक्त परिवेश कायम हुन नसके अपेक्षा नतिजा हासिल नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद ४: सामजिक क्षेत्र

## ४.१ शिक्षा,विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

भौगोलिक सहजताका कारण अजयमेरु गाउँपालिकालाई शिक्षाको केन्द्रको रुपमा विकास गर्न सक्ने अवसरहरु रहेका छन । गाउँपालिकाको शिक्षा प्रणालीमा स्थानीय आवश्यकता सुहाँउदो शिक्षा ऐन, कार्यविधि बनाई त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिईएको छ । विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न व्यवहारिक तथा रोजगारमुलक शिक्षा प्रणालीलाई अवलम्बन गर्ने,शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम लागु गर्ने,सवै विद्यालयहरुलाई सूचना र प्रविधियुक्त बनाउने र प्रत्येक वडामा नमुना व्यवसायिक विद्यालय सञ्चालन गर्ने नीति लिएको छ । गाउँपालिका भित्र रहेका प्राविधिक कलेजहरुलाई गुणस्तरिय बनाउने र गाउँपालिकालाई शैक्षिक हव0 को रुपमा विकास गर्ने तर्फ गाँउपालिका अग्रसर रहेको छ । विभिन्न भाषाभाषी रीतिरिवाज धर्म संस्कृतिको अध्ययन र अनुसन्धान, संरक्षण विकास र त्यसको जगेर्ना गर्ने कार्यलाई बिशेष जोड दिइएको छ। प्रविधिको उपयोगमा विस्तारले व्यापकता पाएको छ ।

### ४.१.२ समस्या तथा चुनौति

विकासमा भौतिक पूर्वाधारको आधुनिकीकरण नहुनु, वडागत जनधनत्वका आधारमा विद्यालयको समायोजन हुन नसक्नु, परिवर्तित अवस्थामा शिक्षा प्रणाली व्यवसायिक र उत्पादनमुखी हुन नसक्नु,मध्यम तथा निम्न आय भएका र आदिवासी जनजाति साथै सुकुम्वासी परिवारका बालबालिकाका लागि विद्यालयमा शैक्षिक सामग्री अभाव, विज्ञान तथा प्रविधिको क्षेत्रको अनुसन्धान तथा आविष्कारका लागि प्रोत्साहनको कमी रहेको छन ।

### ४.१.३ सोच

ñ परिवर्तित शिक्षा, संरक्षित संस्कृति गाँउको पहिचानö

### ४.१.४ उद्देश्य

१. गुणस्तरिय शिक्षामा सबै क्षेत्र र बर्गको पहुँच कायम गर्नु ।

२. भौतिक सुविधा एवम् स्रोतसाधन सम्पन्न विद्यालय तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने ।

३. विज्ञान तथा प्राविधिक शिक्षा प्रणाली अवलम्बन गर्ने ।

### ४.१.५ रणनीति

१. गुणस्तरिय तथा व्यवसायिक शिक्षा प्रणाली अवलम्बनन गर्ने ।

२. विद्यालयलाई प्राविधिक शिक्षा केन्द्रको रुपमा विकास गर्ने ।

३. आर्थिक सामाजिक रुपमा पछाडि परेको वर्गको विद्यार्थिलाई शिक्षामा समान अवसर कायम गर्न विशेष छात्रवृतिको व्यवस्था गर्ने ।

४. विज्ञान तथा प्रविधिको संरक्षण तथा संम्बर्द्धनमा जोड दिने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य

गाउँपालिकाको प्रथम आवधिकयोजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यकालीन लक्ष्य तालिका ४.१ मा प्रस्तुत गरिएको छ।

### तालिका ४.१ शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको नतिजा सूचक तथा मध्यकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व सम्मको अवस्था | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| प्राथिमिक तहमा (१-५ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ९४.१ | ९६.१ | ९६.५ | ९७.८ | ९९.८ |
| प्रारम्भिक बाल कक्षामा अध्ययनरत ४-५ बर्ष सम्मका बालबालिका | | | | | | |
| आधारभूत तह (१-८ कक्षामा) खुद भर्ना दर | | ९४.४ | ९५.६ | ९६ | ९७ | ९८ |
| माध्यमिक तह (९-१२ कक्षामा) खुद भर्ना दर | | ५६.५ | ५८.१ | ६०.२ | ६३ | ६५ |
| कक्षा १० को उत्तिर्ण दर | | ९३.९७ | ९४.८० | ९६ | ९६.७१ | ९८.९२ |
| १५-२४ बर्ष उमेर समूहका पुरुषलको साक्षरता दर | | ९८ | ९८.८ | ९९ | ९९.६ | १०० |
| पक्की शौचालय भएका विद्यालय | | १०० | १०० | १०० | १०० | १०० |
| छात्रछात्राको अलग-अलग शौचालय भएको विद्यालय | | १७ | १७ | २० | २५ | २८ |
| अपाङ्गमैत्री शोचालय भएका विद्यालय | | | | | | |
| महिला शिक्षकको अनुपात | | ०.७५ | ०.७५ | ०.८५ | ०.९ | १ |
| स्थानीय संस्कृति,कला, सम्पदा र साहित्य सम्बन्धि अध्ययन तथा अनुसन्धान | पटक | १ | १ | २ | २ | २ |

## ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यकालिन बजेट खाकाको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिबर्षिय अनुमान तालिका ४.२ मा प्रस्तुत गरिएको छ । तालिका ४.२ शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको त्रिवर्षिय तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | | बजेटको स्रोत (रु हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | आन्तरिक | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | १६०६४६ | १४९३९६ | ११२५० | | १६०६४६ | | |
| २०८०/०८१ को अनुमान | १८२९२३ | १६४९२३ | १८००० | | १८२९२३ | | |
| २०८१/८२ | १६८७३० | १६८७३० | ० | ० | १६८७३० | ० | |
| २०८२/८३ | १७०२६० | १७०२६० | ० | ० | १७०२६० | ० | |
| २०८३/८४ | १७१८०० | १७१८०० | ० | ० | १७१८०० | ० | |

## ४.१.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.३ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.३ शिक्षा, विज्ञान तथा प्रविधि उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि(शुरु र समाप्ति) | कुल लागत(रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गुणस्तरीय शिक्षा (ICT) प्रवर्द्धन कार्यक्रम | - क्षमता विकास तालिम | निरन्तर | | |
| २ | वार्षिक रुपमा शिक्षक समीक्षा भेला | -शिक्षकहरू विच अन्तरक्रिया गर्ने | २०८१/०८२-२०८३/०८४ | ५००० | |
| ३ | वार्षिक रुपमा शैक्षिक सम्मेलनको आयोजना | अभिभावक प्र अ र वि व्य स सँग अन्तर्क्रिया<br>विषयगत शिक्षक कार्यशाला | २०८१/०८२-२०८३/०८४ | १००० | |
| ४ | विद्यार्थी सँग नियमित अन्तरक्रिया | विद्यार्थीहरूको निरन्तर नेतृत्व विकास गर्ने | २०८१/०८२-२०८३/०८४ | ५०० | |
| ५ | दरबन्दीमा रहेको शिक्षक सरुवा मापदण्ड तयार | शैक्षिक संस्थामा उद्देश्य परिपूर्ति गर्ने अनिवार्य अवकाश हुने शिक्षकलाई सम्मान कार्यक्रम | २०८१/०८२-२०८३/०८४ | ५००० | |
| ६ | माध्यमिक तहमा विशेष अतिरिक्त कक्षाको व्यवस्थापन | -शैक्षिक परिणाम वृद्धि गर्ने<br>-शैक्षिक नतिजामा प्रभावकारी बनाउने | २०८१/०८२-२०८३/०८४ | ५००० | |
| ७ | शैक्षिक गुणस्तर विकास अभियान | -उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने<br>-एक वडामा एक शिशु प्रि स्कुल स्थापना गर्ने<br>उत्कृष्ट नतिजा ल्याउने शिक्षकलाई सम्मान गर्ने<br>-स्थानीय पाठयपुस्तक लागु गर्ने<br>-लागु पदार्थ दुर्व्यसनी र सामाजिक सञ्चाल दुरुपयोग सम्बन्धी विद्यालयमा सचेतना कार्यक्रम सञ्चालन<br>-प्र.अ. तथा शिक्षा समिति बैंठक संचालन<br>-आधारभूत तथा विद्यालय स्तरीय परीक्षा सञ्चालन | २०८१/०८२-२०८३/०८४ | २७९० | |

## ४.१.९ अनुगमन तथा जोखिम

गाउँपालिकाको सामाजिक विकास सम्बन्धी ऐन, नीति, मापदण्ड कार्यविधि तथा निर्देशिकाहरु निर्माण गरिसकेको हुनेछ । अन्तर सरकार र समुदायको सहकार्य र साझेदारीमा वृद्धि नभए लक्ष्य हासिल हुन कठिनाई उत्पन्न हुन सक्नेछ ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

गाउँपालिका प्रदेश स्तरको सेवा सुविधा प्राप्त अस्पतालका साथै स्वास्थ्य केन्द्रहरु रहेका छन । गाउँपालिकाले निशुल्क स्वास्थ्य शिविरको व्यवस्था, खोप कार्यक्रमलाई व्यवस्थित बनाउने,मातृ तथा नवजात शिशु,मृत्यु दर घटाउने तथा ५ वर्ष मुनिका बालबालिकाहरु तथा १५ देखी ४९ वर्षका महिलाको पोषण स्वास्थ्य स्थिति सुधार गर्न प्रत्येक वडामा बर्थिङ सेन्टर सहितको स्वास्थ्य चौकीको व्यवस्था गर्ने, व्यवहार परिवर्तनका लागि आवश्यक कार्यक्रम अघि सार्ने र स्वास्थ्य सेवालाई ज्येष्ठ नागरिक,लैङ्गिक तथा अपाङ्ग मैत्री बनाउने कार्यक्रमहरु सञ्चालन गरेको छ । पछिल्ला दिनमा स्वास्थ्य तथा पोषणका क्षेत्रमा सकारात्मक सुधारहरु भएका छन ।

### ४.२.२ समस्या र चुनौति

विपन्न वर्गमा स्वास्थ्य सेवाको सहज पहुँच हुन नसक्नु, सबै वडामा स्वास्थ्य केन्द्र नहुनु,स्वास्थ्य सेवा प्रवाह गर्न प्राविधिक सामग्रीको कमि रहेको छ भने वातावरण प्रदुषण, बिषादी, अस्वस्थकर खाना,जीवनशैली स्वास्थ्य तथा पोषणको क्षेत्रमा चुनौतिको रुपमा रहेको छ हालसम्म पनि विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को महामारीमा स्थानीय तह केन्द्रित हुँदा अन्य नियमित सेवाको गुणस्तर र प्रभावकारितामा पनि क्षयीकरण भएको अवस्था छ ।

### ४.२.३ सोच

ñ सहज र प्रविधमैत्री स्वास्थ्य, खुसी गाउँवासीö

### ४.२.४ उद्देश्य

१. आधारभूत स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्नु ।

२. सबै नागरिकहरुको आधारभुत स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्नु ।

### ४.२.५ रणनीति

१. स्वस्थ नागरिक तयार गर्न उपचारात्मक र रोकथाममूलक विधिमा जोड दिने,

२. गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने ।

३. प्रविधि मैत्री स्वास्थ्य सुविधाको विकास गर्ने ।

४. उच्चस्तरिय स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच कायम गर्ने ।

५. स्वस्थ जीवनशैढीको प्रवर्द्धन गर्न जनचेतना अभिवृद्धिलाई व्यापक तुल्याउने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य

गाउँपालिकाको प्रथम आवधिक योजनायोजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार स्वास्थ्य तथा पोषण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यकालीन लक्ष्य तालिका ४.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४ स्वास्थ्य तथा पोषण उप-क्षेत्रको नतिजा सूचक तथा मध्यकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व सम्मको अवस्था | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ३० मिनेट भित्र अस्पतालको पहुँचमा भएको जनसंख्या | प्रतिशत | १० | १० | १५ | १५ | २० |
| २५०० ग्राम कम जन्म तौल भएका शिशु | संख्या | ८ | ५ | ४ | ३ | १ |
| झाडापाखालाको संक्रमण दर (प्रति हजारमा) | | ४०.१७ | ३४.२९ | ३१ | २५ | २० |
| स्वाश प्रश्वासको संक्रमण दर ( प्रति हजारमा) | | १७३.४७ | ८३.९७ | ७० | ६० | ४५ |
| स्वास्थ्य संस्थमा कार्यरत स्वास्थ्यकर्मि | संख्या | ४० | ४२ | ४२ | ४२ | ४२ |
| भिटामिन ए प्राप्त गर्ने बालबालिका | संख्या | २६३० | २६३० | २६३० | २६३० | २६३० |
| परिवार नियोजनका साधनको प्रयोग दर | प्रति सयमा | ४६.५८ | ३६.६५ | ३५ | ३० | २९ |
| स्वास्थ्य शिविर संचालन | पटक | १ | १ | १ | १ | १ |
| महिला स्वास्थ्य स्वयंसेविका | संख्या | ८२ | ८२ | ८२ | ८२ | ८२ |
| आयोडिनयुक्त नून प्रयोग गर्ने जनसंख्या | | १३६६० | १४२०० | १५००० | १५१६१ | १५१६१ |

## ४.२.७ उपलब्ध क्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिबर्षिय अमुमान तालिका ४.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५ स्वास्थ्य तथा पोषण उप-क्षेत्रको त्रिबर्षिय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | | ३१५०० | ४०० | | ३१९०० | | |
| २०८०/०८१ को अनुमान | | १८६२३ | ० | | १८६२३ | | |
| २०८१/८२ | ३९५८५ | ३९५८५ | ० | ० | ३९५८५ | ० | |
| २०८२/८३ | ४१४४० | ४१४४० | ० | ० | ४१४४० | ० | |
| २०८३/८४ | ४३२९५ | ४३२९५ | ० | ० | ४३२९५ | ० | |

### ४.२.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि लगत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६ स्वास्थ्य तथा पोषण उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य सेवा विकास पूर्वाधार तथा क्षमता अभिवृद्धि कार्यक्रम | -अस्पताल भवन निर्माण गर्ने<br>-मापदण्ड अनुसार भवन निर्माण गर्ने<br>-आखाँ उपचार केन्द्र सञ्चालन गर्ने<br>-ल्याव सेवा सञ्चालन गर्ने<br>-वर्थिङ सेवा तथा केन्द्रमा कुरुवा भवन निर्माण गर्ने<br>-एम्बुलेन्सको व्यवस्थापन गर्ने<br>-गर्भवती प्रोत्साहन गर्ने<br>-गाउँघर क्लिनिक तथा खोप केन्द्र सञ्चालन गर्ने | २०८१/०८२-२०८३/०८४ | ५०००० | |
| २ | महामारी तथा सरुवा रोग नियन्त्रण योजना | -महामारी नियन्त्रण गर्ने<br>- जनचेतना कार्यक्रम सञ्चालन गर्ने<br>-संचार माध्यमबाट जनचेतना प्रवाह गर्ने<br>-पूर्ण खोप सुनिश्चित घोषणा गर्ने | २०८१/०८२-२०८३/०८४ | १०००० | |
| ३ | दीर्घकालीन रोगको पहिचान तथा उपचार | -वर्थिङ सेन्टरमा पाठ्यघरको क्यान्सर जाँचसेवा सञ्चालन गर्ने<br>-वर्षको २ पटक ब्लड प्रेसर सुगर र पिसापमा प्रोटिनको मात्राको जाचँ<br>-गाउँ घर डाक्टर कार्यक्रम<br>-एकिकृत स्वास्थ्य सिविर | २०८१/०८२-२०८३/०८४ | ५००० | |

### ४.२.९ जोखिम तथा अनुमान

प्रस्तावित कार्यक्रमको लागि संस्थागत सुदृढिकरण, पर्याप्त स्रोत विनियोजन,स्वास्थ्य सामाग्रीको उपलब्धता जनशक्ति व्यवस्थापन,अन्तर सरकार र सरोकारवाला बीच समन्वय हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुन सक्छ ।

## ४.३ खानेपानी तथा सरसफाई

### ४.३.१ पृष्ठभूमि

गाउँपालिकाले खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरी गाउँपालिकावासीलाई शुद्ध खानेपानीको व्यवस्था मिलाउने प्रयास गरेको छ । गाउँपालिकामा हाल सञ्चालित विभिन्न खानेपानी उपभोक्ता समिति मार्फत लगभग ३२०० घरधुरीलाई शुद्ध खानेपानी वितरण गरेको छ । सरकारी, नीजि र समुदायको त्रिपक्षिय सहकार्यमा आधारित खानेपानी तथा सरसफाई कार्यक्रम पूर्ण सरसफाईका सूचकलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र स्वच्छ खानेपानी तथा सरसफाई सम्बन्धी सचेतना तथा व्यवहार परिवर्तनबारे कार्यक्रम सञ्चालन गरिएको छ । गाउँपालिकाले सबै वडा र पालिकाको केन्द्रमा उपयुक्त स्थानमा फोहरमैला व्यवस्थापन काम गरिरहेको छ ।

४.३.२ समस्या तथा चुनौति

खानेपानी व्यवस्थापनको दीर्धकालीन तथा वैज्ञानिक विधि अपनाउन नसक्नु, लिफ्ट खानेपानी प्रयोगले खानेपानीमा लगानी बढ्दै जानु,विपन्न र सबैमा खानेपानीको पहुँचमा कमी, खानेपानी वितरणमा  समानता नहुनु लगायत खानेपानी तथा सरसफाई क्षेत्रका चुनौती हुन ।

## ४.३.३सोच

ñ स्वच्छ, सुरक्षित, सुविधायुक्त दिगो खानेपानीö

## ४.३.४ उद्देश्य

१. गाउँपालिकावासीमा स्वच्छ खानेपानीको पहुँच स्थापित गर्नु

२. गुणस्तरीय सरसफाई सुबिधा विकास र विस्तार गर्नु ।

## ४.३.५ रणनीति

१. खानेपानी गुणस्तर कायम गर्न नियमित परिक्षण र सुधारका उपायलाई जोड दिने ।

२. एकीकृत ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्र निर्माणका लागि अन्य सरोकारवाल निकायसँग समन्वयमा काम गर्ने ।

३. पुर्ण सरसफाईयुक्त गाउँ घोषणाका लागि समुदायसँग सहकार्य र साझेदारी मजबुद गराउने ।

## ४.३.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य

गाउँपालिकाको प्रथम आवधिक योजनायोजना तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यकालीन लक्ष्य तालिका ४.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७ खानेपानी तथा सरसफाई उप-क्षेत्रको नतिजा तथा मध्यकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व सम्मको उपलब्धि हरु | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | संख्या | ३२३४ | ३२३४ | ३३०५ | ३३७८ | ३४५३ |
| सूचारु खानेपानी आयोजना | संख्या | २५ | २८ | ३० | ३२ | ३५ |
| एक घर एक धारा भएका घरपरिवार | संख्या | १६०३ | १६०३ | १८०० | २००० | २२०० |
| सुरक्षित खानेपानी प्राप्त घरधुरी | संख्या | ३०५४ | ३०५४ | ३१५० | ३३०० | ३४५३ |
| शौचालय भएका परिवार | संख्या | ३१८६ | ३१८६ | ३२५० | ३३२५ | ३४५३ |
| सार्वजनिक शौचालय | संख्या | ४ | ४ | ५ | ६ | ८ |
| छात्र छात्राको अलग अलग शौचालय भएको विद्यालय | संख्या | १८ | २२ | २५ | २७ | ३० |

## ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुदान

उपलब्ध बजेट सीमा,मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यकालीन बजेट खाकाको आधारमा खानेपानी र सरसफाई उप-क्षेत्रको खर्च र स्रोतका त्रिवर्षिय अनुमान तालिका ४.८ मा रहेको छ ।

तालिका ४.८ खानेपानी तथा सरसफाई उप-क्षेत्रको त्रिवर्षिय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | | ० | २६३०० | | | | |
| २०८०/०८१ को अनुमान | | ० | २०००० | | २०००० | | |
| २०८१/८२ | २८८० | २८८० | ० | ० | २८८० | ० | |
| २०८२/८३ | ३१२० | ३१२० | ० | ० | ३१२० | ० | |
| २०८३/८४ | ३३६० | ३३६० | ० | ० | ३३६० | ० | |

## ४.३.८ कार्यक्रम / आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि,लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.९ मा प्रस्तुत गरिएको छ । तालिका ४.९ खानेपानी तथा सरसफाई उप- क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | खानेपानी तथा सरसफाई कार्यक्रम | | २०८१/०८२-२०८३/०८४ | ६०० | १५ प्रतिशत |
| २. | खानेपानी सेवा विस्तार व्यवस्थापन | -७०% घरधुरीमा १ घर १ धारा निर्माण गर्ने<br>-पानीको गुणस्तर परीक्षण गर्ने<br>-उपभोक्ता समितिका सदस्यहरूलाई योजना व्यवस्थापन तथा मर्मत तालिम<br>-खानेपानी सम्बन्धी नीति योजना समिति निर्माण गर्ने | २०८१/०८२-२०८३/०८४ | १००० | ७०% घरधुरीमा १ घर १ धारा निर्माण भएको हुने<br>-पानीको गुणस्तर परीक्षणलाई निरन्तरता<br>-उपभोक्ता समितिका सदस्यहरूलाई योजना व्यवस्थापनमा सक्रिय बनाईने<br>-खानेपानी सम्बन्धी नीति योजना समिति निर्माण भएको हुने |

### ४.३.९ जोखिम तथा अनुमान

प्रस्तावित बजेट, कार्यक्रम सुनिश्चितता भई आयोजना संचालन तथा मर्मत संभार र सतरोन्नती भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ । आयोजनाको ढिला निर्माण र उचित व्यवस्थापन हुन नसक्नु खानेपानी र सरसफाई सम्बन्धि अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ।

## ४.४ महिला,बालबालिका सामाजिक संरक्षण र समावेशिकरण

### ४.४.१ पृष्ठभूमि

लैङ्गिक समता तथा सामाजिक समावेशिकरणको मूल मान्यतालाई अंगिकार गर्दै गाउँपालिकाले समाजका पिछिडिएका तथा महिला र विपन्नहरुको निर्णय प्रकृयामा पहुँच वृद्धि गर्ने अवसर प्राप्त गरेको छ। बालबालिकाको पहुँच र क्षमता विकासका वडा स्तरीय बालमञ्च गठन भएका छन। सडक मानवको उचित व्यवस्थापनको लागि मानवसेवा आश्रमसँग सम्झौता गरी उद्धार कार्य अघि बढिरहेको अवस्था छ। ज्येष्ठ नागरिक, एकल महिला लगायत विपन्न वर्गको लागि विशेष कार्यक्रमहरु सञ्चालन गर्ने गरिएको छ ।

### ४.४.२ समस्या तथा चूनौति

लक्षित वर्ग, पिछिडिएको वर्गमा स्वरोजगारीका अवसर तथा आत्म निर्भरताका कमी रहेको छ। स्थानीय स्तरको योजना रहेतापनि प्रत्यक्ष अर्थपूर्ण सहभागिता नहुदा तर्जुमा गरिएका कार्यक्रमहरुबाट प्रभावकारी कार्यान्वयनको कमी रहेको छ। भौतिक संरचनाहरु बालबालिका, अपाङ्ग तथा महिलामैत्री नहुनुर बाल बिवाह तथा जातिय छुवाछुतको अभ्यास कायमै रहनु चुनौतिका रुपमा रहको छ।

### ४.४.३ सोच

ïअर्थपूर्ण समतामूलक, सभ्य समाजको निर्माणö

### ४.४.४ उद्देश्य

१. महिला र पछ्याडी पारिएका वर्गको क्षमता अभिवृद्धि र निर्णय निर्माण तहमा सुनिश्चत गर्नु ।

### ४.४.५ रणनीति

१. अन्तरसरकारी सहकार्यमा समावेशीकरणको व्यवहरिक कार्यान्वयन गर्ने ।

२. लक्षित वर्गको क्षमता विकासमार्फत आत्म सम्मानको अभिवृद्धि र सार्वजनिक लाभमा न्यायोचित पहुँच सुनिश्चित गर्ने।

३. गाउँपालिकामा महिला,जेष्ठ नागरिक, अपाङ्ग तथा बालमैत्री संरचनाहरुको विकास गर्ने ।

४. लैङ्गिक अडिट तथा लैङ्गिक उत्तरदायी बजेटको अवधारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

### ४.४.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य

गाउँपालिकाको प्रथम आवधिक योजनायोजना, कार्यक्रम तथा आयोजनाको आगामी ती आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यकालीन लक्ष्य तालिका ४.१० मा प्रस्तुत गरिएको छ

**तालिका ४.१० महिला, बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको नतिजा सूचक तथा मध्यकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व सम्मको उपलब्धि | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| बार्षिक रुपमा घरेलु हिसां अन्तर्गत दर्ता भएका उजुरी संख्या | संख्या | | | | | |
| गाउँपालिका भित्र रहेका सडक बालबालिका | | ० | ० | | | |
| गाउँपालिकातभित्र रहेका बालगृह | | ० | ० | १ | १ | १ |
| बाल यौनहिंसामा परेका बालिका | | | | | | |
| बेचबिखनमा परेका महिला, किशोरी र बालिका | | | | | | |
| गाउँपालिकामा महिला सहभागिता | प्रतिशत | ३५ | ३५ | ३८ | ४३ | ४८ |
| कार्यपालिकामा महिला सहभागिता | संख्या | ५ | ५ | ५ | ५ | ५ |
| गाउँसभामा महिला सहभागिता | | १२ | १२ | १२ | १२ | १२ |
| गाउँपालिका स्तरिय संघ/ महासघंमा महिला सहभागिता | | | | | | |
| सहकारी क्षेत्रको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | २० | २० | २२ | २३ | २४ |
| जमीन तथा सम्पतीमा महिलाको स्वामित्व भएका घरपरिवार | | १.५ | १.५ | २ | ३ | ४ |

## ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यकालीन बजेट खाकाको आधारमा महिला,बालबालिका तथा समावेशीकरण उप-क्षेत्रको खर्च र स्रोको त्रिबर्षिय अनुमान तालिका ४.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.११: महिला,बालबालिका तथा लक्षित वर्ग उप-क्षेत्रको त्रिवर्षिय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा). | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | १४८५ | १४८५ | ० | | | | |
| २०८०/०८१ को अनुमान | ८३३७.९ | ८३३७.९ | ० | | | | |
| २०८१/८२ | ५५० | ५५० | ० | २५० | ३०० | ० | |
| २०८२/८३ | ७०० | ७०० | ० | २५० | ४५० | ० | |
| २०८३/८४ | ८५० | ८५० | ० | १०० | ७५० | ० | |

## ४.४.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

**तालिका ४.१२: कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण**

| क.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | एकल महिलासँग उपाध्यक्ष कार्यक्रम | एकल महिलालाई खाद्यान्न वितरण | २०८१/०८२- २०८३/०८४ | २५० | एकल महिलाहरुको सरकारप्रतिको विश्वास अभिबृद्धि |
| २ | बालश्रममुक्त स्थानीय तह घोषणा प्रोत्साहन कार्यक्रम | बालश्रमको निराकरण गर्नु | | ३०० | बालश्रममुक्त पालिका घोषणा भएको हुने। |
| ३ | अपाङ्ग भएका व्यक्ति संरक्षण र सशक्तिकरण | अपाङ्गहरुलाई मूलधारमा ल्याउनु | | ३०० | अपाङ्गहरुलाई आवश्यक सामग्रि वितरण |
| ४ | द्वारिकादेवी ठकुरानी महिला सशक्तिकरण कार्यक्रम | महिला सशक्तिकरण गर्नु | | ३०० | क्षमता विकास भएको हुने |
| ५ | महिला, बालबालिका समाजिक संरक्षण र समावेशीकरण कार्यक्रम | महिला सशक्तिकरण गर्नु | | ३०० | क्षमता विकास भएको हुने |
| ६ | ज्येष्ठ नागरिक सँग जयराज कार्यक्रम | ज्येष्ठ नागरिकलाई निसुल्क औषधि वितरण गर्ने | | ३०० | ज्येष्ठ नागरिकहरुको स्वास्थ्यमा सुधार |

**४.४.९ जोखिम तथा अनुमान:** महिला,बालबालिका तथा लक्षित वर्ग सम्बन्धि कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था भएमा महिला, बालबालिका. ज्येष्ठ नागरिक लगायत पिछडिएका बर्गलाई राज्यको मूलधारमा ल्याउन सहयोग पुग्नेछ भने कार्यक्रमहरुमा सहभागी छनोट प्रभावकारी नभएमा अपेक्षित हासिल नहुन सक्छ।

## ४.५ युवा खेलकुद तथा नवप्रवर्तन

### ४.५.१ पृष्ठभूमि

स्थानीय विकासमा युवा सहभागिता अभिवृद्धि गरी युवाको सशक्तिकरण र विकासमा परिचालनको नीति अवलम्बन गरिएको छ । सीप विकास,स्वरोजगारी र आत्मनिर्भरताका अवसरहरु सिर्जना भएका छन । खेल क्षेत्रको विकासका लागि स्थानीयस्तरमा खेल आयोजना  तथा खेलाडीलाई सहयोग तथा सम्मानको अभ्यास रहेको छ । गाउँपालिकाले युवालाई लागु पदार्थ तथा दुरव्यसनबाट सचेत गराउने लिएको छ।

### ४.५.२ सोच

"सिर्जनशील युवा तथा सर्वाङ्गिण विकास"

### ४.५.४ उद्देश्य

१. युवालाई आत्मनिर्भर तथा स्वरोजगार गराउनु ।

२. खेल क्षेत्रलाई विशिष्टकृत तथा व्यावसिक तुल्याउनु ।

### ४.५.५ रणनीति

१. युवा वर्गको क्षमता विकास गरी उनीहरुलाई सामाजिक, आर्थिक र खेलकुदका गतिविधिमा  संलग्न गराउने ।

२. युवाहरुमा सामाजिक भावना, सिर्जनशिलता, उद्यमशिलता र नेतृत्व विकासका लागि नियमित कार्यक्म सञ्चालन गर्ने ।

३. खेल पूर्वाधार, सामग्री तथा प्रशिक्षणको व्यवस्था गरी प्रतिस्पर्धि खेल क्षमताको विकास गर्ने  ।

४. विकास प्रक्रियामा युवाको समावेशिकरण र सहभागिता सुनिश्चित गर्ने ।

५. खेल गतिविधिहरुको बार्षिक क्यालेन्डर बनाएर नियमित रुपमा कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य

गाउँपालिकाको प्रथम आवधिक योजनायोजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यकालीन लक्ष्य तालिका ४.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१३ युवा तथा खेलकुद उप-क्षेत्रको नतिजा सूचक तथा मध्यकालीन लक्ष्य**

| सूचक | एकाई | गत आ.व सम्मको अवस्था | चालु आ.व सम्मको अनुमानीत उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| युवाक्लब , संजाल तथा संस्था | संख्या | ५ | ६ | ७ | ८ | ९ |
| रोजगारीमा नरहेको १५ देखी २४ उमेर समूहका युवाको अनुपात | प्रतिशत | | | | | |
| प्राविधिक र व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्क (बार्षिक) | संख्या | | | | | |
| कवर्डहल तथा स्तरीय खेलकुद मैदान | संख्या | १ | १ | १ | २ | २ |
| गाउँमा संचालित खेलकुद प्रतियोगिता | | ३ | ४ | ५ | ६ | ७ |
| प्रदेश,राष्ट्रिय र अन्तराष्ट्रिय खेलाडी | संख्या | २ | ४ | ५ | ७ | ९ |
| खेल प्रशिक्षणमा सहभागी युवा | | १० | १० | ११ | ११ | १५ |
| आयोजना हुने खेलकुद प्रतियोगिता | | ३ | ४ | ५ | ५ | ६ |

## ४.५.७ युवा तथा खेलकुद उप-क्षेत्रको खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यकालीन बजेट खाकको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्चर सोको स्रोतको त्रिबर्षिय अनुमान तालिका ४.१४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१४: युवा तथा खेलकुद उप-क्षेत्रको त्रिबर्षिय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा). | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | | **३०८६.२५** | ० | | | | |
| २०८०/०८१ को अनुमान | | **३६२५** | ० | | | | |
| २०८१/८२ | २४१३ | २४१३ | ० | २०० | २२१३ | ० | |
| २०८२/८३ | २५१२ | २५१२ | ० | १५० | २३६२ | ० | |
| २०८३/८४ | २६११ | २६११ | ० | २०० | २४११ | ० | |

४.५.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ४.१५ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.१५ युवा तथा खेलकुद उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| **क.स** | **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि** | **कूल लागत (रु हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | खेलकुद मार्फत अजयमेरुको पहिचान कार्यक्रम | -राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन (स्थानीय र जिल्ला स्तर)<br>-उपराष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता<br>-शिक्षककर्मचारी मैत्रीपूर्ण खेलकुद प्रतियोगीता<br>-अध्यक्ष कफ खेलकुद<br>-खेलकुद प्रवर्धन | २०८१/०८२-२०८३/०८४ | १३५०० | |
| २ | राष्ट्रिय स्तरको खेलमैधान निर्माण | खेलकुद प्रतियोगिताहरु सञ्चालन गर्नु | | | |

## ४.५.९ जोखिम तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धि कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था भई यससँग सम्बन्धित निकायको संस्तागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोहत्सान नभएमा अपेक्षित हासिल नहुन सक्छ।

# परिच्छेद ५: पाँच

# ५. पूर्वाधार क्षेत्र

## ५.१ बस्ती विकास, आवास तथा भवन

### ५.१.१ पृष्ठभूमि

गाउँपालिकाको छ वटै वडाको केन्द्र र पालिका केन्द्र तथा सबै स्थानमा रहेका पातलो बस्ति रहेको छ। बसाईसराईको क्रमलाई रोकी पालिकाभित्रको जनसंख्यालाई सन्तुलनमा राख्न सुरक्षित बस्ति विकास गरिनु आवश्यक छ।

### ५.१.२ समस्या तथा चूनौति

व्यवस्थित र सुरक्षित बस्ती तथा आवास निर्माण गर्नका लागि तोकिएका मापदण्डहरुको कार्यान्वयन र तिव्र बसाईसराईको क्रमलाई रोक्ने कार्य चुनौतिपूर्ण छ।

### ५.१.३ सोच

ोव्यवस्थित आवास गाउँपालिकाको पहिचान०

### ५.१.४ उद्देश्य

१. व्यवस्थित र सुरक्षित बस्ती तथा आवास निर्माण गर्ने।

२. गाउँपालिकाभित्र र हेको खेतीयोग्य जमिन र बनजंगलको संरक्षण गर्ने।

## ५.१.५ रणनीति

१.एकीकृत बस्ती विकासको प्रारुप तयार पार्ने ।

२.सार्वजनिक जग्गाको उत्पादनशिल प्रयोग गर्ने ।

३.आवसिय पूर्वाधारलाई व्यवस्थित र वैज्ञानिक बनाउने ।

४.आधारभुत सुविधा सम्पन्न आवास तथा बस्ती निर्माणमा मापदण्डको पालनालाई अनिवार्य गर्ने ।

## ५.१.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य

गाउँपालिकाको प्रथम आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रमबाट सञ्चालित आयोजनाको आगामि तीन आर्थिक बर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यकालीन लक्ष्य तालिका ५.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१ भवन,आवास तथा बस्ती विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यकालिन लक्ष्य**

| सूचक | एकाई | गत आ.व सम्मको उपलब्धि | चालुआ.व. सम्मको अनुमानीत उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| भूकम्प प्रतिरोधि भवन निर्माण सम्बन्धि दक्ष व्यक्ति | संख्या | | | | | |
| भुकम्प प्रतिरोधि प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | | | | | |
| आधारभूत पूर्वाधार सहितका व्यवस्थित बजार | संख्या | | | | | |
| गरिब बस्तीहरु र अवैध जमिनमा बसोबास गर्ने जनसंख्या (हजारमा) | संख्या | | | | | |
| सुरक्षित घरहरुमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | ९२ | ९२ | | | |
| सुरक्षित सार्वजनिक यातायातको उपलब्धता | प्रतिशत | ५ | ६ | ८ | १० | १२ |
| घरबाट ३० मिनेटको पैदलयात्रामा पक्की सडकको पहुँच | प्रतिशत | १८ | १८ | २० | २२ | २५ |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय,विद्यालय तथा स्वास्थ्य भवन | संख्या | ५० | ५३ | ५५ | ५८ | ६५ |

## ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यकालीन बजेट खाकाको आधारमा बस्ती विकास, आवास तथा भवन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिबर्षिय अनुमान तालिका ५.२ मा प्रस्तुत गरिएको छ ।

तालिका ५.२ भवन, आवास तथा बस्ती उप-क्षेत्रको त्रिबर्षिय स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा). | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | ३९७७१ | ० | ३९७७१ | | | | |
| २०८०/०८१ को अनुमान | २७६७० | ० | २७६७० | | | | |
| २०८१/८२ | ४१४७५ | ५०० | ४०९७५ | ० | ३३६५५ | ७८२० | |
| २०८२/८३ | ४२५२५ | ५५० | ४१९७५ | ० | ३४२९५ | ८२३० | |
| २०८३/८४ | ४३५७५ | ६०० | ४२९७५ | ० | ३४९४५ | ८६३० | |

## ५.२.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य,अवधि, लागत अपेक्षितसहितको संक्षिप्त विवरण तालिका ५.३ मा प्रस्तुत गरिएको छः

तालिका ५.३ भवन,आवास तथा बस्ती विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कूललागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रत्येक वडा स्तरमा सामुदायीय भवनहरू र विषयगत कार्यालयका भवन निर्माण | -सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित रुपमा सञ्चालन गर्ने | २०८१/०८२-२०८३/०८४ | २०००० | |

**५.१.९ जोखिम तथा अनुगमन**भू-उपयोग आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धि मापदण्ड तयार सहित परिपालनमा अभिवृद्धि हुनेछ ।भू-स्वरुपमा परिवर्तन र शहरिकरणका कारण वातावरणीय ह्रासमा वृद्धि भई गाउँक्षेत्रको सुन्दरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेको छ ।

# ५.२ सडक पुल तथा यातायात

## ५.२.१ पृष्ठभूमि

गाउँपालिकाका सबै वडामा कच्ची सडकले छोएको छ भने सबै वडाहरुमा सडक सञ्जाल तथा सार्वजनिक यातायातको सुविधा रहेको छ गाउँपालिकामा कुल १८ कि.मि कालोपत्रे, ३ किमी ग्राविल सडक निर्माण भएको छ। सडक पूर्वाधारलाई पर्यटन विकासको मेरुदण्डको रुपमा विकास गर्ने नीति लिएको छ।

## ५.२.२ समस्या तथा चूनौति

पूर्वाधारको विकास भएपनि गाउँपालिकाले पर्यटकिय केन्द्रको रुपमा बललिदो परिस्थिति अनुसार पूर्वाधार विकासमा ध्यान नपुर्याएको, सडकको चौडाई साघुँरो हुनु, पर्यावरणलाई जोगाउने तर्फ ध्यान नपुग्नु, सडक निर्माण सँगसँगै ढल निर्माण नहुँदा असहज परिस्थिति उत्पन्न हुनु, सडको गुणस्तरियतामा कमि हुनु सडक चिन्हको अभावका कारण दुर्घटनाको वृद्धि हुनु, सडक तथा यातायातको क्षेत्रमा देखिएका समस्या तथा चुनौति हुन ।

### ५.२.३ सोच

ñ सुरक्षित, गुणस्तरीय, वातावरणमैत्री र दिगो सडक पूर्वाधार०

### ५.२.४ उद्देश्य

१. सबै क्षेत्रमा विश्वसनिय यातायात सेवा बिस्तार गर्न ।

२. यातायात व्यवस्थापनलाई प्रभावकारी गराउनु ।

### ५.२.५ रणनीति

१. अन्तर सडक साझेदारी र सहकार्यमा सडक पूर्वाधार निर्माण तथा स्तरोन्नती गर्ने ।

२. सडक निर्माणलाई वातावरणमैत्री तुल्याउने ।

३. यातायात सञ्चालन र व्यावस्थापन प्रणाली सुदृढ बनाउने ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक बर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५.४ मा प्रस्तुत गरिएको छ।

| सूचक | एकाई | गत आ.व सम्मको उपलब्धि | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| १२ महिना सञ्चालन हुने सडकको २ कि.मि वरपर बसोबास गर्ने जनसंख्याको अनुपात | प्रतिशत | ७० | ७२ | ७५ | ७७ | ८० |
| कंक्रिट सडक | कि.मि | ३ | ३ | ५ | ७ | ९ |
| कालोपत्रे सडक | कि.मि | १० | १८ | २२ | २८ | ३५ |
| ग्राबिल सडक | कि.मि | ० | ३ | ७ | ११ | १९ |
| धुले सडक | कि.मि | | | | | |
| सडक नाली लम्बाई | कि.मि | १० | २१ | ३० | ३२ | ४० |

### ५.२.७ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान

उपलब्ध भएको बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिबर्षिय अनुमान तालिका ५.५ मा प्रस्तुत गरिएको छ ।

तालिका ५.५ सडक, पुल तथा यातायात उप-क्षेत्रको त्रिबर्षिय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | ४७१३.४ | ० | ४७१३.४ | | | | |
| २०८०/०८१ को अनुमान | ४९९५ | ० | ४९९५ | | | | |
| २०८१/८२ | १११०० | ० | १११०० | ० | १०१०५ | ९९५ | |
| २०८२/८३ | १२००० | ० | १२००० | ० | १०९०० | ११०० | |
| २०८३/८४ | १२९०० | ० | १२९०० | ० | ११६९५ | १२०५ | |

### ५.२.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.६ सडक, पुल तथा यतायात उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कूल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सडक विस्तार तथा मर्मत सुधार कार्यक्रम | -बागबजार ढिमौला भद्रपुर सडकलाई गाउँपालिका सदरमुकाम सम्म कालोपत्रे गर्ने<br>- बागबजार उग्रतारा मेलौली सडकलाई गाउँपालिका सदरमुकाम सम्म कालोपत्रे गर्ने<br>-खतेडा गणेशधुरा पुईलेक सडक, दोगाड चोरलेख सडक भद्रपुर गुनपाल सडक मगराउँ भुल्कुडा सडक, डुडरी सेरागाड सडक ग्राभेल गर्ने<br>-५ वटा पुल, ५ वटा कलपट, १० कजवे निर्माण गर्ने | २०८१/८२-२०८३/८४ | ५०००० | गाउँपालिका र वडाको केन्द्रसम्म आवतजावतमा सहजता भएको |

### ५.२.९ जोखिम तथा अनुमान

सडक निर्माण तथा सत्तरोन्नतिमा अन्तर सरकार सहकार्यमा वृद्धि भएको हुनेछ । उपभोक्ता समिति तथा सम्बन्धित सरोकारवालाको सक्रिय सहभागितमा आयोजना व्यवस्थापन गर्न नसकिएका अपेक्षित नतिजा हासिल हुने जोखिम रहन सक्छ ।

## ५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

### ५.३.१ पृष्ठभूमि

यस गाउँपालिका क्षेत्रमा जलस्रोतको सम्भावना भएता पनि श्रोत साधन र जनशक्तिको अभावका कारण उपभोग गर्न सकिएको छैन। गाउँपालिका अन्तर्गत प्राय सबै स्थानमा विद्युतिकरण सम्पन्न भएको छ। वैकल्पिक उर्जाको प्रयोग बढाउन सकिरहेको छैन।

### ५.३.२ समस्या र चुनौती

गाउँपालिकाको आर्थिक विकासका लागि जलस्रोतको वहुउपयोगलाई प्रवर्द्धन गर्नु आबस्यक छ। पानीको मुहान आबस्यकता अनुसार नभएकोले पिउने पानी, सिँचाई सुबिधा उपलब्ध गराउनु चुनौतिपूर्ण रहेको छ।

### ५.३.३ सोच

पूर्ण विद्युतिकरण, जलस्रोतको वहुउपयोग।

### ५.३.४ उद्देश्य

वैकल्पिक उर्जाको प्रवर्द्धन गरी वातावरण संरक्षण गर्नु।

### ५.३.५ रणनीति

१.विद्युत सेवा सबै उपभोक्तामा सर्वसुलभ रुपमा उपलब्ध गराउनु।

२.गुणस्तरिय विद्युत सेवा उपलब्ध गराउनु।

३.वैकल्पिक उर्जाको प्रयोग बढाउने।

### ५.३.६ नतिजा तथा मध्यमकालिन लक्ष्य

तालिका ५.७ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा उपक्षेत्रको नतिजा तथा मध्यमकालिन लक्ष्य

| सूचक | एकाई | गत आ.व सम्मको उपलब्धि | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| विद्युतीकरण भएका घरपरिवार | संख्या | २८०० | ३००० | ३१०० | ३२०० | सबै |
| विद्युतीय चुलो प्रयोग गर्ने घरधुरी | संख्या | ५०० | १००० | १५०० | २००० | सबै |
| बैकल्पिक उर्जा प्रयोग गर्ने घरधुरी | संख्या | १०० | १५० | २०० | २५० | ३०० |
| सोलार बत्ती संख्या | संख्या | १० | १७ | २० | २५ | ३० |

### ५.३.७ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान

उपलब्ध भएको बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा **जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा** उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिबर्षिय अनुमान तालिका ५.८ मा प्रस्तुत गरिएको छ ।

तालिका ५.८ **जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा** उप-क्षेत्रको त्रिबर्षिय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु हजारमा) | | | बजेटको स्रोत (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | १००० | ० | १००० | | | | |
| २०८०/०८१ को अनुमान | ८०० | ० | ८०० | | | | |
| २०८१/८२ | २३७११ | १०० | २३६११ | ० | १८७११ | ५००० | |
| २०८२/८३ | २४४०० | २०० | २४२०० | ० | १९१०० | ५३०० | |
| २०८३/८४ | २५०८९ | ३०० | २४७८९ | ० | १९४८९ | ५६०० | |

### ५.३.८ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५.९ मा प्रस्तुत गरिएको छ ।

तालिका ५.९ **जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा** उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्युतको पहुँचलाई सतप्रतिशत बनाउने | -लघुजलविद्युत योजनाको सभाव्यता अध्ययन गर्ने<br>-विद्युत वितरणलाई सुरक्षित भरपर्दो र नियमिति बनाउने | २०८१/०८२-२०८३/०८४ | १००० | |
| २ | वैकल्पिक ऊर्जा प्रवर्धन | -वायोग्यास उत्पादनमा विशेष अनुदानको व्यवस्था गर्ने<br>- बजार क्षेत्रमा सोर्य वत्ति जडान गर्ने<br>-घर भित्रको धुवा व्यवस्थापन गर्नेका लागि सुधारिएको चुलो जडान<br>- विद्युतीय तथा ईन्डक्सन चुलो वितरण | २०८१/०८२-२०८३/०८४ | ५००० | |

### ६.३.९ जोखिम तथा अनुमान

बैकल्पिक उर्जा प्रबर्धनका लागि बजेटको सुनिश्चिता र नागरिकहरुमा चेतना अभिबृद्धि गराउन सकिएमा उल्लिखित उपलब्धिहरु हासिल हुनेछ। सो हुन नसकेमा निर्धारित लक्ष्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.४ सूचना, सञ्चार तथा प्रविधि

### ५.४.१ पृष्ठभूमि

सञ्चारका साधनहरुमा मोवाइल फोन, टेलिफोन, इन्टरनेट, रेडियो, टिभि, पत्रपत्रिका तथा हुलाक रहेका छन् । आधुनिक प्रविधि विकासको महत्वलाई आत्मसात् गरी अजयमेरु गाँउपालिकाले डिजिटल गाउँको रुपमा विकास गर्ने लक्ष्य लिएको छ । नेपाल दूरसञ्चार कम्पनीका साथै एनसेलका मोबाइल सेवाको सहज पहुँच रहेको छ। करीव ९० प्रतिशतले मोवाईल फोनको प्रयोग तथा २५ प्रतिशतले टेलिभिजनको प्रयोग गर्छन । गाँउपालिका बासीहरुमा डाटा इन्टरनेटको उपयोग विस्तार क्रमशः भइ सकेको छ गाँउपालिकाले सूचना प्रविधि प्रवर्द्धन तथा विस्तार गरी सेवा प्रवाहलाई विघूतीय प्रणालीमा आधारित बनाउने र गाँउपालिकामा पेपरलेस कारोबारलाई प्रवर्द्धन लक्ष्य लिएको छ ।

### ५.४.२ समस्या तथा चूनौती

इन्टरनेट तथा मोवाइल फोनको गुणस्तरमा कमी, साइवर अपराध सम्बन्धी जनचेतनामा कमी, सञ्चारका साधनको उपयोगमा अस्वस्थ प्रतिस्पर्धा, पोल पोलमा झुन्डिने तारले पर्यटकिय शहरी सौन्दर्यलाई कुरुप बनाएको छ । ताररहित प्रविधिलाई बढावा दिनु र गुणस्तरीय सन्चार सेवा प्रवाह गर्नु चुनौतिका रुपमा रहेका छन् ।

### ५.४.३ सोच

"सहज, नियमित सूचना सञ्चार प्रविधि सेवा"

### ५.४.४ उद्देश्य

१. भरपर्दो, विश्वसनीय एवं गुणस्तरीय सूचना तथा संचार सेवाको विकास र विस्तार गर्नु ।

### ५.४.५ रणनीति

१. सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको उपयोग गरी थप सहज र प्रभावकारी गराउने ।

२. गाँउपालिका तथा वडा कार्यालयबाट हुने सेवा प्रबाहलाई पेपरलेस बनाउने।

३. सूचना प्रविधिमा गाँउवासीको पहुँच र उपयोग सुनिश्चित गर्न सेवा प्रदायक संस्थालाई प्रोत्साहित गर्ने।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको प्रथम आवधिक योजना, कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ५.१० मा प्रस्तुत गरिएको छ :

**तालिका ५.१० : सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको नतिजा सूचक तथा मध्यकालिन लक्ष्य**

| सूचक | एकाई | गत आ.व. सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | १९.७ | २२ | ३० | ३२ | ४० |
| संचारको कुनै एक साधन उपलब्ध घर परिवार | प्रतिशत | ९५.४ | ९६ | ९७ | ९८ | १०० |
| इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | १९.७ | २२ | २४ | ३२ | ३६ |
| मोबाइल प्रयोगकर्ता | प्रतिशत | ७०.५ | ७५ | ८० | ९० | १०० |
| संचारका कुनै पनि साधन प्रयोग नगर्ने घरपरिवार | प्रतिशत | ४.६ | ३ | २ | १ | ० |
| गाँउपालिकामा संचालित सफ्टवेयर र सूचना व्यवस्थापन प्रणाली | प्रतिशत | २ | ३ | ५ | १० | १५ |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | ७० | ७५ | ८० | ९० | १०० |

## ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यकालीन बजेट खाकाको आधारमा सूचना, सञ्चार तथा प्रविधी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षिय अनुमान तालिका ५.११ मा प्रस्तुत गरिएको छ :

तालिका ५.११ सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको खर्च तथा स्रोतको अनुमान

| आर्थिक बर्ष | बजेट अनुमान (रु.हजारमा) | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | | | | | | | |
| २०८०/०८१ को अनुमान | १७०४ | | | | | | |
| २०८१/०८२ | ११२० | ० | ११२० | ० | ११२० | ० | |
| २०८२/०८३ | १२०० | ० | १२०० | ० | १२०० | ० | |
| २०८३/०८४ | १२८० | ० | १२८० | ० | १२८० | ० | |

## ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ५.१२ मा प्रस्तुत गरिएको छ :

**तालिका ५.१२ सूचना, सञ्चार तथा प्रविधि उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना तथा संचार प्रविधि प्रवर्द्धन कार्यक्रम | पालिकाद्वारा सञ्चार तथा सूचना प्रविधिको प्रयोग सम्बन्धी नीति तर्जुमा गर्ने। कार्यालयवाट प्रबाह हुने सबै सेवाहरुलाई सूचना प्रणालीमा आबद्ध गर्ने। | २०८१/०८२-२०८३/०८४ | | |
| २ | ई-सुशासनको प्रत्याभुति | -गाउँपालिकाको वेभसाईटलाई नागरिक मैत्री बनाउने<br>-गाउँपालिकाको सामाजिक सञ्जाल मार्फत नागरिक सँग प्रत्यक्ष सरोकार राख्ने प्रणाली विकास गर्ने।<br>-कार्यालय व्यवस्थापनलाई पेपरलेस बनाउने र सबै वडा कार्यालयमा डिजिटल नागरिक वडापत्र स्थापना गर्ने। | २०८१/०८२-२०८३/०८४ | १५०० | |

### ५.४.८ जोखिम तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन र उपलब्ध मानव संसाधनमा दृढ ईच्छाशक्ति भएमा उल्लिखित उपलब्धि हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

# परिच्छेदः ६

## ६.वातावरण तथा विपद व्यवस्थापन

## ६.१ वन, हरियाली, भूसंरक्षण र जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

गाउँपालिकाको ५६ प्रतिशत भूभाग बनक्षेत्रले ढाकेको छ। स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना र स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निमार्ण गरीने क्रममा रहेको छ । वन, जैविक विविधता, भूसंरक्षण एवं प्रवर्द्धन गर्दै त्यसको दिगो उपयोग र जलवायु परिवर्तनका असर न्युनिकरणका उपायहरु अवलम्बन गरी जीविकोपार्जनका अवसरहरु वृद्धिका अभ्यासहरु भएका छन्। वन तथा जैविक विविधताले गाँउपालिकालाई प्राकृतिक वातावरणीय रुपमा समृद्ध बनाएको भए पनि यिनको दिगो उपयोग चुनौतीपूर्ण छ। यस क्षेत्रमा जडिवुटी उत्पादनको पनि सम्भावना रहेको छ ।

### ६.१.२ समस्या तथा चूनौति

गाउँपालिकाको बृहत्तर भू-उपयोग योजना तर्जुमा गरी भूमि व्यवस्थापन कार्य कार्यान्वयन हुन नसक्दा भू-संरक्षण, भूमि व्यवस्थापन, सार्वजनिक जग्गा वृक्षारोपणमा कमी, सिमार क्षेत्रको पहिचान र नक्शांकन गर्न नसक्नु, सबै खोला किनार तटवन्धन हुन नसक्नु तथा पानी मुहान संरक्षण लगायतमा नागरिकहरुको न्यून श्रमदानका कारण जैविक विविधताको संरक्षणमा कठिनाई मुख्य समस्या तथा चुनौतीहरु हुन् ।

## ६.२.३ सोच

ïसंरक्षित जैविक विविधता, सुरक्षित गाँउô

## ६.१.४ उद्देश्य

१. वन तथा जैविक विविधताको संरक्षण गर्नु,

२. भूक्षय न्यूनीकरण तथा पहिरो नियन्त्रण गर्नु ।

## ६.१.५ रणनीति

१. जल, जमिन, जंगलको संरक्षण गर्दै भूमिको उत्पादकत्व वृद्धि गरी त्यसमा आश्रित जनताको जीवनस्तर उकास्ने ।

२. जलाधार व्यवस्थापन योजना निर्माण गरी भू क्षमता वर्गीकरण अनुसार भू उपयोग गर्ने ।

३. सार्वजनिक र ऐलानी जग्गाको पहिचान गरी वृक्षरोपणलाई व्यवस्थित गर्ने ।

४. जैविक विविधता, वन व्यवस्थापन, पानी मुहान संरक्षणमा समूह गठन गरी परिचालन गर्ने।

५. दुर्लभ वन्यजन्तु तथा वनस्पतिको पहिचान र संरक्षणमा अन्तर सरकार सहकार्य अभिवृद्धि गर्ने ।

## ६.१.६ नतिजा सूचक तथा मध्यकालीन लक्ष्य

गाउँपालिकाको प्रथम आवधिकयोजना तथ कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक बर्षको अपेक्षित नतिजाको आधारमा तयार सूचक तथा मध्यकालिन लक्ष्य तालिका ६.१ मा प्रस्तुत गरिएको छ :

तालिका ६.१ : वन, हरियाली, भूसंरक्षण तथा जैविक विविधता उप-क्षेत्रको नतिजा सूचक तथा मध्यकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| सामुदायिक वन | संख्या | ५८ | ५८ | | | |
| पार्क तथा उद्यान | संख्या | ४ | ५ | ६ | ७ | ८ |
| संरक्षित बगैंचा | संख्या | | | | | |
| बृक्षारोपण गरिएको क्षेत्र | हेक्टर | | | | | |
| पहिरो नियन्त्रण र उकासबाट संरक्षित जमिन | हेक्टर | | | | | |
| संरक्षित भू-क्षय र बाढी संवेदनशील क्षेत्र | हेक्टर | | | | | |

## ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यकालीन बजेट खाकाको आधारमा वन, हरियाली, भूसंरक्षण र जैविक विविधता उप-क्षेत्रको खर्च र सोकै स्रोतको त्रिबर्षिय अनुमान तालिका ६.२ मा प्रस्तुत गरिएको छ :

**तालिका ६.२: वन, हरियाली, भूसंरक्षण र जैविक विविधता उप-क्षेत्रको त्रिबर्षिय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | १००० | | १००० | | | | |
| २०८०/०८१ को अनुमान | ८५० | | ८५० | | | | |
| २०८१/०८२ | १००० | ० | १००० | १५० | ५०० | ३५० | |
| २०८२/०८३ | १५०० | ० | १५०० | २०० | १३०० | ० | |
| २०८३/०८४ | २००० | ० | २००० | ५०० | १५०० | ० | |

## ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६.३ मा प्रस्तुत गरिएको छ :

तालिका ६.३ः वन, हरियाली, भूसंरक्षण र जैविक विविधता उप-क्षेत्रको कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

| **क्र.स.** | **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि (शुरु र समाप्ति)** | **कुल लागत (रु.हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | वन व्यवस्थापन | -खुला चरीचरन पहिचना र व्यवस्थापन गर्ने<br>-सबै वडामा नर्सरी निर्माण गर्ने<br>-एक विद्यालय एक क्षेत्र एक विद्यार्थी एक वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने<br>-वन फडानी तथा कटानीको नियमिति अनुगमन गर्ने<br>-घनघश्या र रानीवनलाई संरक्षित क्षेत्र घोषणा गर्ने<br>-तिमुर र दालचिनी जस्ता वनस्पतीको व्यवसायीक उप्पादन गर्ने | २०८१/०८२-२०८३/०८४ | ५००० | |
| २ | वन, हरियालि, भूसंरक्षण र जैविक विविधता संरक्षण कार्यक्रम | ताल संरक्षण नदि नियन्त्रण | | | |
| ३ | विपद् व्यवस्थापन | -पानी मुहान वरीपरी संरक्षित क्षेत्र घोषणा गर्ने<br>-धार्मिक वनलाई प्रोत्साहन गर्ने<br>-विषद्का सम्भावित क्षेत्रको पहिचान गर्ने<br>-विपद् राहत तथा उद्दार कोष खडा गर्ने<br>-बाढी पहिरो नियन्त्रण तथा तटबन्ध निर्माण गर्ने<br>-सम्भावित जोखिम क्षेत्रमा वृक्षारोपण तथा सचेतना कार्यक्रम गर्ने | २०८१/०८२-२०८३/०८४ | ५००० | |

## ६. २.९ जोखिम तथा अनुमान

वन, भूसंरक्षण तथा जैविक विविधता संरक्षणमा अन्तरसरकार साझेदारी र सहकार्यमा वृद्धि भएको हुनेछ । जलवायु परिवर्तनको असर, अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

## ६.२.१ पृष्ठभूमि

गाँउ क्षेत्रभित्र पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षण र दिगो विकासलाई ध्यानमा राखी वातावरणमैत्री कार्यक्रमलाई प्राथममिकताका साथ अगाडी बढाउने नीति लिईएको छ। त्यस्तै स्वास्थ्यसंस्थाजन्य फोहोरमैलालाई बेग्लै संकलन गरी प्रशोधन गरेर मात्र ल्यान्डफिल्ड साइटमा व्यवस्थापनको अभ्यास रहेको छ। गाँउपालिका भित्र पुराना गाडीहरु सञ्चालनलाई निरुत्साहित गर्ने नीति लिइने छ भने विद्युतिय गाडी सञ्चालनमा प्राथमिकता दिईएको छ। गैर सरकारी संस्था र समुदायसँग समन्वय गरी पूर्ण सरसफाई अभियान सञ्चालन गरिएको छ । प्लाष्टिकजन्य सामग्री लगायत वातावरण प्रदुषित गर्ने दैनिक प्रयोगका सामग्रीको प्रयोगलाई निरुत्साहित गर्न पहल गरिएको छ । गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतिय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकूल प्रविधिको प्रयोगमा जोड दिने कार्यक्रमहरु कार्यान्वयनमा रहेका छन् ।

## ६.३.२ समस्या तथा चुनौति

फोहर मैला विर्सजन स्थलको अप्रयाप्तता र फोहोरको वर्गीकरण गरी व्यवस्थापनको अभ्यास नहुन यस क्षेत्रका मुख्य समस्याहरु हुन। स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापनलाई बढावा दिने कार्य व्यावहारिक रुपमा कार्यान्वयन हुन सकेका छैनन्। फोहोरबाट मोहोर, फोहोरबाट उर्जाको अवधारण कार्यान्वयन हुन सकेको छैन ।

## ६.३.३ सोच

ञ्स्वच्छ वातावरण, फोहोरलाई मोहोरö

## ६.३.४ उद्देश्य

१. वातावरणीय स्वच्छता कायम गर्नु,

२. फोहोरमैलाको दिगो व्यवस्थापन गर्नु ।

## ६.३.५ रणनीति

१. फोहोरमैलाको उचित व्यवस्थापन गरी आय आर्जनका अवसर सिर्जना गर्ने ।

२. एक घर एक बिरुवा, तथा एक वडा एक आयुर्वेदिक वनस्पती उद्यानको अभियान सञ्चालन गर्ने।

३. फोहोरमैलाको दिगो व्यवस्थापनमा अन्तर सरकार एवम् समुदायको सहकार्य वृद्धि गर्ने ।

४. फोहोरलाई स्रोतमै वर्गिकरण गरी व्यवस्थापनको अभ्यासलाई सबै समुदायमा पुर्याउने ।

५. आधुनिक एवम् व्यवस्थित ल्याण्ड फिल्ड साइटको स्थापना र सञ्चालन गर्ने ।

## ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको प्रथम आवधिक योजना कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ६.४ मा प्रस्तुत गरिएकोछ :

**तालिका ६.४ : वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यकालिन लक्ष्य**

| सूचक | इकाई | गत आ.व. सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| सिमार व्यवस्थापन योजना तयार गरी लागु भएका स्थान | संख्या | ० | ० | १ | २ | ३ |
| ल्यान्डफिल्ड साइट | संख्या | १ | १ | २ | ३ | ४ |
| फोहोर संकलन साधन | संख्या | ० | ० | १ | १ | १ |
| शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ९२.३ | ९२.३ | ९४ | ९५ | ९६ |
| स्रोतमानै फोहोर बर्गिकरण तथा व्यवस्थापन गर्ने घरपरिवार | प्रतिशत | ० | ० | ५ | ५ | १० |
| ल्याण्डफिल साइटको क्षेत्रफल | वर्ग मि. | १० | १० | ३० | ४० | ५० |

## ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिबर्षिय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यकालिन बजेट खाकाको आधारमा सूचना तथा संचार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिबर्षिय अनुमान तालिका ६.५ मा प्रस्तुत गरिएको छ :

तालिका ६.५ : वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको त्रिवर्षिय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | १००० | | १००० | | | | |
| २०८०/०८१ को अनुमान | ८५० | | ८५० | | | | |
| २०८१/०८२ | १००० | ० | १००० | १०० | ४०० | ५०० | |
| २०८२/०८३ | १५०० | ० | १५०० | २०० | १००० | ३०० | |
| २०८३/०८४ | २००० | ० | २००० | ३०० | १५०० | २०० | |

## ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६.६ मा प्रस्तुत गरिएको छ :

**तालिका ६.६ : वातावरण तथा फोहोरमैला व्यवस्थापन उप-क्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | ल्याण्डफिल साइट मर्मत सुधार तथा प्रवर्द्धन कार्यक्रम | ल्याण्डफिल साइटको समुचित व्यवस्थापन गर्नु | सालबसाली | २००० | दैनिक फोहोरमैलाको वर्गिकरण प्रशोधन ६० प्रतिशतले वृद्धि हुनेछ। |
| २ | वातावरण तथा फोहोरमैला व्यवस्थापन कार्यक्रम | फोहोरमैलाको व्यवस्थित व्यवस्थापन गर्नु | सालबसाली | २००० | फोहोर व्यवस्थापनमा सचेता तथा साझेदारी वृद्धि भइ फोहोर व्यवस्थापन प्रभावकारी भएको हुनेछ। |

### ६.३.९ जोखिम तथा अनुमान

उपलब्ध श्रोत साधनको उपयोग, बजेटको सुनिश्चता, नागरिकहरुमा वातावरण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धमा सचेतना जगाउन सकिएमा उल्लेखित उपलब्धि हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य प्राप्त नहुने जोखिम रहन सक्छ।

## ६.३ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता

### ६.३.१ पृष्ठभूमि

स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना र स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना  निमार्ण निर्माणको क्रममा रहेको छ । वडा स्तर विपद् व्यवस्थापन समिति गठन गरी विपद् व्यवस्थापन योजना तयार गरी कार्यान्वनमा रहेको छ । विपद् व्यवस्थापन र जोखिम न्यूनिकरण कोष खडा गर्ने, जोखिमपूर्ण क्षेत्रहरु पहिचान गर्ने, विपद् पूर्व तयारी, विपद् व्यवस्थापन सम्बन्धि तालिम, तथा आपतकालीन सामग्रीहरुको यथासख्य भण्डारणको व्यवस्था मिलाइएको छ । सामुदायिक वन भएको वडाहरुमा वन्यजस्तुको आक्रमण र खेतीबाली नष्ट गर्ने समस्या समाधानका लागि पहल भएको छ । गाँउ क्षेत्रमा वन्यजन्तुको अतिक्रमण, अत्यधिक वर्षा र हावाहुरीका कारणले आउने विपद्हरु मुख्य विपद्का रुपमा रहेको छन्। जलवायु परिवर्तनको असर न्यूनीकरणमा अन्तर सरकार साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने गाउँपालिकाको सोच रहेको छ ।

### ६.३.२ समस्या तथा चूनौति

विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्यलाई पूर्ण रूपमा मूलधारमा ल्याउने सकिएको छैन । गाँउपालिका, वडा कार्यालय र स्थानीय टोल विकास संस्थाहरूको विपद् व्यवस्थापमा क्षमताको कमी रहेको, आकस्मिक तयारी योजना तथा प्रतिकार्य योजनाहरू तर्जुमा गर्नु जरुरी रहेको, डोजरको जथाभावी प्रयोगले भूक्षय भई भौतिक पूर्वाधारमा समेत क्षति पुग्ने समस्या बढदै गएको छ।

### ६.३.३ सोच

"सुरक्षित र उत्थानशील गाँउपालिका"

### ६.३.४ उद्देश्य
१. विपद् व्यवस्थापन क्षमतालाई सुदृढ गराउनु,
२. विपद् उत्थानशीलताको विकास गर्नु ।

### ६.३.५ रणनीति
१. विपद् व्यवस्थापनको योजना बनाई कार्यान्वयन गर्ने ।
२. विपद् रोकथाम, पूर्वतयारी र द्रुत प्रतिकार्यमार्फत् क्षति न्यूनीकरण गर्ने ।
३. स्थानीय जलवायु परिवर्तन अनुकूलन योजना तयार गरी सबलीकरण गर्ने ।
४. विपद् तथा जलवायु परिवर्तन बाट हुने असर न्यूनीकरणको सम्बन्धमा समुदायलाई सचेत गराई जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयन गर्ने।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य
गाउँपालिकाको प्रथम आवधिक योजना, कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार जोखिम तथा जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ६.७ मा प्रस्तुत गरिएको छ :

तालिका ६.७ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| सुरक्षित खुल्ला स्थान र आपत कालिन सामुहिक आश्रय स्थल | संख्या | ३० | ३४ | ३५ | ३६ | ४० |
| जोखिम स्थानमा बसोबास गरेका परिवार | संख्या | १०० | १०० | ८० | ७० | ६० |
| विपद्बाट वार्षिक क्षती (जग्गा, बाली, नाली, संरचना, पशु र अन्य सम्पत्ति) | रु.हजार मा | ४०००० | ४०००० | | | |
| विपद्बाट भएको मानवीय क्षति (विगत ३ बर्षको) घाइते समेत | जना | | | | | |
| तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता स्वयंमसेवक | जना | ० | ० | ३० | ६० | ९० |
| विपद् व्यवस्थापनमा क्रियाशिल संघ/संस्था | संख्या | २ | २ | ३ | ४ | ५ |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान
उपलब्ध बजेट सीमा तथा मार्गदर्शन कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यकालीन बजेट खाकाको आधारमा विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षिय अनुमान तालिका ६.८ मा प्रस्तुत गरिएको छ :

**तालिका६.८ विपद् तथा जलवायू अनुकुलन उप-क्षेत्रको त्रिवर्षिय खर्च तथा स्रोतको अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | १००० | | १००० | | | | |
| २०८०/०८१ को अनुमान | ८५० | | ८५० | | | | |
| २०८१/०८२ | १००० | ० | १००० | ० | १००० | ० | |
| २०८२/०८३ | १५०० | ० | १५०० | ० | १५०० | ० | |
| २०८३/०८४ | २००० | ० | २००० | ० | २००० | ० | |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ६.९ मा प्रस्तुत गरिएको छ :

तालिका ६.९ विपद् तथा जलवायू अनुकुलन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| **क्र.स.** | **कार्यक्रम तथा आयोजना** | **उद्देश्य** | **अवधि (शुरु र समाप्ति)** | **कुल लागत (रु.हजारमा)** | **अपेक्षित नतिजा** |
|---|---|---|---|---|---|
| १ | विपद् जोखिम व्यवस्थापन तथा जलवायू परिवर्तन अनुकुलता प्रवर्द्धन कार्यक्रम | विपद् जोखिम न्यूनिकरण र विपद् उत्थानशिलता अभिवृद्धि गर्नु | सालबसाली | १०००० | स्थानीय समुदायमा चेतना अभिवृद्धि, विपद् न्युनीकरणका प्रविधि विकास भई योजनाबद्ध तरिकाले विपद्बाट हुने क्षतिमा बार्षिक ३५ प्रतिशतले कमी आएको हनेछ। |

### ६.३.९ जोखिम तथा अनुगमन

वन, वातावरण तथा विपद् व्यवस्थापन ऐन, नीति, मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरु निर्माण गरिसकेको हुनेछ। संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा बृद्धि भएको हुनेछ। स्थानीय सरोकारवालाको प्रतिवद्धता, सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा बृद्धि हुनेछ। सो हुन नसके लक्ष्य हासिल गर्न कठिनाइ हुन सक्नेछ।

# परिच्छेद: सात

## ७.संस्थागत विकास क्षेत्र

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

यस गाँउपालिकाले आफ्नो अधिकारक्षेत्रका विषयमा ऐन, नियमावली, निर्देशिका, कार्यविधी र मापदण्ड गरी ११६ ओटा कानुन राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । विगत तीन आर्थिक वर्षको तथ्यांकअनुसार हालसम्म न्यायिक समितिमा जम्मा १२  वटा उजुरीहरू परेकामा निर्णय तथा मेलमिलाप गरी जम्मा १२ मुद्दाहरू फछ्यौंट भएका छन् । सङ्घीय संरचना अनुसार गठित स्थानीय सरकार आफै संवैधानिक रुपमा अधिकार प्राप्त सार्वभौम सरकार भएकाले गाँउपालिकाले पनि आफ्नो परिस्थिती अनुसारको संस्थागत

संरचनाको निर्माण गरी शासकीय अवस्थालाई चुस्त बनाउन सक्ने देखिन्छ । गाउँपालिकाको निर्णय प्रकृयामा स्थानीयको सहभागितालाई सुनिश्चित गर्न सूचना प्रणाली तथा सामाजिक सञ्जालको प्रयोगलाई बढवा दिन थालिएको छ ।

## ७.१.२ समस्या तथा चूनौति

गरेका काम कारवाहीको पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई तथा परीक्षण हुने गरेको भएपनि सेवा प्रबाहमा त्यस्को प्रभाव कम देखिनु, व्यवस्थित र प्रभावकारी सूचना प्रणाली नहुनु, जवाफदेहिता तथा पारदर्शितासँग जोडिएका समस्याहरु हुन् । आफ्नै कार्यालय नभएका वडाहरुको भौतिक संरचनाको अवस्था पनि सेवा प्रवाहका दृष्टिले जनमैत्री हुन नसक्नु, तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिबारे सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिकलाई प्रभाबकारी रुपमा सूसूचीत गराउन र त्यसको परिपालना हुन सकिरहेको छैन ।

## ७.१.३ सोच

"पारदर्शी, जिम्मेवार र जवाफदेही गाँउपालिका"

## ७.१.४ उद्देश्य

१. सेवा प्रबाहलाई जनमूखी र नतिजामूखी गराउनु ।

## ७.१.५ रणनीति

१. प्रशासनिक संयन्त्रको मनोवल उच्च राख्न आवश्यक नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन तथा अनुगमन गर्ने,

२. संघिय, प्रादेशिक र स्थानीय ऐन कानूनको परिपालनाबाट सेवाप्रवाहमा प्रभावकारीता एवं सुशासन अभिवृद्धि गर्ने ।

३. जनअपेक्षा तथा सेवा प्रबाहमा सहजताका लागि कानून निर्माण तथा कार्यान्वयनलाई पूर्णता दिने।

## ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको प्रथम आवधिकयोजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून, न्याय तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तालिका ७.१ मा प्रस्तुत गरिएको छ :

तालिका ७.१ नीति, कानुन, न्याय तथा सुशासन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| गाँउपालिका स्वीकृत गरेका कानुन तथा नीति | | १०१ | ११६ | १२४ | १४० | १५० |
| क्रियाशल नीतिगत समिति र संयन्त्र | संख्या | ६ | ६ | १० | १० | १० |
| स्थानीय कानुन, नीति तथा योजना प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव लिने माध्यम (सूचना पाटी, अन्तरक्रिया, लिखित प्रतिक्रिया, सुझाव पेटीका, सामाजिक सञ्जाल आदि।) | संख्या | ३ | ३ | ५ | ५ | ५ |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान: उपलब्ध बजेट सिमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानुन तथा सुशासन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षिय अनुमान तालिका ७.२ मा प्रस्तुत गरिएको छ:

तालिका ७.२ नीति, कानून, न्याय तथा सुशासन उप-क्षेत्रको त्रिवर्षिय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | ४००००० | | ४००००० | | | | |
| २०८०/०८१ को अनुमान | ४१०००० | | ४१०००० | | | | |
| २०८१/०८२ | २७१५ | ० | २७१५ | २०० | १५१५ | १००० | |
| २०८२/०८३ | २८१० | ० | २८१० | ५० | १७६० | १००० | |
| २०८३/०८४ | २९०५ | ० | २९०५ | ५० | १८०५ | १०५० | |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ७.३ मा प्रस्तुत गरिएको छ :

तालिका ७.३नीति, कानुन, न्याय तथा सुशासन उप-क्षेत्रको कार्यक्रमको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नीति, कानुन, न्याय तथा सुशासन प्रवर्द्धन कार्यक्रम | सेवालाई प्रक्रियागत सरल, स्पष्ट र पारदर्शी बनाउने। | सालबसाली | | आवश्यक नीति, कानुन तथा कार्यविधि तयार भई प्रणाली सरल, पारदर्शी भई सेवा प्रवाहमा प्रभावकारीता बढेको हुनेछ। |

### ७.१.९ जोखिम तथा अनुमान

संघिय, प्रदेश र स्थानीय नीति र कानुन बमोजिम शासन सञ्चालन सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा अपेक्षीत नतिजा हासिल हुनेछ। उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेको छ।

## ७.२ संगठन, मानव संशाधन र क्षमता विकास

### ७.२.१ पृष्ठभूमि

गाँउपालिकामा हाल रहेका प्रशासन, योजना, जिन्सी, लेखा, राजस्व, पूर्वाधार, शिक्षा, खेलकुद, स्वास्थ्य, महिला बालबालिका तथा जेष्ठ नागरिक, पञ्जीकरण, गैर सरकारी संस्था समन्वय, कृषि, पशुपंछी, सहकारी, आन्तरिक लेखा परीक्षण, वन वातावरण तथा विपद् व्यवस्थापन, कानून र सूचना तथा प्रविधि शाखा, मातहतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा कुल १४६ जना कर्मचारी कार्यरत रहेका छन् । गाउँपालिकाको जनशक्ति व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संस्थागत संरचना निर्माण गर्ने लक्ष्य रहेको छ । गाँउपालिकाका सबै वडा कार्यालय र स्वास्थ्य संस्थाहरुलाई भौतिक सुविधा सम्पन्न बनाउने गरी आवश्यक कार्य गरिएको छ ।

## ७.२.२ समस्या तथा चूनौति

संस्थागत संरचना, मानव स्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति परम्परागत रहेको छ। भौगोलिक कठीनाई, जनशक्तिको परिचालनका लागि सेवा र सुविधा न्यून हुदा गुणस्तरीय र कार्यसम्पादन नतिजामूखी हुन सकेको छैन ।

## ७.२.३ सोच

ñक्षमतावान जनशक्ति, जनमुखी सेवा प्रवाहò

## ७.२.४ उद्देश्य

१. छरितो संगठन संरचना, क्षमतावान जनशक्ति गुणस्तरीय सेवा प्रबाहको सुनिश्चित गर्नु ।

## ७.२.५ रणनीति

१. संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी चुस्त संगठन संरचना तयार गर्ने ।

२. जनशक्तिको क्षमता विकास गरी स्मार्ट कर्मचारीको अवधारणा कार्यान्वयन गर्ने ।

३. जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गरी सेवा प्रबाहलाई सहज तुल्याउने ।

## ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको प्रथम आवधिक योजना, कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार संगठन, मानव संशाधन र क्षमता विकास उपक्षेत्रको नतिजा सूचक र मध्यमकालीन लक्ष्य तालिका ७.४ मा प्रस्तुत गरिएको छ :

तालिका ७.४ : संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| **कार्यरत मानव संशाधन** | संख्या | १४० | १४५ | १४० | १३० | १२० |
| कार्यरत प्राविधिक जनशक्ति | संख्या | ५४ | ६० | ६० | ५५ | ५० |
| वडा र गाँउपालिका तहमा जवाफदेही, सहभागितामुलक र प्रतिनिधिमुलक निर्णयको अभ्यास | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| मासिक रुपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरु | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |

## ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संस्थागत संरचना तथा मानव संसाधन विकास उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ७.५ मा प्रस्तुत गरिएको छ :

तालिका ७.५ : संगठन, तथा क्षमता विकास उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | बजेटको स्रोत (रु.हजारमा) |
|---|---|---|

| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
|---|---|---|---|---|---|---|---|
| २०७९/०८० को यथार्थ | १००० | | १००० | | | | |
| २०८०/०८१ को अनुमान | १००० | | १००० | | | | |
| २०८१/०८२ | १४०० | ० | १४०० | ५० | १००० | ३५० | |
| २०८२/०८३ | १६०० | ० | १६०० | १०० | ९५० | ५५० | |
| २०८३/०८४ | १८०० | ० | १८०० | १०० | ९५० | ७५० | |

## ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ७.६ मा प्रस्तुत गरिएको छ :

***तालिका ७.६. : संगठन, मानव संसाधन तथा क्षमता विकास उप-क्षेत्रको कार्यक्रम तथा आयोजना***

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | संगठन तथा व्यवस्थापन सर्भेक्षण | चुस्त संगठन संरचना तयारी गर्नु | २०८१/८२ | ५०० | कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु भई सेवा प्रवाहको स्तरमा सुधार भएको हुनेछ। |
| २ | संगठन, मानव संशाधन र क्षमता विकास अन्य कार्यक्रम | स्थानीय सेवा र कार्य सम्पादनमा अभिवृद्धि गर्नु। | निरन्तर | २००० | सुदृढ संस्था, ज्ञान, सिप सहितको कर्मचारीद्वारा कार्यक्रम सम्पादनभई सेवा प्रवाहको स्तरमा सुधार भएको हुनेछ। |

## ७.२.९ जोखिम तथा अनुमान

संविधान, सङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम संगठन, दक्ष मानव संशाधन, ज्ञान, सीप र दक्षतामा अभिवृद्धि भएमा अपेक्षित नतिजा हुनेछ । उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल नसक्ने जोखिम रहेकोछ ।

## ७.३ राजस्व तथा श्रोत परिचालन

## ७.३.१ पृष्ठभूमि

राजस्व तथा श्रोत परिचालनको लागि विद्यमान कर, सेवा शुल्क तथा दस्तुरको दर घटाई दायरा बढाउने रणनीति लिई कार्यक्रम कार्यान्वयन गरिएको छ । गाँउपालिकाद्वारा तर्जुमा भएका ऐन, नियम, निर्देशिकामा भएको व्यवस्था अनुसारका श्रोत परिचालनको अभ्यास रहेको छ । वेरुजु न्यूनीकरणका लागि नीति तथा कार्यक्रम निर्माण एवम् लगानीमैत्री वातावरण बनाउन आवश्यक नीतिगत व्यवस्था गरिएको छ । राजस्व सुधार कार्ययोजना तर्जुमा तथा राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गरिएको छ । आन्तरिक राजस्व सुधार तथा अभिवृद्धि कार्यक्रम वित्तीय स्रोत परिचालन तथा पूँजी निर्माण कार्यक्रम कार्यान्वयनमा रहेका छन् ।

### ७.३.२ समस्या तथा चूनौति

विद्यमान कर प्रणाली व्यवहारिक नहुनु, पेश्की फछ्यौंट समयमै नहुनु, बेरुजु अवस्था सुधारात्मक नहुनु, लेखा समितिका पदाधिकारीहरुको क्षमता विकास नहुनु, गाउँपालिकाको राजस्व संकलनको सम्भावना रहेता पनि करको दायरा विस्तार हुन नसक्नु कमजोरीका रुपमा रहेको छ । श्रोतको परिचालनमा मितव्ययिता तथा विनियोजन कुशलता यस क्षेत्रका चुनौतिहरु हुन् ।

### ७.३.३ सोच

¶सुदृढ, व्यवस्थित स्रोत परिचालन, प्रविधिमैत्री राजस्व प्रणाली ö

### ७.३.४ उद्देश्य

१. दिगो र भरपर्दो राजस्वको श्रोत निमार्ण गर्नु ।

२. श्रोत परिचालनमा मितव्ययीता र कुशलता कायम गर्नु ।

### ७.३.५ रणनीति

१. राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्वको दायरा विस्तार गर्ने ।

२. आन्तरिक राजस्व प्रणालीलाई सुदृढ तुल्याउने ।

३. मितव्ययी र चुस्त स्रोत परिचालनको मोडालिटी बनाउने ।

४. अन्य तहको सरकारबाट हासिल हुने अनुदान लगायत अन्य सहयोग हासिल गर्न आवश्यक आधारहरु तयार गर्ने ।

### ७. ३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

गाउँपालिकाको प्रथम आवधिकयोजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार राजस्व तथा राजस्व परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य लक्ष्य तालिका ७.७ मा प्रस्तुत गरिएको छ :

तालिका ७.७ : राजस्व तथा श्रोत परिचालन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको अवस्था | चालु आ.व. सम्मको अनुमानित उपलब्धि | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| प्रतिव्यक्ति वार्षिक बजेट लगानी | रु.हजार | २९ | २९ | ३० | ३० | ३० |
| वार्षिक आन्तरिक आय रकम | रु.लाख | ३३ | ३३ | ३४ | ३५ | ३६ |
| कुल वार्षिक बजेट | रु.लाख | ४५०० | ४८०० | ५००० | ५१०० | ५२०० |
| बेरुजु रकम | करोड | ३ | १ | ०.५ | ०.५ | ०.२ |
| मासिक रुपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरु | प्रतिशत | ० | ५० | १०० | १०० | १०० |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार राजस्व तथा राजस्व परिचालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान तालिका ७.८ मा प्रस्तुत गरिएको छ :

तालिका ७.८ : राजस्व तथा श्रोत परिचालन उप-क्षेत्रको त्रिवर्षीय खर्च तथा स्रोतको अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु.हजारमा) | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/०८० को यथार्थ | | | | | | | |
| २०८०/०८१ को अनुमान | | | | | | | |
| २०८१/०८२ | १३५११७ | १३५११७ | ० | ० | १३५११७ | ० | |
| २०८२/०८३ | १४०११० | १४०११० | ० | ० | १४०११० | ० | |
| २०८३/०८४ | १४५१३० | १४५१३० | ० | ० | १४५१३० | ० | |

## ७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको राजस्व तथा राजस्व परिचालन उपक्षेत्रको संक्षिप्त विवरण तालिका ७९ मा प्रस्तुत गरिएको छ :

***तालिका ७९ : राजस्व तथा श्रोत परिचालन उप-क्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | राजश्व सुधार कार्ययोजना तयारी तथा अद्यावधीकरण | स्रोतको सम्भावना, स्रोत परिचालनमा वृद्धि गर्नु | निरन्तर | | आन्तरिक आय तथा राजश्वमा वार्षिक रुपमा ३० प्रतिशतले वृद्धि भएको हुनेछ। |
| २ | राजश्व तथा स्रोत परिचालन कार्यक्रम | आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु | निरन्तर | | आन्तरिक राजश्व वृद्धि तथा बाह्य स्रोत परिचालनमा सुदृढीकरण हुनेछ। |

## ७.३.९ जोखिम तथा अनुमान

संविधान, सङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालन भएमा अपेक्षित नतिजा हुनेछ । सबै खालको राजस्व वृद्धिको आधारहरु तयार गर्न नसके लक्ष्य हासिल गर्न कठिन हुनेछ।

## ७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

## ७. ४.१ पृष्ठभूमि

गाउँपालिकाको विकासलाई दिगो, समावेशी बनाउने मुख्य ध्येयले गाउँपालिकाले प्रथम आवधिक विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा प्रभावकारी योजना तर्जुमा र कार्यान्वयन हुने गरेको छ । सेवाग्राही तथा लक्षित समुदाय र

नागरिक समाजको अर्थपूर्ण सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी गाँउसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ । गाँउस्तरीय आयोजना बैंक निर्माणका लागि अग्रसरता लिइएको छ । लाभलागत विश्लेषणका आधारमा योजनाको छनौट तथा कार्यान्वयन हुने गरेको छ । सङ्घीय, प्रदेश ऐन तथा स्थानीय कानुन तथा कार्यविधिअनुसार

वार्षिक योजना तथा बजेट तर्जुमाको प्रकृया अवलम्बन गरी स्थानीय वस्तुगत विवरण, तथ्यांक र आवश्यकताको आधारमा योजना तर्जुमाको अभ्यास रहेको छ ।

### ७.४.२ समस्या तथा चूनौति

गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति बमोजिम योजना छनौट तथा कार्यान्वयन नहुनु, नियमित अवलोकन, निरीक्षण तथा अनुगमन प्रभाबकारी हुन नसकेको, योजना तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशीता, सहभागिता र पारदर्शितामा सुधार हुननसकेको, सेवा प्रवाह र कार्यसम्पादनमा अन्तरसरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन।

### ७.४.३ सोच

" नतिजामूखी योजना, उत्तरदायी विकास प्रशासन"

### ७.४.४ उद्देश्य

१. योजना तर्जुमालाई तथ्यपरक, सहभागितामूलक र नतिजामूलक तुल्याउनु।

### ७.४.५ रणनीति

१.सहभागितामुलक योजना तर्जुमा प्रक्रिया र छरितो तथा नतिजामुखी कार्यान्वयनलाई संस्थागत गर्ने।

२. योजना व्यवस्थापनको समग्र प्रक्रयालाई छरितो र जनमुखि गराउने।

३. स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा व्यापक जनसहभागितामार्फत स्थानीय आवश्यकताको दिगो समाधान गर्ने।

४. अनुगमन तथा मूल्याङ्कन कार्यलाई नतिजामूलक र प्रभावकारि बनाउने।

५. स्थानीय तथ्याङ्क व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाउन डिजिटल प्रोफाइल तयारी तथा नियमति अद्यावधिकरण गर्ने।

### ७.४.६ नतिजा सूचक तथा मध्यकालिन लक्ष्य

गाउँपालिकाको प्रथम आवधिक योजना तथा सञ्चालन हुने कार्यक्रम/आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यकालिन लक्ष्य तालिका ७.१० मा प्रस्तुत छ :

तालिका ७.१० : तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन उप-क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व. सम्मको अवस्था | चालु आ.व. सम्मको | मध्यकालिन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |

| | | | अनुमानित उपलब्धि | | | |
|---|---|---|---|---|---|---|
| दीर्घकालीन, मध्यमकालीन रणनीतिक योजना तथा गुरुयोजना | विषय | ३ | ४ | ५ | ६ | ७ |
| सबै तहमा जवाफदेही, सहभागितामुलक र प्रतिनिधिमुलक निर्णयको अभ्यास | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ९० | ९० | १०० | १०० | १०० |
| वार्षिक योजनामा आर्थिक विकास तथा आयमुलक क्षेत्रमा लगानी अनुपात | प्रतिशत | | | | | |
| कूल आयोजना मध्ये उपभोक्ता समितिबाट कार्यान्वयन भएका आयोजनाको अनुपात | प्रतिशत | ९० | ९० | ९० | ८० | ८० |
| गाउँपालिकाबाट प्रकाशित दस्तावेज र प्रतिवेदन | संख्या | ३४ | ३८ | ४२ | ४६ | ५० |
| गाउँपालिकामा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ४ | ६ | ८ | १० | १२ |

## ७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षिय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षिय अनुमान तालिका ७.११ मा प्रस्तुत गरिएको छ :

तालिका ७.११: तथ्याङ्क तथा विकास व्यवस्थापन उप-क्षेत्रको त्रिवर्षिय खर्च तथा स्रोतको अनुमान

| **आर्थिक वर्ष** | **बजेट अनुमान (रु.हजारमा)** | | | **बजेटको स्रोत (रु.हजारमा)** | | | |
|---|---|---|---|---|---|---|---|
| | **कुल** | **चालु** | **पूँजीगत** | **आन्तरिक स्रोत** | **नेपाल सरकार** | **प्रदेश सरकार** | **ऋण तथा अन्य** |
| २०७९/०८० को यथार्थ | | | २००० | | | | |
| २०८०/०८१ को अनुमान | | | ३००० | | | | |
| २०८१/०८२ | २५०० | ० | २५०० | १५० | १९०० | ४५० | |
| २०८२/०८३ | २७५० | ० | २७५० | ५० | २१०० | ६०० | |
| २०८३/०८४ | २९५० | ० | २९५० | ५० | २१५० | ७५० | |

## ७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण तालिका ७.१२ मा प्रस्तुत गरिएको छ:

तालिका ७.१२ तथ्याङ्क तथा विकास व्यवस्थापन उप-क्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु.हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | तथ्याङ्क, योजना सुदृढीकरण तथा विकास व्यवस्थापन कार्यक्रम | योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागितामुलक तथा नतिजामूलक बनाउनु | | | तथ्याङ्क, योजनाको आधारमा विषय क्षेत्रगत गुरुयोजा आयोजना बैंक, मध्यमकालीन खर्च संरचना तर्जुमा भई सोही आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा हुनेछ। |
| २ | तथ्याङ्क, योजना तथा विकास परिचालन कार्यक्रम | योजना तथा विकास प्रक्रियालाई तथ्यमा सहभागितामूलक तथा नतिजामूलक बनाउनू | | | आवश्यक ऐन, नीति मापदण्ड निर्देशिकाहरु तयार भई योजना तथा विकास कार्यक्रम प्रभावकारी हुनेछ। |

### ७.४.९ जोखिम तथा अनुमान

तोकिएको कार्यनीति कार्यन्वयन गर्न गाँउपालिकाले संस्थागत विकास तथा सुशासन सम्बन्धी ऐन, नीति, मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरु निर्माण गरिसकेको हुनुपर्नेछ। संघ, प्रदेश र गैरसरकारी र निजी क्षेत्रको लगानी र कार्यक्रममा वृद्धि भएको हुनेछ। स्थानीय सरोकारवालको प्रतिवद्धता, सहभागिता समन्वय, सहकार्य एवं साझेदारीमा वृद्धि हुनेछ। उपरोक्त परिस्थिति तयार हुन नसकेका लक्ष्य हासिल गर्न कठिन हुन सक्नेछ।

## अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल

| क्र.स. समितिका पदाधिकारी | जिम्मेवारी |
|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. प्रमुख, शिक्षा शाखा | सदस्य |
| ३. प्रमुख, स्वास्थ्य शाखा | सदस्य |
| ४. प्रमुख, जिन्सी शाखा | सदस्य |
| ५. प्रमुख, आर्थिक प्रशासन शाखा | सदस्य |
| ६. प्रमुख, कृषि विकास शाखा | सदस्य |
| ७. प्रमुख, पशुपन्छी विकास शाखा | सदस्य |
| ८. प्रमुख, महिला तथा वालबालिका शाखा | सदस्य |
| ९. प्रमुख, पूर्वाधार शाखा | सदस्य |
| १०. प्रमुख, पूर्वाधार विकास शाखा | सदस्य |
| ११. प्रमुख, पूर्वाधार विकास शाखा | सदस्य |
| १२. प्रमुख, राजस्व प्रशासन शाखा | सदस्य |
| १३. प्रमुख, सामाजिक सुरक्षा तथा पन्जिकरण शाखा | सदस्य |
| १४. प्रमुख, उद्यम विकाश शाखा | सदस्य |
| १५. प्रमुख, यातायात व्यवस्थापन शाखा | सदस्य |
| १६. प्रमुख, रोजगार शाखा | सदस्य |
| १७. प्रमुख, खानेपानी तथा सरसफाई शाखा | सदस्य |
| १८. प्रमुख, दर्ता चलानी तथा अभिलेख व्यवस्थापन शाखा | सदस्य |
| १९. प्रमुख, सूचना प्रविधि शाखा | सदस्य |
| २०. वडा सचिवहरु सबै | सदस्य |
| २१. प्रमुख, योजना तथा अनुगमन शाखा | सदस्य सचिव |

## अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

### पृष्ठभुमि

नेपालमा शासन व्यवस्थाको वर्तमान अवस्थामा तहगत सरकार, नीजि क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बीचको समन्वय, साझेदारी र सहकार्यले अवसरका ढोकाहरु खुल्दै गएको छ । यसबाट शासन सञ्चालन, सेवा प्रवाह र दिगो विकास लक्ष्य हासिल गर्ने गति तिब्र बनाउँदै नागरिकका परिवर्तनको फराकिलो चाहाना सम्बोधन गर्ने वातावरण सिर्जना भएको छ । नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन घरदैलो सम्म विकासको मार्ग कोर्न आवश्यक छ । संङ्घीय संरचनामा आधारित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था अनुसार नागरिकको घरदैलोको सरकारको रुपमा स्थानीय सरकारहरुले स्थानीय धरातलिय विशिष्टता तथा

नागरिकको वास्तविक आवश्यकता र चाहाना प्रतिबिम्बित हुने गरी आफ्ना प्रयासहरु अगाढी बढाउनु पर्दछ । यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक तथा साँस्कृतिक र प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरुको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक देखिन्छ ।

उपरोक्त सन्दर्भलाई आत्मसात गरी सरोकारवाला पक्ष समेतको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणा बमोजिम योजना तथा बजेट तर्जुमा प्रक्रिया अबलम्बन गर्नु पर्दछ ।योजना तथा बजेट तर्जुमा गर्दा आवधिक, विषयगत रणनीतिक/गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा गर्नुपर्नेछ।स्थानीय सरकारको योजना स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको आवश्यकता बुझ्न सक्ने र चाहाना सम्बोधन गर्ने खालको हुनुपर्छ । योजनाले उपलब्ध हुने सक्ने संभाव्य श्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेटको विचमा रहने खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ । यस अवस्थामा आम नागरिकले संङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाले सिर्जना गरेको परिवर्तनको प्रत्यक्ष अनुभुति गराई कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रम छनौट तथा सोको लागि बजेट विनियोजन गर्नु जरुरी देखिन्छ । यसका साथै अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम गाँउ कार्यपालिकाले प्रत्येक वर्षको असार १० गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित स्थानीय सभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ । यसै गरी उपदफा (५) ले राजस्व र व्ययको अनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनपर्ने व्यवस्था गरेको छ । तसर्थ नेपाल सरकारबाट स्वीकृत आय र व्ययका शीर्षकहरुको वर्गीकरण र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार बजेट तर्जुमा गर्न अधिकतम प्रयास गर्ने समेत यस मार्गदर्शनको उद्देश्य रहेको छ । बजेट तर्जुमा गर्दा प्रचलित आय र व्ययका शीर्षकहरुको वर्गीकरणको सिद्धान्तको राम्रोसँग जानकारी हुनु आवश्यक पर्दछ । खर्च वर्गीकरणका सिद्धान्त बमोजिम बजेट तर्जुमा गर्न सकिएमा बजेट कार्यान्वयन गर्दा रकमान्तर गर्नुपर्ने वा कार्यक्रम संशोधन गर्नु पर्ने अवस्था पनि आउँदैन ।

व्यवस्थित, प्रभावकारी र नतिजामूलक रुपमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च खर्च संरचना तर्जुमा प्रक्रियामा स्थानीय कार्यपालिकाका पदाधिकारी, विषयगत शाखा, वडा समिति र स्थानीय सरोकारवालालाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ । कार्यपालिकाबाट सम्बन्धित शाखा वा वडाको लागि उपलब्ध बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा प्रक्रियाको आधारमा यस मार्गदर्शन अनुसार आगामी आर्थिक वर्षको लागि आयोजना तथा कार्यक्रम छनौट तथा बजेट प्रस्ताव गर्नुपर्नेछ। आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना प्रस्ताव तयार गर्दा गाउँपालिकको प्रथम आवधिक योजना, विषय क्षेत्रगत गुरु/रणनीतिक योजना, चालु मध्यमकालीन खर्च संरचना आ.व. को स्वीकृत नीति तथा कार्यक्रमको आधारमा गर्नुपर्नेछ ।

## कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

अजयमेरु गाउँपालिकाको चालु आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति, बजेट तथा कार्यक्रम गाँउकार्यपालिका, समुदाय तथा नागरिक समाज, नीजि क्षेत्र, प्रदेश तथा संङ्घीय सरकारसँग समन्वय, साझेदारी र सहकार्य गरी लक्ष्य अनुसार कार्यान्वयन तर्फ उन्मुख रहेको देखिन्छ । स्वीकृत भएका केही आयोजना तथा कार्यक्रमहरु सम्पन्न भएका छन् भने बाँकी सम्पन्न हुने अवस्थामा रहेका छन् । बजेट तथा कार्यक्रम कार्यान्वयनको समयतालिका पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार

कार्यान्वयनलाई व्यवस्थित गर्न कार्यअनुभव, सीप तथा क्षमता र कार्यविधिको कमी घट्दै गएको छ । आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमादेखी नै कार्यान्वयन कार्ययोजना र अनुगमन योजना बनाई यसलाई थप व्यवस्थित र प्रभावकारी गर्नुपर्ने सिकाई समेत भएको छ ।

## योजना तथा बजेट तर्जुमाका आधारहरु

संवैधानिक, नीतिगत र कानूनी व्यवस्था अनुसार आर्थिक सामाजिक विकासका लागि सरकारले एक आर्थिक वर्ष भित्र गर्ने खर्च र सोको व्यवस्थापनका लागि उपयोग गरिने आयका श्रोत उल्लेख भएको महत्वपूर्ण दस्तावेज नै बजेट हो । बजेट मार्फत स्थानीय सरकारले खर्चको प्राथमिकता निर्धारण गर्नुका साथै स्थानीय वित्त नीतिको घोषणा र कार्यान्वयनको खाँका प्रस्तुत गर्दछ । बजेटलाई आर्थिक स्थायित्व कायम गर्दै आर्थिक विकास र समृद्धि हासिल गर्ने प्रमुख औजारको रुपमा लिइन्छ। यसका साथै संविधानले व्यवस्था गरेका मौलिक हक, राज्यको निर्देशक सिद्धान्त, नीति तथा स्थानीय तहको अधिकारका विषयहरुको कार्यान्वयन गर्नका निमित्त बजेटको उपयोग गरिन्छ । स्थानीय सरकारको सन्दर्भमा बजेट राजनीतिक, कानूनी र प्राविधिक विषय पनि हो । संङ्घीय शासन व्यवस्था संचालन र उपरोक्त सन्दर्भमा बजेट तर्जुमाको अभ्यास अत्यन्त गहन र महत्वपूर्ण विषय हो । तसर्थ बजेट तर्जुमाको अभ्यासमा संलग्न गाँउपालिकाका निर्वाचित पदाधिकारी, बजेट तथा कार्यक्रम तर्जुमासँग सम्बन्धित समिति तथा विषयगत शाखा, कर्मचारी, संलग्न सरोकार पक्ष र व्यक्ति बजेट तर्जुमाको नीतिगत र कानूनी व्यवस्थाको बारेमा जानकार हुन जरुरी छ । मध्यमकालीन खर्च संरचनामा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका सान्दर्भिक नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिइएको छ।

१. नेपालको संविधानका सान्दर्भिक धाराहरू (भाग ३: मौलिक हक र कर्तव्य, भाग ४: राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड, भाग १७: धारा २१४ देखी २३०)

२. गाउँपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली

३. प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरु (परिच्छेद ४: प्राकृतिक श्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान)

४. स्थानीय सरकार संचालन ऐन, २०७४ को सान्दर्भिक दफाहरु (परिच्छेद ६: दफा २४ र २५ परिच्छेद ९: दफा ५४ देखी ६८ र परिच्छेद १० : दफा ६९ देखी ८० )

५. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २: राजस्वको अधिकार, परिच्छेद ३: राजस्वको बाँडफाँड, परिच्छेद ४: अनुदानको अवस्था, परिच्छेदः वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७ राजस्व र व्ययको अनुमान, परिच्छेद ८: वित्तीय अनुशासन)

६. आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरु ( बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा)

७. सावर्जनक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधीसम्बन्धी व्यवस्था, नियमको परिच्छेद २: खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान)

८. दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)

९. दीर्घकालीन सोच तथा सोह्रौ योजनाको सान्दर्भिक बुँदाहरु

१०. गाउँपालिकाको प्रथम आवधिक योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता र विषयगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र रणनीतिक कार्यक्रम तथा आयोजना ।

११. समपुरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७६

अगामी आ.व. २०८१/०८२ समेत ३ आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना, कार्यक्रम र विषयगत उप-क्षेत्रगत रुपमा बजेट सीमा निर्धारण गरिएको छ। बजेट सीमा आयोजना तथा कार्यक्रम एवम् उप-क्षेत्रको कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्था तथा सोको समेत समावेश गरिएको छ। जुन देहाय बमोजिम रहेको छ।

| क्र.स. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु.हजारमा) | | | | बजेटको स्रोत(रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत तथा राजश्व बाँडफाट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १ | आर्थिक विकास | २०८१/८२ | ४६८७६ | १५२७७ | ३१५९९ | ० | २३०० | ३२०५९ | १२५१७ | ० |
| | | २०८२/८३ | ४९०१५ | १६२१५ | ३२८०० | ० | २४५० | ३३८९० | १२६७५ | ० |
| | | २०८३/८४ | ५२४०० | ११७०० | ४०७०० | ० | २६०० | ३६९०० | १३४०० | ० |
| १ | कृषि तथा खाद्य सुरक्षा | २०८१/८२ | ९१०० | ७३०० | १८०० | | ६०० | ४५०० | ४००० | ० |
| | | २०८२/८३ | ९५०० | ७५०० | २००० | | ६५० | ४८५० | ४००० | |
| | | २०८३/८४ | १०१०० | २३०० | ७८०० | | ७०० | ४९०० | ४५०० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | सिंचाई | २०८१/८२ | २९११९ | २० | २९०९९ | | ५०० | २०८०७ | ७८१२ | |
| | | २०८२/८३ | ३०००० | ५० | २९९५० | | ५५० | २१५०० | ७९५० | |
| | | २०८३/८४ | ३१९९० | ९० | ३१९०० | | ६०० | २३२४० | ८१५० | |
| ३ | पशु सेवा | २०८१/८२ | २३०५ | २३०५ | ० | | ६०० | १००० | ७०५ | |
| | | २०८२/८३ | २४५० | २४५० | ० | | ६५० | १०७५ | ७२५ | |
| | | २०८३/८४ | २५९० | २५९० | ० | | ७०० | ११४० | ७५० | |
| ४ | उद्योग, व्यापार तथा व्यवसाय | २०८१/८२ | १५०० | १५०० | ० | | ५०० | १००० | ० | |
| | | २०८२/८३ | १७०० | १७०० | ० | | ५०० | १२०० | ० | |
| | | २०८३/८४ | १९१० | १९१० | ० | | ५०० | १९१० | ० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | भूमि व्यवस्था, सहकारी र वित्तिय सेवा | २०८१/८२ | ६५२ | ६५२ | ० | | | ६५२ | | |
| | | २०८२/८३ | ७०० | ७०० | ० | | | ७०० | | |
| | | २०८३/८४ | ७६० | ७६० | ० | | | ७६० | | |
| ६ | श्रम तथा रोजगारी | २०८१/८२ | ३००० | ३००० | ० | | | ३००० | | |
| | | २०८२/८३ | ३२१५ | ३२१५ | ० | | | ३२१५ | | |
| | | २०८३/८४ | ३३५० | ३३५० | ० | | | ३३५० | | |
| ७ | गरिबी निवारण | २०८१/८२ | ५०० | ५०० | ० | | ० | ५०० | ० | |
| | | २०८२/८३ | ६०० | ६०० | ० | | ० | ६०० | ० | |
| | | २०८३/८४ | ७०० | ७०० | ० | | ० | ७०० | ० | |
| ८ | पर्यटन | २०८१/८२ | ७०० | ० | ७०० | | १०० | ६०० | ० | |
| | | २०८२/८३ | ८५० | ० | ८५० | | १०० | ७५० | ० | |
| | | २०८३/८४ | १००० | ० | १००० | | १०० | ९०० | ० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | **सामाजिक विकास** | २०८१/८२ | २१४१५८ | २१४१५८ | ० | ० | ४५० | २१३७०८ | ० | ० |
| | | २०८२/८३ | २१८०३२ | २१८०३२ | ० | ० | ४०० | २१७६३२ | ० | ० |
| | | २०८३/८४ | २२१९१६ | २२१९१६ | ० | ० | ३०० | २२१६१६ | ० | |
| ९ | शिक्षा, विज्ञान तथा प्रविधि | २०८१/८२ | १६८७३० | १६८७३० | ० | | | १६८७३० | | |
| | | २०८२/८३ | १७०२६० | १७०२६० | ० | | | १७०२६० | | |
| | | २०८३/८४ | १७१८०० | १७१८०० | ० | | | १७१८०० | | |
| १० | स्वास्थ्य तथा पोषण | २०८१/८२ | ३९५८५ | ३९५८५ | ० | | | ३९५८५ | | |
| | | २०८२/८३ | ४१४४० | ४१४४० | ० | | | ४१४४० | | |
| | | २०८३/८४ | ४३२९५ | ४३२९५ | ० | | | ४३२९५ | | |
| ११ | खानेपानी तथा सरसफाइ | २०८१/८२ | २८८० | २८८० | ० | | | २८८० | | |
| | | २०८२/८३ | ३१२० | ३१२० | ० | | | ३१२० | ० | |
| | | २०८३/८४ | ३३६० | ३३६० | ० | | | ३३६० | ० | |
| १२ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | २०८१/८२ | ५५० | ५५० | ० | | २५० | ३०० | ० | |
| | | २०८२/८३ | ७०० | ७०० | ० | | २५० | ४५० | ० | |
| | | २०८३/८४ | ८५० | ८५० | ० | | १०० | ७५० | ० | |
| १३ | युवा, खेलकुद | २०८१/८२ | २४१३ | २४१३ | ० | | २०० | २२१३ | ० | |
| | | २०८२/८३ | २५१२ | २५१२ | ० | | १५० | २३६२ | ० | |
| | | २०८३/८४ | २६११ | २६११ | ० | | २०० | २४११ | ० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | **पूर्वाधार विकास** | २०८१/८२ | ७७४०६ | ६०० | ७६८०६ | ० | ० | ६३५९१ | १३८१५ | ० |
| | | २०८२/८३ | ८०१२५ | ७५० | ७९३७५ | ० | ० | ६५४९५ | १४६३० | ० |
| | | २०८३/८४ | ८२८४४ | ९०० | ८१९४४ | ० | ० | ६७४०९ | १५४३५ | ० |
| १४ | बस्ती विकास, आवास तथा भवन | २०८१/८२ | ४१४७५ | ५०० | ४०९७५ | | ० | ३३६५५ | ७८२० | |
| | | २०८२/८३ | ४२५२५ | ५५० | ४१९७५ | | ० | ३४२९५ | ८२३० | |
| | | २०८३/८४ | ४३५७५ | ६०० | ४२९७५ | | ० | ३४९४५ | ८६३० | |
| १५ | सडक तथा यातायात | २०८१/८२ | १११०० | ० | १११०० | | ० | १०१०५ | ९९५ | |
| | | २०८२/८३ | १२००० | ० | १२००० | | ० | १०९०० | ११०० | |
| | | २०८३/८४ | १२९०० | ० | १२९०० | | ० | ११६९५ | १२०५ | |
| १६ | जलस्रोत, विद्युत, बैकल्पिक उर्जा तथा पुननिर्माण | २०८१/८२ | २३७११ | १०० | २३६११ | | ० | १८७११ | ५००० | |
| | | २०८२/८३ | २४४०० | २०० | २४२०० | | ० | १९१०० | ५३०० | |
| | | २०८३/८४ | २५०८९ | ३०० | २४७८९ | | ० | १९४८९ | ५६०० | |
| १७ | सूचना,सञ्चार तथा प्रविधि | २०८१/८२ | ११२० | ० | ११२० | | ० | ११२० | | |
| | | २०८२/८३ | १२०० | ० | १२०० | | | १२०० | | |
| | | २०८३/८४ | १२८० | ० | १२८० | | ० | १२८० | | |
| ४ | **वनतथा वातावरण** | २०८१/८२ | ३००० | ० | ३००० | ० | २५० | १९०० | ८५० | ० |
| | | २०८२/८३ | ४५०० | ० | ४५०० | ० | ४०० | ३८०० | ३०० | ० |
| | | २०८३/८४ | ६००० | ० | ६००० | ० | ४०० | ५००० | ६०० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | वन, पार्क, हरियाली, भू-संरक्षण र नदी नियन्त्रण | २०८१/८२ | १००० | ० | १००० | | १५० | ५०० | ३५० | |
| | | २०८२/८३ | १५०० | ० | १५०० | | २०० | १३०० | | |
| | | २०८३/८४ | २००० | ० | २००० | | ५०० | १५०० | | |
| १९ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | २०८१/८२ | १००० | ० | १००० | | १०० | ४०० | ५०० | |
| | | २०८२/८३ | १५०० | ० | १५०० | | २०० | १००० | ३०० | |
| | | २०८३/८४ | २००० | ० | २००० | | ३०० | १५०० | २०० | |
| २० | विपद् जोखिम व्यवस्थापन | २०८१/८२ | १००० | ० | १००० | | | १००० | | |
| | | २०८२/८३ | १५०० | ० | १५०० | | | १५०० | | |
| | | २०८३/८४ | २००० | ० | २००० | | | २००० | | |
| **५** | **संस्थागत विकास** | २०८१/८२ | १४१७३२ | १३५११७ | ६६१५ | ० | ४०० | १३९५३२ | १८०० | ० |
| | | २०८२/८३ | १४७२७० | १४०११० | ७१६० | ० | २०० | १४४९२० | २१५० | ० |
| | | २०८३/८४ | १५२७८५ | १४५१३० | ७६५५ | ० | २०० | १५००३५ | २५५० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २१ | नीति, कानुन, न्याय तथा सुशासन | २०८१/८२ | २७१५ | ० | २७१५ | | २०० | १५१५ | १००० | |
| | | २०८२/८३ | २८१० | ० | २८१० | | ५० | १७६० | १००० | |
| | | २०८३/८४ | २९०५ | ० | २९०५ | | ५० | १८०५ | १०५० | |
| २२ | संगठन, मानव संशाधन र क्षमता | २०८१/८२ | १४०० | ० | १४०० | | ५० | १००० | ३५० | |
| | | २०८२/८३ | १६०० | ० | १६०० | | १०० | ९५० | ५५० | |
| | | २०८३/८४ | १८०० | ० | १८०० | | १०० | ९५० | ७५० | |
| २३ | राजस्व तथा राजस्व परिचालन | २०८१/८२ | १३५११७ | १३५११७ | ० | | | १३५११७ | | |
| | | २०८२/८३ | १४०११० | १४०११० | | | | १४०११० | | |
| | | २०८३/८४ | १४५१३० | १४५१३० | | | | १४५१३० | | |
| २४ | तथ्याङ्क, योजना तथा विकास परिचालन | २०८१/८२ | २५०० | ० | २५०० | | १५० | १९०० | ४५० | |
| | | २०८२/८३ | २७५० | ० | २७५० | | ५० | २१०० | ६०० | |
| | | २०८३/८४ | २९५० | ० | २९५० | | ५० | २१५० | ७५० | |
| | **जम्मा** | **२०८१/८२** | **४८३१७२** | **३६५१५२** | **११८०२०** | **०** | **३४००** | **४५०७९०** | **२८९८२** | **०** |
| | | **२०८२/८३** | **४९८९४२** | **३७५१०७** | **१२३८३५** | **०** | **३४५०** | **४६५७३७** | **२९७५५** | **०** |
| | | **२०८३/८४** | **५१५९४५** | **३७९६४६** | **१३६२९९** | **०** | **३५००** | **४८०९६०** | **३१९८५** | **०** |